# शितगंगा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ९, संख्याः ५, मितिः २०८२/०९/०९


## भाग-२

## शितगंगा नगरपालिका

शितगंगा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कानून सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# शितगंगा नगरपालिकाको नागरिक वजेट निर्देशिका, २०८१

कार्यकारी साराशं

१. **परिचय :** नेपालमा सबै तहका सरकारहरूबाट पारदर्शिता, सहभागिता र जबाफदेहिताको सिद्धान्तलाई अपनाउन विभिन्न प्रयासहरू भएका छन्। नेपालले खुल्ला सरकार साझेदारीका सिद्धान्तहरूलाई प्रवर्धन गर्ने भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घ महासन्धि, सहस्राब्दी विकास लक्ष्यहरू, दिगो विकास लक्ष्यहरू, २०३० कार्यान्वयनमा ल्याएको छ। संविधानको विकास नीतिले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूत गर्ने व्यवस्था गरेको छ। यस अतिरिक्त प्रचलित कानूनहरूले सरकारको निर्णय प्रक्रिया पारदर्शी हुनु पर्ने, सरकारका निर्णय र प्रतिवेदनहरू सार्वजनिक गर्नु पर्ने, सूचनामा नागरिकको पहुँच र बजेट तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमनका क्रियाकलापहरूमा नागरिक सहभागिता गराउनु पर्ने व्यवस्था गरेको छ। पारदर्शिता, जबाफदेहिता र सहभागिता सम्बन्धमा प्रचलित कानूनले गरेको व्यवस्थाहरूलाई स्थानीय सरकारहरूको कार्य पद्धतिमा रूपान्तरण गर्ने औजारको रूपमा यो निर्देशिका तयार गरिएको छ।

२. **निर्देशिकाको उद्देश्य :** खुल्ला सरकारी साझेदारी (OGP) सिद्धान्त बमोजिम स्थानीय सरकारको बजेट प्रक्रियामा पारदर्शिता, जबाफदेहिता र जनसहभागिताका विधिहरू स्थापित गर्न र स्थानीय सरकारको बजेटका सूचना तथा तथ्याङ्कहरूमा नागरिकहरूको पहुँच एवम् जानकारी बढाउन नागरिक बजेट तयार गर्न मार्गदर्शन गर्नु निर्देशिकाको उद्देश्य रहेको छ।

३. **निर्देशिका तर्जुमाका आधारहरू :** यो निर्देशिका तयार गर्दा खुल्ला सरकार साझेदारीका (OGP) सिद्धान्तहरूलाई आधारभूत मार्ग निर्देशक सिद्धान्त र पारदर्शिता, सहभागिता र जबाफदेहिता सम्बन्धी

प्रचलित कानुनका व्यवस्थाहरू, बजेट पारदर्शिताको क्षेत्रमा कार्य गर्ने GIFT, OECD र IBP जस्ता संस्थाहरूले जारी गरेको निर्देशिका र अभ्यासहरूलाई आधारको रूपमा लिइएको छ।

४. **निर्देशिकाको कार्यक्षेत्र :** मधेस प्रदेश र लुम्बिनी प्रदेशका स्थानीय तहहरूले बजेट पारदर्शिता, नागरिक सहभागिता, निगरानी व्यवस्था स्थापित गर्न र नागरिक बजेट तयार गर्न यो निर्देशिका प्रयोग हुनेछ।

५. **निर्देशिकाको विषयहरू :** यो निर्देशिकामा ५ परिच्छेद र ९ अनुसूचीहरू रहेका रहेका छन्। निर्देशिकाको बिषयहरू संक्षिप्तमा देहाय बमोजिम उल्लेख गरिएको छ।

## ५.१ बजेट पारदर्शिता, नागरिक सहभागिता, जबाफदेहिता

- खुल्ला सरकार साझेदारी, सरकारको क्रियाकलाप र निर्णय प्रक्रियामा सरकार, नागरिकहरू, नागरिक समाजका प्रतिनिधिहरू, समाजमा कार्यरत अभियन्ताहरू र निजी क्षेत्र बिचको सहकार्य हो। पारदर्शिता, नागरिक सहभागिता, जबाफदेहिता यसका मूलभूत तत्त्वहरू हुन।
- वार्षिक बजेटको वित्तीय तथा गैह्र वित्तीय जानकारी समयमै, व्यवस्थित र पूर्ण रूपमा सार्वजनिक गर्नुलाई बजेट पारदर्शिता भनिन्छ। स्थानीय सरकारले नीति तथा कार्यक्रम, कार्यपालिकाबाट स्वीकृत बजेट, स्थानीय सभाबाट पारित बजेट, नागरिक बजेट पुस्तिका, आवधिक प्रतिवेदनहरू, अर्ध वार्षिक समीक्षा प्रतिवेदन, वार्षिक प्रतिवेदन, अन्तिम लेखापरीक्षण प्रतिवेदन तोकिएको समयमै सार्वजनिक गर्नु पर्दछ।
- बजेटमा नागरिक सहभागिता भन्नाले बजेट तथा कार्यक्रम सम्बन्धी नीति निर्माण, कार्यान्वयन र अनुगमनमा सरकार र सबै वर्ग, समुदायका, निजी क्षेत्र बिचको सहकार्यलाई बुझाउँछ। नागरिक सहभागिता व्यवस्थित गर्न GIFT ले सूचनामा पहुँच, खुल्लापन, समावेशिता, स्वअभिव्यक्तिको सम्मान, समयबद्धता, गहन जानकारी, समानुपातिकता, दिगोपना, पूरकता, पारस्परिकताका सिद्धान्तहरू व्यवहारमा ल्याएको छ।
- स्थानीय तहले पूर्व बजेट छलफल, टोल बस्ती स्तरमा योजना छनौट, बजेट प्रस्ताव स्वीकृत गर्नु अघि, सार्वजनिक चासोको विषय कार्यान्वयन गर्नुअघि, योजना कार्यक्रम कार्यान्वयन र सेवा प्रवाहको लेखाजोखा गर्न सबै वर्ग, समुदाय र सरोकारवालाहरूलाई भेला गराई आवश्यक परामर्श, छलफल गर्ने व्यवस्था छ।
- स्थापित विधि, प्रक्रिया, कानूनको पालना गरे नगरेको सम्बन्धमा विधायिका र स्वतन्त्र लेखापरीकबाट गरिने अनुगमन, मूल्याङ्कन, परीक्षण बजेट निगरानी हो।
- स्थानीय तहको बजेट निगरानी स्थानीय सभा, महालेखापरीक्षक र नागरिकहरूबाट समेत हुने व्यवस्था छ। स्थानीय सभा (विधायिका) द्वारा बजेट स्वीकृति पूर्वः बजेट तर्जुमा र बजेट अनुमानहरूको र बजेट स्वीकृति पश्चात्ः बजेट कार्यान्वयनको निगरानी गर्दछ। महालेखापरीक्षकले स्थानीय सरकारको बजेटको वित्तीय प्रतिवेदनहरूको विश्वसनीयता, सार्वजनिक स्रोत प्राप्तिमा मितव्ययिता, उपयोगमा दक्षता र नतिजामा प्रभावकारिताको परीक्षण गर्ने, लेखापरीक्षण प्रतिवेदन स्थानीय सभा वा सभाले तोकेको समितिमा छलफल गर्ने, स्थानीय

तहले योजना,कार्यक्रम कार्यान्वयन र सेवा प्रवाहलाई लेखाजोखा गर्न सरोकारवाला समेतलाई भेला गराई तोकिएको समय भित्रै सार्वजनिक सुनवाइ, सामाजिक परीक्षण गर्ने।

५.२ **नागरिक बजेट** :

- वार्षिक बजेटमा उल्लेखित सूचना तथा तथ्याङ्कहरूको भाषा र अर्थ संक्षिप्त रूपमा आम नागरिकले बुझ्ने गरी सरलीकृत गरी प्रकाशित गरिएको पुस्तिका नागरिक बजेट हो।
- नागरिक बजेटले स्वीकृत बजेटको तथ्याङ्क, सूचना, प्राविधिक विषयहरुलाई आम नागरिकले बुझ्न सहयोग गर्ने मात्र नभई सरकारका क्रियाकलाप, योजना, कार्यक्रमहरूलाई पारदर्शी बनाउन, बजेट प्रति नागरिकको स्वामित्व तथा अपनत्व बढाउन, सरकार जनताप्रति उत्तरदायी छ भन्ने अनुभूति दिलाउन र सरकारको विश्वसनीयता बढाउन समेत मद्दत पुर्‍याउँछ।
- सामान्यतया योजना तयारी, परामर्श एवम् सुझाव सङ्कलन गर्ने, नागरिक बजेट विकास गर्ने, नागरिक बजेट सार्वजनिक गर्ने र मूल्याङ्कन एवम् पृष्ठपोषण समेत नागरिक बजेट विकास प्रक्रियाका ५ चरणहरू रहेका छन्।

५.३ **नागरिक बजेटको ढाँचा** :

नागरिक बजेट पुस्तिकामा न्यूनतम रूपमा पनि स्थानीय सरकारको बजेटको नागरिक सरोकारका विषयहरूलाई समावेश हुन्छ। खुल्ला सरकार साझेदारी (OGP) का सिद्धान्त प्रति प्रतिबद्धता जनाएका मुलुकहरूमा प्रचलित अभ्यास बमोजिम नागरिक बजेट पुस्तिकामा न्यूनतम रूपमा निम्न विषयहरू समावेश गर्ने प्रचलन रहेको छ।

| | |
|---|---|
| **१. परिचय**<br>१.१ नागरिक बजेटको उद्देश्य<br>१.२ बजेटको उद्देश्यहरू<br>१.३ बजेटको अल्पकालीन तथा दीर्घकालीन लक्ष्यहरू<br>१.४ बजेटको प्राथमिकताहरू | **२. अन्तर्निहित आर्थिक अनुमानहरू**<br>२.१ अर्थतन्त्रका सूचकहरू<br>२.२ दिगो विकासको लक्ष्य तथा उपलब्धिहरू,<br>२.३ वार्षिक आय व्ययको सारांश, |
| **३. बजेटको चरणहरू,** | **४. आयका स्रोतहरू** |
| **५. विनियोजन र खर्चका क्षेत्रहरू,** | **६. महत्त्वपूर्ण कार्यक्रमहरू,** |
| **७. लक्षित वर्ग र समुदाय विशेष कार्यक्रमहरु,** | **८. सेवा प्रवाह र उपलब्धीहरू** |
| **९. बजेट शब्दावली** | **१०. नागरिकहरूको सम्पर्क जानकारी।** |

**५.४ नागरिक बजेट निर्देशिका कार्यान्वयनको अनुगमन :**

- स्थानीय तहको प्रमुख वा अध्यक्षले यो निर्देशिका कार्यान्वयनको अनुगमन सुपरिवेक्षण गर्न कार्य जिम्मेवारी र काय विधि सहितको संयन्त्रको व्यवस्था गर्ने।
- बजेट पारदर्शिता, नागरिक सहभागिता, बजेट निगरानी सम्बन्धमा अनुसूचीहरूमा (१,२ र ३ मा) उल्लेख भए बमोजिम कार्यान्वयन भए वा नभएको अनुगमन, मूल्याङ्कन योजना सूचकहरू तयार गरी कार्यान्वयन गर्ने।
- अनुगमनको वार्षिक प्रतिवेदन तयार गरी स्थानीय तहका प्रमुख वा अध्यक्ष र स्थानीय सभामा पेस गर्ने। अनुगमन प्रतिवेदनले दिएको सुझाव कार्यान्वयन लागि स्थानीय तहका प्रमुख वा अध्यक्ष वा स्थानीय सभाले जिम्मेवार पदाधिकारीलाई निर्देशन दिने।
- नागरिक बजेटको प्रकाशन, यसको प्रसारण, नागरिक सम्म यसको पहुँच तथा यसले पारेको प्रभावका सम्बन्धमा अनुगमन मूल्याङ्कन गर्ने।

**अनुसूचीहरू :** निर्देशिकाको अभिन्न अङ्गको रूपमा ९ वटा अनुसूचीहरू रहेका छन्। अनुसूची -१ मा बजेट पारदर्शिता, अनुसूची -२ मा बजेटमा नागरिक सहभागिता र अनुसूची -३ मा बजेट निगरानीका लागि स्थानीय तहहरूले के गर्ने, कसरी गर्ने, कसले गर्ने र कुन समय भित्र गर्ने उल्लेख गरिएको छ। अनुसूची -४ मा बजेटका प्रत्येक चरणमा स्थानीय तहले सम्पन्न गर्नु पर्ने क्रियाकलापहरू, अनुसूची -५ मा नागरिक बजेटको ढाँचा, अनुसूची -६ मा नागरिक बजेट तयार गर्दा लिइने सन्दर्भहरू र नागरिक बजेट कसरी तयार गर्ने भन्ने सम्बन्धमा मार्गदर्शन सचित्र प्रस्तुत गरिएको छ। अनुसूची -७ मा बजेटमा उल्लेख हुने कठिन शब्दहरूको व्याख्या , अनुसूची -८ मा नागरिक बजेटका सम्बन्धमा प्रायः उठ्ने जिज्ञासाहरू र अन्तमा अनुसूची -९ मा नागरिक बजेटसँग सम्बन्धित सूचनाहरूको वेब लिङ्कहरू उल्लेख गरिएको छ।

# परिच्छेद–१
# परिचय

१.१ **पृष्ठभूमि :** सरकारले लोक कल्याण र समृद्धिको ध्येय राखी सार्वजनिक नीति, बजेट तथा कार्यक्रमहरू तयार गर्दछ। सरकारद्वारा तयार गरिने नीति, बजेट तथा कार्यक्रमहरूमा जनताका आवश्यकता सम्बोधन गर्ने र जनताको सुख समृद्धिको लक्ष्य पुरा गर्ने विषयहरू समावेश गरिन्छ। यसका लागि सरकार र मातहतका निकायहरूको काम कारबाहीमा पारदर्शिता, जबाफदेहिता र सहभागिताका उपायहरू समेत अवलम्बन गरिन्छ। सरकारको कार्यप्रणालीमा पारदर्शिता तथा नागरिक सहभागिता र सूचनामा नागरिकको पहुँच सुनिश्चित गर्न सरकार, नीजि क्षेत्र र नागरिकहरू बिचको सहकार्य खुल्ला सरकार साझेदारी (OGP) हो।

खुल्ला सरकार साझेदारीको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा नवीनतम प्रयासहरू हुँदै आएका छन्। संयुक्त राष्ट्रसङ्घ महासभाको बैठकको अवसरमा ब्राजिल, इन्डोनेसिया, मेक्सिको, नर्वे, फिलिपिन्स, दक्षिण अफ्रिका, संयुक्त अधिराज्य र संयुक्त राज्य अमेरिका लगायत आठ राष्ट्रका राष्ट्रप्रमुखहरूले सेप्टेम्बर २०, २०११ मा चार बुँदे घोषणापत्र जारी गरेका थिए। खुल्ला सरकार साझेदारीको सिद्धान्तमा आधारित उक्त घोषणा निम्न बमोजिम छन्।

- नागरिकहरूबाट खुल्ला सरकार, सार्वजनिक विषयमा बढी भन्दा बढी सहभागिताको अपेक्षा र आफ्ना सरकारहरूलाई थप पारदर्शी, उत्तरदायी, जबाफदेही र प्रभावकारी बनाउने उपायहरूको चाहना राखेको विषय स्वीकार गरिन्छ।
- सरकारको खुल्लापनलाई प्रवर्द्धन गर्ने प्रयासमा विभिन्न चरणमा रहेका राष्ट्रहरूबाट राष्ट्रिय प्राथमिकता, परिस्थिति र नागरिकहरूको आकांक्षासँग मेलखाने पद्धति अपनाइने छ।
- पारदर्शिता प्रवर्द्धन गर्ने, भ्रष्टाचार विरुद्ध लड्ने, नागरिकहरूलाई सशक्तीकरण गर्ने जिम्मेवारी स्वीकार गर्दै सरकारलाई थप प्रभावकारी र जबाफदेही बनाउन नयाँ प्रविधिहरूको प्रयोग गर्ने अवसरलाई सदुपयोग गरिने छ।
- सेवाको गुणस्तरहरू सुधार गर्न, सार्वजनिक स्रोतहरू व्यवस्थापन गर्न, नवीनतालाई प्राथमिकता दिन र सुरक्षित समाज सृजना गर्न नागरिकहरू र सरकार बिचको सहकार्यमा खुल्लापनका सिद्धान्तहरू आत्मसाथ गर्ने। बढ्दो अन्तर सम्बन्धित विश्व र देश भित्रका नागरिकहरूको समृद्धि, कल्याण र सम्मान गर्न पारदर्शिता र खुल्ला सरकार साझेदारीका सिद्धान्तहरू अपनाउने।

नेपालमा सबै तहका सरकारहरूबाट पारदर्शिता, सहभागिता र जबाफदेहिताको सिद्धान्तलाई अपनाउन विभिन्न प्रयासहरू भएका छन्। नेपालले खुल्ला सरकार साझेदारीका सिद्धान्तहरूलाई प्रवर्धन गर्ने भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्र महासन्धि, सहस्राब्दी विकास लक्ष्यहरू, दिगो विकास लक्ष्यहरू,२०३० प्रति प्रतिबद्धता जनाई कार्यान्वयनमा ल्याएको छ।

नेपालको संविधानको विकास नीतिले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूत गर्ने नीति लिएको छ। नेपालको संविधानले पारदर्शिता, जबाफदेहिता र नागरिक सहभागिताका सिद्धान्तहरूमा जोड दिए बमोजिम तिनै तहका सरकारहरूको कार्य पद्धती तथा निर्णय प्रक्रियामा आन्तरिकीकरण गर्न प्रचलित विभिन्न कानूनहरूमा समेत पारदर्शिता, उत्तरदायित्व र नागरिक सहभागिताको व्यवस्था गरेको छ। सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर-सरकारी स्थानीय वित्त व्यवस्थापन ऐन, २०७४, सूचनाको हक सम्बन्धी ऐन, २०६४ जस्ता कानूनहरूले सरकारको निर्णय प्रक्रिया पारदर्शी हुनु पर्ने, सरकारद्वारा गरिएका निर्णयहरू र तयार गरिएका प्रतिवेदनहरू सार्वजनिक गर्नु पर्ने, सूचनामा नागरिकको पहुँच र बजेट तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमनका क्रियाकलापहरूमा नागरिक सहभागिताको व्यवस्था गरेको छ।

अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्था इन्टरनेसनल बजेट पार्टनरसिप (IBP) ले बजेट पारदर्शिता, नागरिक सहभागिता, निगरानीका सूचकहरू प्रयोग गरी सन् २०२३ मा नेपाल लगायत १२५ मुलुकका केन्द्रीय सरकारको खुल्ला बजेट सर्वेक्षण गरी जारी गरेको प्रतिवेदनले नेपालको बजेट पारदर्शिता ५८ औं स्थानमा रहेको देखाएको छ। उक्त संस्थाले स्थानीय गैह्र सरकारी संस्था फ्रिडम फोरमसंगको सहकार्यमा नेपालको संघीय सरकारको बजेट पारदर्शिता सम्बन्धमा गरेको मूल्याङ्कनबाट बजेट पारदर्शिता-५०, नागरिक सहभागितामा-३१, बजेट निगरानीमा-४६ अङ्क प्राप्त गरेको छ। सर्वेक्षणले दक्षिण एसियामा नेपालको तुलनात्मक स्थिति देहाय बमोजिम देखाएको छ।

**विश्वको औसत अङ्क : ४५**

- भारत : ५१
- बंगलादेश : ३७
- नेपाल : ५०
- श्रीलंका : ३७
- पाकिस्तान : ३०

प्रचलित कानूनमा पारदर्शिता, जबाफदेहिता र सहभागिता सम्बन्धमा गरिएको उपर्युक्त व्यवस्थाहरूलाई प्रभावकारी रूपमा स्थानीय सरकारहरूको कार्य पद्धतिमा रूपान्तरण गर्ने एक औजारको रूपमा यो निर्देशिका तयार गरिएको छ।

१.२ **नीतिगत व्यवस्था :** संविधान तथा आवधिक योजनाहरूमा पारदर्शिता, नागरिक सहभागिता सम्बन्धमा देहाय बमोजिम नीतिगत व्यवस्था उल्लेख छ।

- नेपालको संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको

समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूत गर्ने राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीति लिएको छ।

- नेपालको संविधानले विकास कार्यमा नागरिकको सहभागितालाई जोड दिने विकास नीति लिएको छ।
- आम नागरिकले आफ्नो जीवनमा अनुभूत गर्न सक्ने विकास र सुशासन हासिल गर्नु सोह्रौं योजनाको मूल उद्देश्य रहेकोछ। साथै राजनीतिक, प्रशासनिक, न्यायिक, नीजि तथा गैह्रसरकारी सरकारी क्षेत्रमा सुशासन कायम गर्ने उदेश्य रहेको छ।
- दीर्घकालीन सोच २१०० ले तय गरेको समृद्धि र सुखका मूलभूत तत्वहरूलाई आत्मसाथ गर्दै सोह्रौं योजनाले सुशासन, सामाजिक न्याय र समृद्धिको सोच राखेको छ।
- संघ, प्रदेश र स्थानीय तीनै तह तथा सरकारी, नीजि, सहकारी र गैह्रसरकारी क्षेत्र र एवम् विकास साझेदार बीचको अन्तर सम्बन्ध र कार्यात्मक क्षमतालाई मजबुत तुल्याउँदै दिगो विकास योजना कार्यान्वयन गर्ने सोह्रौं योजनाको समष्टिगत रणनीति रहेको छ।

१.३ **कानूनी व्यवस्था :** प्रचलित कानूनहरूमा पारदर्शिता, नागरिक सहभागिता सम्बन्धमा देहाय बमोजिम व्यवस्था छ।

- नेपालको संविधानको धारा २७ बमोजिम प्रत्येक नागरिकलाई व्यक्तिगत वा सार्वजनिक सरोकारको कुनै पनि विषयमा सूचना माग्ने र प्राप्त गर्ने अधिकार छ।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १६ अनुसार प्रचलित कानून बमोजिम निर्णय गर्न पाउने अधिकारीले कुनै विषयमा निर्णय गर्दा पारदर्शी ढङ्गले गर्नु पर्ने।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २० बमोजिम सार्वजनिक चासोको विषय कार्यान्वयन गर्नुअघि सरोकारवाला तथा नागरिक समाजसँग आवश्यक परामर्श गर्न सकिने र परामर्शबाट प्राप्त सुझावलाई उचित ध्यान दिनु पर्ने।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ३० बमोजिम कार्यालयको कामकारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण र सरोकारवालाको कानून सम्मत सरोकारलाई सम्बोधन गर्न तोकिए बमोजिम सार्वजनिक सुनवाइ गर्नु गराउनु पर्ने।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५६ बमोजिम प्रचलित नेपाल कानून बमोजिम कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको मितिले सात दिन भित्र विद्युतीय वा अन्य कुनै माध्यमबाट सार्वजनिक गर्नु पर्ने।
- अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३०(३) बमोजिम गत आर्थिक वर्ष (आ.व.) भन्दा अघिल्लो आ.व.को आय-व्यय र बजेट कार्यान्वयनको बारेमा गत

आ.व.को पहिलो चौमासिक अवधिभित्र वार्षिक समीक्षा गरी समीक्षा प्रतिवेदनलाई कार्तिक मसान्तभित्र वेबसाइटबाट सार्वजनिक गर्ने।

- स्थानीय सरकार सञ्चालन ऐन दफा ७६ (४) बमोजिम आय र व्ययको विवरण प्रत्येक महीनाको सात गतेभित्र सार्वजनिक गर्ने।
- अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३० बमोजिम अन्तिम लेखापरीक्षण प्रतिवेदन प्राप्त भएको मितिले १५ दिनभित्र आफ्नो वेबसाइटबाट सार्वजनिक गर्ने र महालेखापरीक्षकले जारी गरेको प्रतिवेदन सभामा पेस गरी छलफल गर्ने।
- स्थानीय सरकार सञ्चालन ऐन दफा ७८ (५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जबाफदेही बनाउन योजना, कार्यक्रम, आयोजनाको कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा पारेको समग्र योगदानबाट आफ्नो सामाजिक जिम्मेवारी पूरा भए नभएको सन्दर्भमा लेखाजोखा गर्न सरोकारवाला समेतको भेला गराई सामाजिक परीक्षण गर्ने।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(५) बमोजिम गाउँपालिका र नगरपालिकाले स्थानीय बुद्धिजीवी, विषय विज्ञ, पेशाकर्मी, सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक र अन्य सरोकारवालाहरूलाई सकेसम्म बजेट र कार्यक्रम तर्जुमा प्रक्रियामा संलग्न गराउनु पर्ने।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६४ को नियम १० बमोजिम कुनै निर्णय सार्वजनिक हितको सरोकारसंग सम्बन्धित रहेछ भने त्यस्तो निर्णय जानकारीको लागि सम्बन्धित निकायको सूचनापाटीमा टाँसी, वेभसाइट वा अन्य उपयुक्त माध्यमबाट समेत प्रचार प्रसार गर्ने।


१.४ **निर्देशिकाको उद्देश्य :** सरकारको बजेटमा तथ्याङ्कयुक्त प्रस्तुती एवम् प्राविधिक शब्दावलीको प्रयोग धेरै हुने भएकोले बजेटमा नागरिकहरुको बुझाई तथ्य भन्दा फरक हुन सक्छ। यसले गर्दा सरकारका क्रियाकलापहरूमा आवश्यक नागरिक सहभागिता नहुने भएकोले स्थानीय समुदायको वास्तविक आवश्यकता र सरकारको बजेट सम्बन्धी निर्णय बिच तादात्म्य स्थापित नहुने जोखिम रहन्छ। त्यसैले खुल्ला सरकार साझेदारी (OGP) सिद्धान्तहरूको प्रयोग गरी सरकारको बजेट सम्बन्धी कार्यपद्धतिमा पारदर्शिता र जनसहभागिताका विधि प्रक्रिया स्थापित गर्न र बजेटका तथ्याङ्कहरूमा नागरिकहरूको बुझाइ बढाउन मार्गदर्शन गर्नु यस निर्देशिकाको उद्देश्य रहेको छ। यसका लागि निर्देशिका देहायका विषयहरूमा केन्द्रित रहेको छ।

- स्थानीय सरकारहरूको बजेट तर्जुमा, कार्यान्वयन, अनुगमनका क्रियाकलापहरूमा नागरिक सहभागिता तथा पारदर्शिता बढाउन प्रचलित कानून र खुल्ला सरकारी साझेदारी (OGP) अवधारणा बमोजिम सरल र व्यवहारिक मार्गदर्शन प्रदान गर्ने।

- स्थानीय सरकारको बजेटमा उल्लेखित तथ्याङ्क एवम् प्राविधिक विषयहरूलाई आम सर्वसाधारणले बुझ्ने गरी सरलीकृत गर्न नागरिक बजेटको ढाँचा र नागरिक बजेट तयार गर्ने सम्बन्धमा मार्गदर्शन प्रदान गर्ने।

१.५ **निर्देशिका तर्जुमाका आधारहरु :** नागरिक बजेट निर्देशिका तर्जुमा गर्दा खुल्ला सरकार साझेदारीका (OGP) सिद्धान्तहरूलाई आधारभूत मार्ग निर्देशक सिद्धान्तको रूपमा लिइएको छ। खुल्ला सरकार साझेदारीका सिद्धान्तका मूलभूत तत्त्वहरू बजेटको पारदर्शिता, नागरिक सहभागिता, जबाफदेहीताका सम्बन्धमा प्रचलित कानूनहरूमा गरिएका व्यवस्था बमोजिम स्थानीय तहहरूले पालना गर्नुपर्ने क्रियाकलापहरू र प्रचलित असल अभ्यास बिशेषगरी ग्लोबल इनिसिएटिभ फर फिस्कलट्रान्सपरेन्सी (GIFT), अन्तर्राष्ट्रिय मुद्रा कोषको (IMF) वित्तीय पारदर्शिता कोड (सिद्धान्त), ओ.ई.सी.डी (OECD) ले जारी गरेको बजेट सम्बन्धी सुशासनको सिद्धान्त र ईन्टरनेसनल बजेट पार्टनरसिपले (IBP) जारी गरेको निर्देशिका र अभ्यासहरूलाई आधारको रूपमा लिई यो निर्देशिका तयार गरिएको छ।

निर्देशिका विकासका मार्ग निर्देशकहरू




आधारभूत मार्ग निर्देशक सिद्धान्त

१.६ **निर्देशिकाको कार्यक्षेत्रः** यो निर्देशिका मुख्यतया मधेस प्रदेश र लुम्बिनी प्रदेशका स्थानीय तहहरूको प्रयोगको लागि तयार गरिएको हो। उपरोक्त प्रदेशका स्थानीय तहहरूले बजेट तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन प्रक्रियामा पारदर्शिता, सहभागिता, निगरानी व्यवस्था स्थापित गर्न र नागरिक बजेट प्रकाशन एवम् सार्वजनिक गर्न यो निर्देशिकाको प्रयोग गर्ने छन्। स्थानीय तहको बजेट तर्जुमा एवम् कार्यान्वयन प्रक्रियामा सहभागिताका लागि स्थानीय तहका नागरिकहरू, नागरिक संस्थाका प्रतिनिधिहरू, सघं संस्थाहरू र अन्य सम्बन्धित निकायहरूले समेत निर्देशिकाको प्रयोग गर्न सक्नेछन्।

१.७ **निर्देशिकाको संरचनाः** यो निर्देशिकालाई ५ परिच्छेद र ९ अनुसूचीहरूमा तयार गरिएको छ। परिच्छेद -१ मा परिचय रहेको छ। यस परिच्छेदमा निर्देशिका तयार गर्नुको पृष्ठभूमि, निर्देशिकाको आवश्यकता, उद्देश्य, कार्यक्षेत्र र तयार गर्दा लिइएको आधारहरू आदि उल्लेख गरिएको छ। परिच्छेद -२ मा खुल्ला सरकार साझेदारीका सिद्धान्तहरु, स्थानीय तहहरूले बजेट पारदर्शिता, नागरिक सहभागिता र जबाफदेहीताका सम्बन्धमा पालना गर्नु पर्ने क्रियाकलापहरू बारे विस्तृतमा चर्चा गरिएको छ। त्यसै गरी परिच्छेद -३ मा नागरिक बजेट के हो र किन तयार गर्ने, नागरिक बजेट तयारीको लागि सुझाव सङ्कलन गर्न को सँग, के विषयमा, कसरी र कुन समयमा परामर्श गर्ने, नागरिक बजेटको सार्वजनिक वितरण कसरी गर्ने र नागरिक बजेट सम्बन्धमा पृष्ठपोषण एवम् मूल्याङ्कन गर्ने विधि प्रक्रियाहरूको बारेमा चर्चा गरिएको छ। परिच्छेद -४ मा नागरिक बजेटको ढाँचा, नागरिक बजेटको विषयवस्तुहरू स्थानीय तहको आर्थिक स्रोतहरू र खर्च संरचना, नागरिकका सेवा, सुविधा र विकासका लक्ष्यहरू प्राप्त गर्न स्रोत व्यवस्था कसरी हुन्छ, प्राप्त स्रोत कहाँ खर्च गरिन्छ, स्थानीय सरकारको सन्दर्भमा बजेटको परिभाषा, उद्देश्य, बजेट तथा कार्यक्रमका चरणहरू एवम् नागरिक बजेट विकास गर्ने विधि र प्रस्तुतिका बारेमा उल्लेख गरिएको छ। परिच्छेद -५ मा नागरिक बजेट निर्देशिका कार्यान्वयन अनुगमन सम्बन्धमा स्थानीय सरकारको जिम्मेवारी र नागरिक बजेटको कार्यान्वयनको अपेक्षित सकारात्मक प्रभावहरू बारे उल्लेख गरिएको छ।


निर्देशिकाको अभिन्न अङ्गको रूपमा ९ अनुसूचीहरू रहेका छन्। अनुसूची -१ मा बजेट पारदर्शिताका लागि, अनुसूची -२ मा बजेटमा नागरिक सहभागिताका लागि र अनुसूची -३ मा बजेट निगरानीका लागि स्थानीय तहहरूले के गर्ने, कसरी गर्ने, कसले गर्ने र कुन समय भित्र गर्ने क्रियाकलापहरू उल्लेख गरिएको छ। अनुसूची -४ मा बजेटका प्रत्येक चरणका क्रियाकलापहरू, अनुसूची -५ मा नागरिक बजेटको ढाँचा, अनुसूची -६ मा नागरिक बजेट तयार गर्दा लिइने सन्दर्भहरू र नागरिक बजेट कसरी तयार गर्ने भन्ने सम्बन्धमा मार्गदर्शन सचित्र प्रस्तुत गरिएको छ। अनुसूची -७ मा बजेटमा उल्लेख हुने शब्दहरूको व्याख्या गरिएको छ भने, अनुसूची -८ मा नागरिक बजेटका सम्बन्धमा प्रायः उठ्ने जिज्ञासाहरू बारे चर्चा गरिएको छ। अन्तमा रहेको अनुसूची -९ मा नागरिक बजेटसँग सम्बन्धित सूचनाहरूको लागि वेब लिङ्कहरू उल्लेख गरिएको छ।

## परिच्छेद-२
## बजेट पारदर्शिता, सहभागिता र जबाफदेहिता

२.१ **अवधारणा :** सरकारी बजेट तथा कार्यक्रम सरकार द्वारा जनताको आवश्यकता, माग र समृद्धिको चाहना पुरा गर्न एक माध्यमको रूपमा रहेको हुन्छ। सरकारको सार्वजनिक नीति, बजेट तथा कार्यक्रमहरूमा जनताको आवश्यकता, सरकारको मध्यमकालिन र दीर्घकालीन लक्ष्य प्रतिबिम्बित हुन्छ। जनताको माग र आवश्यकता सम्बोधन गर्न सरकाले नागरिकको सहभागितालाई प्रोत्साहित गर्ने वातावरण तयार गर्नु पर्दछ। सरकारको बजेट तथा

कार्यक्रमहरूको सूचनामा जनताको पहुँचले नागरिकहरूलाई प्रभावकारी सहभागिताको लागि सक्षम बनाउँछ। सरकार आफ्ना नागरिकहरूप्रति जबाफदेही छ भन्ने अनुभूति दिलाउन र जनताको विश्वास लिन सरकारले जनताको लागि के गर्दै छ, कसरी गर्दै छ, लगानीबाट कस्तो नतिजा प्राप्त भयो आदि नागरिकलाई सूचित गर्नु जरुरी हुन्छ। यसका लागि सरकारले कार्य पद्धतिमा खुल्ला सरकार साझेदारीका अपनाउनु पर्दछ।

खुल्ला सरकारको अवधारणाले पारदर्शिता, सहभागिता र जबाफदेहिताको सिद्धान्तहरूमा जोड दिएको छ। खुल्ला सरकार साझेदारी सरकारका क्रियाकलाप र निर्णय प्रक्रियाहरू पारदर्शी, उत्तरदायी र जबाफदेही बनाउन सरकारको नागरिक समाज, नागरिक समाजका प्रतिनिधिहरू, समाजमा कार्यरत अभियन्ताहरू र निजी क्षेत्र सँगको सहकार्य हो। यो एक स्वैच्छिक साझेदारी हो। यस अभियानमा सहभागी सरकारहरूले नागरिक सङ्गठनहरूसँगको सहकार्यमा सुधारका कार्य योजनाहरू अघि बढाउँछन्। यस अवधारणाले सबै तहका सरकारहरूलाई देहायका कार्यहरू गर्न प्रोत्साहित गर्छ।




- सरकार, नागरिक सङ्गठनहरू र निजी क्षेत्र बिचको साझेदारीलाई सुदृढ गर्ने,
- सरकार, नागरिक सङ्गठन र निजी क्षेत्रको भूमिका र योगदान पहिचान गरी सुधारका योजनाहरू विकास गरी एक अर्का प्रति जबाफदेहीताका साथ लागू गर्ने,
- सुधारका नयाँ योजनाहरू साझा गर्न सरकार, नागरिक सङ्गठनहरू र निजी क्षेत्रहरूलाई साझा मञ्च प्रदान गर्ने।

खुल्ला सरकार साझेदारी बजेट पारदर्शिता प्रवर्धन गर्न, नागरिकहरूको सहभागितालाई सशक्तीकरण गर्न, भ्रष्टाचार विरुद्ध लड्न र सुशासन सुदृढ गर्न प्रविधिहरू प्रयोग गर्न सबै तहका सरकारहरूको प्रतिबद्धतालाई अगाडि बढाउने बहुपक्षीय प्रयास हो। यसले सरकारलाई आफ्ना नागरिकहरूप्रति अझ खुल्ला, जिम्मेवार र जबाफदेही बनाउन सरकार वा सरकारका निकायहरू, नागरिक समाजका प्रतिनिधिहरू, नागरिक अभियन्ताहरू, समुदायमा काम गर्ने संघ संस्थाहरूलाई साझा मञ्च प्रदान गरेको छ।


२.२ **स्थानीय तहमा खुल्ला सरकार साझेदारी :** खुल्ला सरकार साझेदारीले पारदर्शिता, नागरिक सहभागिता र जबाफदेहिता प्रति सबै तहका सरकारहरूको प्रतिबद्धता प्राप्त गर्ने लक्ष्य राखेको छ। यसले सरकारको पारदर्शिता, जबाफदेहिता, र नागरिक संलग्नता बढाउने प्रयासमा नवीन

सुधारलाई अगाडि बढाउँछ। संघीय शासन व्यवस्थामा स्थानीय सरकारलाई नागरिकको घरदैलोको सरकारको रूपमा हेरिएको छ। तसर्थ स्थानीय जनताको अपेक्षा, विकासको चाहना स्थानीय सरकार सँग बढिनै हुने गर्दछ। नागरिकको आवश्यकता तथा अपेक्षा सम्बोधनका लागि स्थानीय सरकार अझ बढी पारदर्शी, सहभागी, जबाफदेही हुन आवश्यक हुन्छ।

नेपालमा प्रचलित कानूनहरूले खुल्ला सरकारको अवधारणा अनुरूप पारदर्शिता, नागरिक सहभागिता र जबाफदेहितालाई प्रवर्धन गरेका छन्। पारदर्शिता सम्बन्धमा सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०७४ ले कुनै विषयमा निर्णय गर्दा पारदर्शी ढङ्गबाट गर्नु पर्ने, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले वित्तीय प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको मितिले सात दिन भित्र विद्युतीय वा अन्य कुनै अन्य माध्यमबाट सार्वजनिक गर्नु पर्ने व्यवस्था गरेको छ। त्यसै गरी सरकारका क्रियाकलापहरूमा नागरिक सहभागिता सम्बन्धमा सुशासन (व्यवस्थापन तथा सञ्चालन), ऐन, २०६४ ले सार्वजनिक चासोको विषय कार्यान्वयन गर्नुअघि सरोकारवाला तथा नागरिक समाजसँग आवश्यक परामर्श गर्न सकिने र प्राप्त सुझावलाई उचित ध्यान दिनु पर्ने, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वयनमा स्थानीय नागरिक लगायत सरोकारवालाहरूको अधिकतम सहभागितामा गर्नु पर्ने व्यवस्था गरेको छ। साथै जबाफदेहिता सम्बन्धमा संविधान, लेखापरीक्षण ऐन, स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहको बजेटको लेखापरीक्षण स्वतन्त्र निकाय महालेखापरीक्षकबाट हुने, सुशासन नियमावलीले कार्यालयको कामकारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण र सरोकारवालाहरूको सरोकारलाई सम्बोधन गर्न सार्वजनिक सुनवाइ गर्नु गराउनु पर्ने, स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जबाफदेही बनाउन योजना, कार्यक्रम, आयोजनाको कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा पारेको समग्र योगदानबाट आफ्नो सामाजिक जिम्मेवारी पूरा भए नभएको सन्दर्भमा लेखाजोखा गर्न सरोकारवाला समेतलाई भेला गराई सामाजिक परीक्षण गर्नु पर्ने व्यवस्था गरेको छ।

उपरोक्त अनुसार कानूनमा व्यवस्था भए बमोजिम खुल्ला सरकार साझेदारीका सिद्धान्तहरू पारदर्शिता, नागरिक सहभागिता, जबाफदेहितालाई स्थानीय तहहरूले बजेट तर्जुमा, कार्यान्वयन, अनुगमन तथा निर्णय प्रक्रियाहरूमा आत्मसाथ गर्दा सुशासन सुदृढ गर्न, उपलब्ध स्रोतहरूको मितव्ययी, दक्षतापूर्वक उपयोग गरी प्रभावकारी नतिजा प्राप्त गर्न सहयोग पुग्ने हुन्छ। यसले सरकारप्रति जनताको विश्वास बढाउन, लगानीको वातावरण सृजना गर्न र आर्थिक वृद्धिलाई प्रवर्द्धन गर्न तथा विवाद र गुनासोहरूलाई कम गर्न मद्दत मिल्छ।

स्थानीय सरकारको खुल्ला साझेदारी ढाँचा




२.३ **पारदर्शिता, नागरिक सहभागिता एवम् जवाफदेहिताका सिद्धान्तहरू :** बजेट पारदर्शिताका क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय सरकारी एवम् गैह्र सरकारी संस्थाहरूले साझा रूपमा ग्लोबल इनीसिएटिभ फर फिस्कल ट्रान्सपरेन्सीबाट प्रतिपादित सिद्धान्तहरू व्यवहारमा ल्याएका छन्। ग्लोबल इनीसिएटिभ फर फिस्कल ट्रान्सपरेन्सी (Global Initiative for Fiscal Transperancy - GIFT) ले सन् २०१२ मा वित्तीय पारदर्शिता, सहभागिता र जबाफदेहिता सम्बन्धमा दश सिद्धान्तहरू प्रतिपादित गरेको छ। बजेट तर्जुमा देखि अनुगमन मूल्यांकनका चरणहरूमा पारदर्शिता, सहभागिता र जबाफदेहिता अपनाउन मार्ग निर्देशन हुने यि सिद्धान्तहरू देहायमा प्रस्तुत गरिएको छ।

**सिद्धान्त १:** नागरिकहरूलाई वित्तीय नीतिहरू बारे जानकारी खोज्ने, प्राप्त गर्ने र पृष्ठपोषण दिने अधिकार छ। यस अधिकारको प्रत्याभूति गर्न, वित्तीय जानकारीहरू बिना भेदभाव सार्वजनिक रूपमा उपलब्ध गराउन कानूनमा स्पष्ट व्यवस्था गर्नुपर्दछ। **(पारदर्शिता)**

**सिद्धान्त २:** सरकारले समग्र वित्तीय नीतिका स्पष्ट र मापनयोग्य उद्देश्यहरू र यसमा प्राप्त प्रगति, उपलब्धिहरू नियमित रूपमा सार्वजनिक गर्नु पर्दछ। **(पारदर्शिता)**

**सिद्धान्त ३:** सरकारले विगत, वर्तमानका वित्तीय र गैह्-वित्तीय कार्यसम्पादन, वित्तीय जोखिमहरू, सार्वजनिक सम्पत्ति र दायित्वहरूको सही र यथार्थ जानकारी पूर्वानुमान सहित सार्वजनिक गर्नुपर्छ। अन्तर्राष्ट्रिय मान्यता प्राप्त मापदण्डहरू अनुरूप वित्तीय प्रतिवेदनहरू तयार गरी वित्तीय विवरणहरू, वित्तीय सूचनाहरू प्रस्तुत गर्नु सरकारको दायित्व हो। **(पारदर्शिता)**

**सिद्धान्त ४:** सरकारले श्रोतको उपयोग गरी प्राप्त गर्न चाहेको बजेटको उद्देश्यहरू , नतिजा र यथार्थ उपलब्धि , सरकारको प्रयासहरूको अपेक्षित र वास्तविक सामाजिक, आर्थिक र पर्यावरणीय परिणामहरू मूल्याङ्कन गरी सार्वजनिक गर्नु पर्दछ। **(पारदर्शिता)**

**सिद्धान्त ५:** सार्वजनिक कार्यालयका सबै वित्तीय कारोबारहरू कानूनमा आधारित हुनुपर्छ। सार्वजनिक वित्तीय व्यवस्थापन नियमन गर्ने कानून, नियम , विधि र प्रशासनिक प्रक्रियाहरूको जानकारी जनतालाई उपलब्ध हुनुपर्छ र तिनीहरूको कार्यान्वयन स्वतन्त्र रूपमा मुल्यांकन एवं समीक्षा हुनुपर्छ। **(जवाफदेहिता)**

**सिद्धान्त ६:** सार्वजनिक निकायहरूले प्रतिवेदनको उद्देश्य, पारदर्शिता र जबाफदेहिता पहिचान गरी स्पष्ट रूपमा परिभाषित गर्नु पर्दछ र निजी क्षेत्रसँग सरकारको वित्तीय सम्बन्ध नियम, विधि, प्रक्रियाहरू अनुरूप पारदर्शी रूपमा सञ्चालन गरी सार्वजनिक खुलासा गर्नु पर्दछ। **(पारदर्शिता)**

**सिद्धान्त ७:** राजस्व बढाउने, दायित्व सृजना गर्ने , स्रोतहरू उपभोग गर्ने, लगानी गर्ने र सार्वजनिक स्रोत व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धमा सरकारका तीन अङ्गहरू (व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका) बिच, सङ्घीय, प्रदेश र स्थानीय सरकारहरू बिच, प्रादेशिक र स्थानीय सरकारहरू बिच, सरकारी क्षेत्र र बाँकी सार्वजनिक क्षेत्रहरू बिच कानूनमा स्पष्ट रूपमा तोकिएको हुनुपर्छ। **(सहभागिता)**

**सिद्धान्त ८:** कर उठाउने र खर्च गर्ने अधिकार कानूनमा व्यवस्था गरे बमोजिम हुनुपर्छ। बजेट वा अन्य कानून मार्फत व्यवस्थापिकाले स्वीकृति प्रदान गरेदेखि बाहेक कुनै पनि राजस्व उठाउनु वा खर्च गर्नु हुँदैन। कार्यपालिकालाई सार्वजनिक स्रोतको उपयोग र यसको नतिजा प्रति जबाफदेही बनाउन व्यवस्थापिकालाई आवश्यक अधिकार, स्रोत र जानकारी उपलब्ध गराउनुपर्छ। **(जवाफदेहिता)**

**सिद्धान्त ९:** सर्वोच्च लेखापरीक्षण संस्थाको स्वतन्त्रता कानूनबाट संरक्षित हुनुपर्छ।

**सिद्धान्त १०:** नागरिकहरूलाई वित्तीय नीतिहरूको तर्जुमा र कार्यान्वयनको सार्वजनिक बहस र छलफलमा प्रत्यक्ष भाग लिन पाउने अधिकार हुनुपर्छ। नागरिकहरू र नागरिक संस्थाहरूलाई त्यस्तो बहसमा प्रभावकारी रूपमा सहभागी हुने अवसर प्रदान गर्नुपर्छ। **(सहभागिता)**

उपरोक्त सिद्धान्तहरूले नागरिकहरूलाई सार्वजनिक सूचनाको हक हुने, सरकार तथा मातहतका निकायहरूबाट तयार गरिने वित्तीय प्रतिवेदन लगायत यससँग सम्बन्धित अन्य प्रतिवेदनहरू सार्वजनिक गर्नु पर्ने, व्यवस्थापिका वा स्थानीय सभाले सरकारलाई जबाफदेही बनाउनु पर्ने,

सरकारको बजेटको लेखापरिक्षण कानूनबाट व्यवस्था गरिएको स्वतन्त्र संस्थाबाट हुने, सरकारको वित्तीय नीतिहरूको तर्जुमा र कार्यान्वयनमा नागरिक सहभागिता गर्नुपर्ने विषयलाई जोड दिएको छ। उपरोक्त सिद्धान्तहरूले सरकारको बजेट पारदर्शिता, जबाफदेहिता र बजेटमा नागरिक सहभागिता सम्बन्धमा सरकार तथा मातहतका निकायहरूले मूलतः देहायका जिम्मेवारीहरू पुरा गरेको छ भनी उत्तरहरूको खोजी गर्दछ।

- के स्थानीय सरकारहरूले बजेट सम्बन्धी सूचना समयमै वा तोकिएको अवधि भित्र नै सार्वजनिक गरेका छन् (**पारदर्शिता**)?
- के स्थानीय सरकारहरूले बजेट तर्जुमा, कार्यान्वयन तथा निर्णय प्रक्रियामा नागरिकहरूलाई समयमै सहभागी गराएका छन् (**सहभागिता**)?
- के स्थानीय सरकारहरूले गाउँ वा नगर सभा, स्वतन्त्र लेखापरीक्षक र नागरिकहरूबाट प्रश्नहरू सोध्ने संयन्त्र स्थापित गरेका छन् र ती निकायहरूबाट सोधिएका प्रश्नहरूको जवाफ दिएका छन् (**निगरानी**)?

**२.४ बजेट पारदर्शिता :** वार्षिक बजेटको वित्तीय तथा गैह्र वित्तीय जानकारी समयमै, व्यवस्थित र पूर्ण रूपमा सार्वजनिक गर्नुलाई बजेट पारदर्शिताको रूपमा बुझिन्छ। बजेट पारदर्शिताका सिद्धान्तहरूको पालना गर्ने सरकारले आम्दानी, खर्च र सरकारी क्रियाकलापहरूसँग सम्बन्धित वित्तीय प्रतिवेदनहरू जनतालाई सहज रूपमा उपलब्ध हुने व्यवस्था मिलाउनु पर्दछ। बजेट पारदर्शिताका लागि सरकारले बजेट र वित्तीय तथ्याङ्कहरू सरल ढाँचामा समयमै सार्वजनिक गरी नागरिकलाई जानकारी उपलब्ध गराउनु पर्दछ।

**२.४.१ बजेट पारदर्शिताका आधारहरू :** सरकारको जबाफदेहिता निर्वाह र सार्वजनिक नीति निर्माण, बजेट तथा कार्यक्रममा नागरिकहरूको सहभागिताको लागि पारदर्शिता मूलभूत रूपमा आवश्यक हुन्छ। बजेट सम्बन्धी सूचनाहरूको यथार्थ प्रतिवेदन सार्वजनिक नभएमा बजेटको विश्लेषण, कार्यान्वयनको प्रभावकारी अनुगमन तथा नतिजाको मूल्याङ्कन गर्न कठिन हुन्छ। त्यसैले नीति निर्माण र स्रोत विनियोजनमा प्रभाव पार्न सक्ने पृष्ठपोषण प्राप्त गर्नका लागि सबै क्षेत्र र वर्गका नागरिकहरूलाई बजेट सम्बन्धी सही सूचनाहरू समयमै सार्वजनिक गर्नु जरुरी हुन्छ। यसबाट बजेट तथा यससँग सम्बन्धित सूचनाहरू आम नागरिक, नागरिक समाजका प्रतिनिधिहरू, सञ्चार माध्यम लगायत विभिन्न सरोकारवालाहरूले प्राप्त गर्न, बुझ्न र विश्लेषण गरी पृष्ठपोषण प्रदान गर्न सक्छन्। प्रचलित कानूनहरूमा बजेट पारदर्शिता सम्बन्धमा देहाय बमोजिम व्यवस्था गरेको छ।

- नेपालको संविधानको धारा २७ मा सूचनाको हक सम्बन्धी व्यवस्थामा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको विषयको सूचना माग्ने र पाउने हक हुने।
- सुशासन ऐनको दफा १६ ले कुनै पनि विषयमा निर्णय गर्दा पारदर्शिढगंले गर्नु पर्ने।

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५६ ले कानून बमोजिम सम्बन्धित कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरू त्यस्तो प्रतिवेदन तयार गर्न तोकिएको समयावधि समाप्त भएको मितिले सात दिन भित्र विद्युतीय वा अन्य कुनै अन्य माध्यमबाट सार्वजनिक गर्नु पर्ने।

- अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३० अनुसार गत आ.व.को आय-व्यय र बजेट कार्यान्वयनको बारेमा पहिलो चौमासिक अवधि भित्र वार्षिक समीक्षा गरी समीक्षा प्रतिवेदनलाई कार्तिक मसान्त भित्र वेबसाइटबाट सार्वजनिक गर्नु पर्ने।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(४) अनुसार स्थानीय तहहरूले आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गते भित्र सार्वजनिक गर्नु पर्ने।

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६४ मा कुनै निर्णय सार्वजनिक हितको सरोकारसँग सम्बन्धित रहेछ भने त्यस्तो निर्णय जानकारीको लागि सम्बन्धित निकायको सूचना पाटीमा टाँसी, वेबसाइट वा अन्य उपयुक्त माध्यमबाट समेत प्रचार प्रसार गर्नु पर्ने ।

पारदर्शिताको लागि गरिएका उल्लेखित कानूनी व्यवस्थाहरूले स्थानीय तहहरूको बजेट तर्जुमा, कार्यान्वयन, अनुगमनका साथै अन्य सरकारी काम कारवाईमा समेत पारदर्शिताका लागि आधार प्रसस्त्र गर्दछन्। बजेट पारदर्शिताबाट स्थानीय सरकारले आम नागरिकहरूको आवश्यकता र प्राथमिकताहरूलाई बजेटमा प्रतिविम्ब गर्न सकेको वा नसकेको पृष्ठपोषण प्राप्त गर्न, बजेट कार्यान्वयनको अनुगमन गर्न र बजेटको लाभ लक्षित समूह सम्म पुगेको वा नपुगेको भन्ने बारे जानकारी प्राप्त गर्न मद्दत पुग्छ। उक्त जानकारी, सुझाव वा पृष्ठपोषण सरकारको नीति निर्माण र भविष्यमा सुधारका लागि उपयोगी हुनसक्छ। साथै पारदर्शिताले नागरिकलाई प्रश्न सोध्न सक्षम र सार्वजनिक पद धारण गरेका व्यक्तिहरूलाई जबाफदेही बनाउन वातावरण तयार गर्दछ।

२.४.२ **बजेट पारदर्शिताका क्रियाकलाप :** प्रचलित कानूनहरूमा बजेट पारदर्शिता सम्बन्धमा गरिएको उपरोक्त कानुनी व्यवस्थाहरू र बजेट पारदर्शिता सम्बन्धी असल अभ्यास बमोजिम सरकारले बजेट पारदर्शिता सम्बन्धी जबाफदेहिता पुरा गर्न स्थानीय तहहरूको बजेट र यससँग सम्बन्धित देहायका ८ किसिमका प्रतिवेदन तथा अभिलेखहरू तोकिएको समयमै सार्वजनिक गर्नु पर्दछ।

| | |
|---|---|
| १. **नीति तथा कार्यक्रम** | आवधिक योजना, विषयगत क्षेत्रगत रणनीतिक योजना, रणनीतिक योजना, मध्यमकालीन खर्च संरचना, लगानीको प्राथमिकताको आधार र संघीय र प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनको आधारमा बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरेको चालु आ.व.को उपलब्धि, आगामी |

आ.व.को प्राथमिकता, प्रमुख कार्यक्रमहरू, बजेट प्रस्तावको अग्रिम रूपरेखा, आर्थिक प्रक्षेपण र सरकारका प्राथमिकताहरू उल्लेखित स्थानीय सरकारको नीति तथा कार्यक्रम।

२. **कार्यपालिकाबाट स्वीकृत बजेट** — बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरी पेस गरेको बजेट वक्तव्य, राजस्व, व्यय, वित्तीय व्यवस्थाको अनुमान समावेश गरिएको कार्यपालिकाबाट स्वीकृत बजेट प्रस्ताव।

३. **स्थानीय सभाबाट पारित बजेट** — कार्यपालिकाले स्वीकृतिको लागि स्थानीय सभामा पेस गरेको बजेट वक्तव्य, राजस्व, व्यय, वित्तीय व्यवस्थाको अनुमान सहितको बजेट प्रस्ताव उपर छलफल गरी स्थानीय सभाबाट पारित बजेट तथा कार्यक्रम।

४. **नागरिक बजेट पुस्तिका** — स्थानीय सभाबाट पारित स्थानीय तहको आगामी आ.व.को बजेट वक्तव्य, राजस्व, व्ययको मुख्य मुख्य जानकारी सरल र सबैले बुझ्ने गरी जानकारी प्रदान गर्न तयार गरेको पुस्तिका।

५. **आवधिक प्रतिवेदनहरू** — बजेटसँग सम्बन्धित मासिक, त्रैमासिक वित्तीय विवरणहरू, वित्तीय एवम् भौतिक प्रगति प्रतिवेदनहरू, समीक्षा प्रतिवेदनहरू सार्वजनिक गर्ने।

६. **अर्ध वार्षिक समीक्षा प्रतिवेदन** — चालु आर्थिक वर्षको छ महिनाको बजेट कार्यान्वयनको समीक्षा र बजेटको उद्देश्य प्राप्त गर्न आगामी बाँकी अवधिको कार्यदिशा सम्मिलित प्रतिवेदन।

७. **वार्षिक प्रतिवेदन** — बजेटसँग सम्बन्धित वार्षिक वित्तीय विवरणहरू, वित्तीय एवम् भौतिक प्रगति प्रतिवेदनहरू।

८. **अन्तिम लेखापरीक्षण प्रतिवेदन** — सर्वोच्च लेखापरीक्षण संस्था महालेखापरीक्षकबाट स्थानीय तहको वित्तीय विवरणहरूको शुद्धता र पूर्णता जाँच, परीक्षण गरी जारी गरिएको लेखापरीक्षण प्रतिवेदन।

*बजेट पारदर्शिताको लागि स्थानीय तहहरूले स्थापित गर्नु पर्ने विधि एवम् प्रक्रियाहरू अनुसूची – १ मा उल्लेख गरिएको छ।*

२.५ **नागरिक सहभागिताः** बजेटमा नागरिक सहभागिता भन्नाले बजेट तथा कार्यक्रम सम्बन्धी नीति निर्माण, कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमनमा सरकार वा यसका निकायहरू र स्थानीय सर्वसाधारण नागरिक, नागरिक सङ्गठनहरू, समुदाय, व्यापारिक सङ्गठन, शिक्षाविद्, अन्य गैह्-सरकारी सङ्घसंस्था र नीजि क्षेत्र बिचको अन्तरक्रिया र छलफललाई बुझाउँछ।

सरकारको विकास नीति, बजेट तथा कार्यक्रमहरूले जनताको प्राथमिकता र आवश्यकतालाई प्रतिबिम्बित गर्न सरकार, नागरिक, निजी क्षेत्र र नागरिक समाज सङ्गठन (CSOs) बिचको साझेदारीले महत्त्वपूर्ण भूमिका खेल्छ। यसका लागि नीति निर्माणमा, बजेट तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन लगायत सरकारका क्रियाकलापहरूमा नागरिकको सहभागिता हुनु पर्छ। सरकारका क्रियाकलापहरूमा नागरिक सहभागितालाई प्रोत्साहित गर्ने, नागरिकलाई सक्षम बनाउने दायित्व सरकार कै हुन्छ। सरकारको बजेट तथा कार्यक्रम तर्जुमामा प्रक्रियामा नागरिकहरू सहभागी भई धारणा राख्दा र कार्यक्रम, स्रोतको उपलब्धता, सीमितता बारे सरकार तथा सरकारको निकायहरूसंग अन्तरक्रियाले सरकार प्रति नागरिकको विश्वास बढाउँछ। साथै सरकारको योजना, कार्यक्रमहरू र बजेट प्रति नागरिकको अपनत्व बढाउने र योजना, कार्यक्रमहरू कार्यान्वयन नागरिक सहभागिता समेत वृद्धि गर्दछ।

२.५.१ **बजेटमा नागरिक सहभागिताका सिद्धान्त :** ग्लोबल इनिसिएटिभ फर फिस्कल ट्रान्सपरेन्सी (Global Initiative for Fiscal Transparency- GIFT) ले सन् २०१२ मा जारी गरेको वित्तीय पारदर्शिता, सहभागिता र जबाफदेहिता सम्बन्धी सिद्धान्तहरूले वित्तीय नीति तर्जुमा, कार्यान्वयन र अनुगमनमा नागरिक सहभागितालाई प्रोत्साहित गरेको छ। उक्त सिद्धान्तहरूले वित्तीय नीतिहरूको तर्जुमा र कार्यान्वयनको सार्वजनिक बहस र छलफलमा प्रत्यक्ष भाग लिन पाउने नागरिकहरूको अधिकारलाई सुनिश्चित गर्दछ। त्यसै गरी अन्तर्राष्ट्रिय मुद्रा कोषले वित्तीय पारदर्शिता सिद्धान्त (Fiscal Transparency Code) लाई सन् २०१४ मा अद्यावधिक गरी बजेट तर्जुमा र कार्यान्वयनमा नागरिक सहभागिताको सिद्धान्तहरूलाई समावेश गरेको छ। ओ.ई.सी.डी , The Organization for Economic Cooperation and Development (OECD) ले सन् २०१५ मा जारी गरेको बजेट सुशासनको सिद्धान्तले बजेट तर्जुमा प्रक्रियामा समावेशी, सहभागितामूलक छलफल हुनु पर्ने उल्लेख गरेको छ।

उल्लेखित मापदण्ड र सिद्धान्तहरूले बजेटको चरणहरूमा सघन रूपमा नागरिकको सहभागितालाई महत्त्व दिन्छ। GIFT ले बजेटको प्रत्येक चरणमा नागरिक र अन्य गैह् सरकारी सरोकारवालाहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न तयार गरेको सिद्धान्तहरू बजेट प्रक्रियामा प्रभावकारी सहभागिताको लागि संयन्त्र स्थापना गर्न मार्ग निर्देशन हुने भएकोले देहायमा प्रस्तुत गरिएको छ।

| सिद्धान्तहरू | व्यहोराहरू |
|---|---|
| **१. सूचनामा पहुँच** | संयन्त्रहरू तयार गरेर सबै सान्दर्भिक तथ्याङ्क, पूर्ण वित्तीय जानकारीहरू सरल ढाँचामा प्रवाह गरी सर्वसाधारणको पहुँच बढाई, बुझ्न, प्रयोग गर्न र रूपान्तरण गर्न सहजीकरण गर्ने । |
| **२. खुल्लापन** | नागरिक सहभागिताको उद्देश्य, कार्य क्षेत्र, प्रक्रिया सहित अपेक्षित परिणाम र वास्तविक नतिजा सम्पूर्ण जानकारी उपलब्ध गराउने। जनसहभागिताबाट अपेक्षित र वास्तविक नतिजाहरू सम्बन्धमा सचेत हुने। |
| **३. समावेशिता** | संयन्त्रहरू प्रयोग गरेर कुनै पनि आधारमा भेदभाव नगरी परम्परागत रूपमा पिछडिएका कमजोर समूह र व्यक्तिहरू सहित सबै जात, जाति, धर्म, लिङ्ग, झुकाव, अपाङ्गता, उमेर वा विचार, विरलै सुनिने आवाजहरू, नागरिक र नागरिक संस्थाहरूलाई बजेट प्रक्रियामा संलग्न गराउने। |
| **४. स्वअभिव्यक्तिको सम्मान** | स्वःस्फुर्तरूपमा धारणा व्यक्त गर्न अगाडी आएका व्यक्ति, समुदाय र प्रत्यक्ष रूपमा प्रभावितलाई प्रोत्साहित गर्ने। अरूको तर्फबाट बोल्नका लागि रुचाउने व्यक्तिहरूलाई तिनीहरूको रुचिका माध्यमहरू छनौट गरी अभिव्यक्तिका लागि प्रोत्साहित गर्ने। |
| **५. समयबद्धता** | नीति र बजेट कार्यक्रमको प्रत्येक चरणमा जनतालाई सुझाव प्रदान गर्न पर्याप्त समय दिने। यथासम्भव सुरुकै चरणहरूमा र आवश्यकता अनुसार अधिकाधिक रूपमा धेरै चरणहरूमा नागरिक सहभागिता गराउने। |
| **६. गहन जानकारी** | प्रमुख नीति, उद्देश्यहरू, सम्भावित सामाजिक, आर्थिक र वातावरणीय प्रभावहरू र सबै विकल्पहरू बारे सान्दर्भिक जानकारी प्रदान गरेर प्रत्येक चरणमा सार्वजनिक संलग्नतालाई प्रोत्साहित गर्ने। प्राप्त विविध दृष्टिकोणहरू, सुझाव वा पृष्ठपोषणहरू आधिकारिक नीति वा कार्यक्रममा समावेश गरिएका छन् भन्ने बारेमा नागरिकहरूलाई समयमै सूचित गर्ने। |
| **७. समानुपातिकता** | विषयवस्तु वा नीति कार्यक्रमको महत्त्व र प्रभावको |

| सिद्धान्तहरू | व्यहोराहरू |
|---|---|
| | गहनता बमोजिम नागरिक सहभागिता गराउने। |
| ८. दिगोपना | वित्तीय नीति निर्णय उपर सुझाव वा पृष्ठपोषण प्राप्त गर्न र आपसी विश्वास बढाउन नागरिक संस्थाहरूसँगको सहभागितालाई नियमित र निरन्तरता दिने। वित्तीय नीति निर्णय उपर प्राप्त प्रतिक्रियाहरूमा नियमित रूपमा समीक्षा गरी आवश्यक सुधार गर्दै भविष्यका लागि सहभागिताको सुनिश्चित गर्ने। साथै उपयुक्त र प्रभावकारी देखिएको अवस्थाहरूमा सार्वजनिक सहभागितालाई संस्थागत गर्ने। |
| ९. पूरकता | नागरिक संलग्नताको लागि संयन्त्र सुनिश्चित गर्ने र विद्यमान सुशासन र जबाफदेहिता प्रणालीको प्रभावकारिता बढाउने। |
| १०. पारस्परिकता | सार्वजनिक गतिविधिहरूमा संलग्न हुने नागरिक संघसंस्था, सरकारी, गैह्र-सरकारी संस्थाहरूको उद्देश्य, चासो, र प्रतिनिधित्व गर्ने बारेमा खुल्ला प्रतिबद्धता व्यक्त गर्नु पर्छ। नागरिक संलग्नताको उद्देश्यहरू प्राप्त गर्न सबै पक्षले सहमति गरेका सर्तहरू पालना गर्नुपर्छ र सो अनुरूप सहयोग गर्नुपर्छ। |

२.५.२ **बजेटमा नागरिक सहभागिताका आधारहरू :** सार्वजनिक वित्तीय नीतिहरू, बजेट तथा कार्यक्रमको तर्जुमा र कार्यान्वयनको चरणमा हुने सार्वजनिक छलफलहरूमा नागरिकहरूले प्रत्यक्ष रूपमा भाग लिन पाउने अधिकार सुनिश्चित गर्न प्रचलित कानूनहरूमा देहाय बमोजिम व्यवस्था गरेको छः

- सुशासन ऐन, २०६४ को दफा २० मा नेपाल सरकारले आवश्यकता अनुसार सार्वजनिक चासोको कुनै विषय कार्यान्वयन गर्नु अघि सरोकारवाला तथा नागरिक समाजसँग आवश्यक परामर्श गर्ने।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६४ को नियम १२ अनुसार सार्वजनिक चासोको कुनै विषय कार्यान्वयनको सिलसिलामा सरोकारवाला तथा नागरिक समाजसँग परामर्श गर्दा सरोकारवाला तथा नागरिक समाजका सदस्य वा प्रतिनिधिलाई विषयको प्रकृति हेरी मनासिब समय दिई उपस्थितिको लागि सूचना गर्नु पर्ने।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(५) बमोजिम स्थानीय तहले योजना बनाउँदा, योजना तर्जुमा तथा कार्यान्वयनमा स्थानीय बुद्धिजीवी, विषय विज्ञ, अनुभवी, पेशाविद्,

सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा गर्नु पर्ने।

२.५.३ **बजेटमा नागरिक सहभागिताको क्रियाकलाप :** उपरोक्त कानूनी व्यवस्थाहरू र बजेटमा नागरिक सहभागिता सम्बन्धी असल अभ्यास बमोजिम स्थानीय सरकारले सहभागिता सम्बन्धी जबाफदेहिता पुरा गर्न न्यूनतम रूपमा देहाय बमोजिमका ह्रियाकलापहरू गर्नु पर्ने व्यवस्था छ।

| चरण | क्रियाकलापहरू | समय सीमा |
|---|---|---|
| **बजेट तर्जुमा चरण** | • पूर्व बजेट छलफल,<br>• टोल बस्ती स्तरमा योजना छनौटमा सम्बन्धित नागरिक,समुदायलाई आमन्त्रण गर्ने। | • चैत्र मसान्तभित्र।<br>• वैशाख मसान्तभित्र। |
| **स्विकृती चरण** | • स्थानीय सभाले बजेट प्रस्ताव स्वीकृत गर्नु अघि बजेट प्रस्ताव उपर नागरिकहरूको सुझाव प्राप्त गर्ने। | • बजेट प्रस्ताव स्वीकृत हुनु भन्दा अघि असार मसान्तभित्र। |
| **कार्यान्वयन चरण** | • सार्वजानीक चासोको विषय कार्यान्वयन गर्नुअघि सरोकारवाला तथा नागरिक समाजसँग आवश्यक परामर्श गर्ने।<br>• आफूले गरेको कामको सम्बन्धमा सार्वजनिक सुनवाइ गर्ने। | • कार्यान्वयन गर्नुअघि।<br>• प्रत्येक चौमासिकमा |
| **अनुगमन चरण** | • स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जबाफदेही बनाउन योजना, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहको लेखाजोखा गर्न सरोकारवालाहरू समेतलाई भेला गराई सार्वजनिक परीक्षण, सामाजिक परीक्षण गर्ने। | आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र कम्तीमा वर्षको १ पटक। |

२.५.४ **बजेटमा नागरिक सहभागिता प्रक्रिया :** नागरिक सहभागितमा वित्तीय नीति निर्माण, बजेट तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन एवम् अनुगमनले सरकारको पारदर्शिता प्रवर्धन गर्दछ। स्थानीय सरकार जनताको नगिचको सरकार भएकोले बजेटका चरणहरूमा नागरिक सहभागिता सहज पनि हुन्छ।स्थानीय सरकारको बजेटमा नागरिकको निरन्तर र दिगो सहभागिता सुनिश्चित गर्न

एक स्थायी संयन्त्र एवम् कार्यविधिको आवश्यकता पर्दछ। प्रभावकारी नागरिक सहभागिताको लागि देहायका विधि प्रक्रियाहरू सुझाइएको छ।

क. बजेट तथा कार्यक्रमको चरणहरूमा सार्वजनिक सहभागितालाई संस्थागत गर्न स्थायी संयन्त्रको आवश्यकता पर्दछ। बजेट तर्जुमा, कार्यान्वयन, अनुगमनमा दिगो र प्रभावकारी नागरिक सहभागिताको सुनिश्चितता, सञ्चालन एवम् समन्वय स्थानीय तहको योजना शाखाले गर्ने।

ख. बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्य तालिकामा नागरिक सहभागिताका क्रियाकलापहरू समावेश गर्ने।

ग. बजेट तथा कार्यक्रमका सबै चरणहरूमा स्थानीय बुद्धिजीवी विषय विज्ञ, अनुभवी, पेसाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागिता सहभागिता सुनिश्चित गर्ने।

घ. विषयवस्तु वा नीति कार्यक्रमको महत्त्व र प्रभावको गहनता बमोजिम नागरिक सहभागिता जुटाउने ।

ङ. नागरिक सहभागिता आमन्त्रण गर्दा स्थानीय तहले छलफल गर्न चाहेको एजेन्डा सहित देहायका विषयहरू अग्रिम जानकारी गराउने :

- नागरिक सहभागिताको उद्देश्य, कार्य क्षेत्र, प्रक्रिया, कार्य तालिका ।
- छलफल गर्न चाहेको मूल विषय वस्तु कुनै योजना सँग सम्बन्धित छ भने बजेट सिलिङ, स्रोतको उपलब्धता, सम्भावित लागत, लाभान्वित जनसङ्ख्या, सम्भावित सामाजिक, आर्थिक र वातावरणीय प्रभावहरू र सबै विकल्पहरू बारे सान्दर्भिक जानकारी प्रदान गर्ने।
- पूर्व बजेट छलफलमा नागरिक सहभागिता आमन्त्रण गर्दा छलफल गर्न चाहेको एजेन्डा र देहायका विषयहरू अग्रिम जानकारी गराउने।
  - छलफल कार्यक्रमको उद्देश्य, कार्य क्षेत्र, प्रक्रिया, कार्यतालिका,
  - समष्टिगत आर्थिक स्थिति, नीतिहरू, राजस्व पूर्वानुमान, स्रोतको उपलब्धता, सामाजिक खर्च, लगानी योजनाहरू, सार्वजनिक सेवाहरू, विगतको उपलब्धिहरू, प्राथमिकताका क्षेत्रहरू ।

च. बजेट छलफलमा नागरिक सहभागिता चिठ्ठीपत्र, सूचना प्रकाशित गरेर र कार्यालयको वेब पेज मार्फत उपयुक्त म्याद दिई आमन्त्रण गर्ने।

छ. बजेट र नीति कार्यक्रमको प्रत्येक चरणमा जनतालाई सुझाव प्रदान गर्न पर्याप्त समय दिने।

ज. छलफलमा प्रायः सधै आमन्त्रण गर्नु पर्ने व्यक्ति, संघ संस्थाहरूको अभिलेख र सम्पर्क विवरण तयार गरी अद्यावधिक अभिलेख राख्ने।

झ. नागरिकहरूसँगको सबै छलफल तथा अन्तरक्रिया कार्यक्रमहरूको एजेन्डाहरू, उपस्थिति र निर्णयहरूको माईन्युट राख्ने।

ञ. छलफल तथा अन्तरक्रिया कार्यक्रमबाट र बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा नागरिकहरूबाट प्राप्त सुझाव, पृष्ठपोषण, मागहरूलाई सम्बोधन गरिएको छ भने त्यसको जानकारी नागरिकलाई उपयुक्त माध्यमबाट गराउने।

**असल अभ्यासः**

नेपालको महालेखापरीक्षकको कार्यालयले कार्यमूलक लेखापरीक्षण गर्दा नागरिक सङ्गठनहरू (CSOs) लाई संलग्न गराउने गरेको छ। मूलतः लेखापरीक्षणमा नागरिक संस्थाहरूको परिचालन गर्ने जिम्मा कार्यमूलक लेखापरीक्षण निर्देशनालयको रहेको छ। कार्यमूलक लेखापरीक्षणमा नागरिक सहभागिता लागि महालेखापरीक्षकको कार्यालयले देहाय बमोजिम संयन्त्रको व्यवस्था गरेको छ।

| संस्थागत व्यवस्था | जिम्मेवारी |
| --- | --- |
| **सञ्चालन समिति (Steering Committee)**<br>संयोजकः उप महालेखापरीक्षक<br>सदस्यः माननीय महालेखापरीक्षक बाट नियुक्त नागरिक संस्थाहरूको प्रतिनिधि २ जना<br>सदस्यः नायब महालेपरीक्षक, कार्यमूलक लेखापरीक्षण महानिर्देशनालय<br>सदस्यः नायब महालेपरीक्षक ,नीति तथा जनशक्ति विकास महानिर्देशनालय<br>सदस्य सचिबः संयोजक निर्देशक, कार्यमूलक लेखापरीक्षण निर्देशनालय | • नीति निर्माण गर्ने ,<br>• नागरिक सहभागिता लेखापरीक्षणका लागि विषयहरू सिफारिस गर्ने,<br>• सहभागिता लेखापरीक्षणमा संलग्न हुने नागरिक संस्थाहरू छनौट गर्ने,<br>• नागरिक सहभागिता लेखापरीक्षणको मूल्याङ्कन गर्ने,<br>• नागरिक सहभागिता लेखापरीक्षणको सुधार विकास सम्बन्धी कार्य गर्ने। |
| **कार्य समिति (Working Committee)**<br>संयोजकः नायब महालेपरीक्षक,कार्यमूलक लेखापरीक्षण महानिर्देशनालय<br>सदस्यः महालेखापरीक्षक बाट नियुक्त नागरिक संस्थाको प्रतिनिधि १ जना<br>सदस्यः संयोजक निर्देशक, कार्यमूलक लेखापरीक्षण निर्देशनालय<br>सदस्य सचिबः संयोजकले तोकेको लेखापरीक्षण अधिकारी , कार्यमूलक लेखापरीक्षण निर्देशनालय | • सहभागिता लेखापरीक्षणमा संलग्न हुने नागरिक संस्थाहरू छनौट सम्बन्धी प्रक्रिया बढाउने,<br>• नागरिक सहभागिता लेखापरीक्षण योजना स्वीकृत गर्ने,<br>• लेखापरीक्षणमा संलग्न नागरिक संस्थाहरू सँग सम्झौता गर्ने,<br>• लेखापरीक्षणमा संलग्न नागरिक संस्थाहरूबाट आचार संहिता पालना अनुगमन गर्ने। |

ट. बजेट तथा कार्यक्रमका सबै सान्दर्भिक तथ्याङ्कहरू, पूर्ण वित्तीय जानकारीहरू नागरिक बजेट मार्फत सरल ढाँचामा प्रवाह गरी सर्वसाधारणको पहुँच एवम् जानकारी बढाउन सहजीकरण गर्ने।

ठ. सार्वजनिक गतिविधिहरूमा संलग्न हुने नागरिक सघं संस्था, सरकारी गैह्र-सरकारी संस्थाहरू तिनीहरूको उद्देश्य, तिनीहरूको चासोहरू र तिनीहरूले प्रतिनिधित्व सम्बन्धमा प्रतिबद्धता लिनु पर्ने ।

ड. नागरिक सहभागिताको उद्देश्यहरू प्राप्त गर्न सबै पक्षबाट (स्थानीय तह, नागरिक सघंसंस्थाहरू, व्यापारिक प्रतिनिधिहरू) सहमति गरिएको सर्तहरू पालना गर्नुपर्छ र सो अनुरूप सहयोग गर्नुपर्छ।

ढ. स्थानीय तहले वित्तीय नीति निर्णय उपर सुझाव वा पृष्ठपोषण प्राप्त गर्न र आपसी विश्वास बढाउन नागरिक संस्थाहरूसँगको सहभागितालाई नियमितता र निरन्तरता दिने। नीति निर्णय उपर प्राप्त प्रतिक्रिया नियमित रूपमा समीक्षा गरी गुणस्तर सुधार गर्दै भविष्यमा सहभागिताको सुनिश्चित गर्ने।

***बजेटका चरणहरूमा नागरिक सहभागिताको लागि स्थानीय तहहरूले स्थापित गर्नु पर्ने विधि एवम् प्रक्रियाहरू अनुसूची - २ मा उल्लेख गरिएको छ।***

२.६ **बजेट निगरानी :** सरकार र मातहतका निकायहरूबाट बजेट तर्जुमा, स्वीकृति एवम् कार्यान्वयनमा स्थापित विधि, प्रक्रिया, कानूनको पालना गरे नगरेको सम्बन्धमा विधायिका र स्वतन्त्र लेखापरीकबाट गरिने अनुगमन, मूल्याङ्कन, परीक्षण बजेट निगरानी हो। स्थानीय तहको बजेट निगरानी स्थानीय सभा, महालेखापरीक्षक र नागरिकहरूबाट समेत देहाय बमोजिम हुने व्यवस्था छ।

| निगरानी गर्ने निकायहरू | क्रियाकलापहरू |
|---|---|
| स्थानीय सभा द्वारा निगरानी (विधायिका) | • **बजेट पूर्वः** बजेट तर्जुमा र बजेट अनुमानहरूको निगरानी।<br>• **बजेट स्वीकृति पश्चात्:** बजेट कार्यान्वयनको निगरानी। |
| संवैधानिक निगरानी (महालेखापरीक्षक) | • बजेटको वित्तीय प्रतिवेदनहरूको लेखापरीक्षण<br>• सार्वजनिक स्रोतको प्राप्तिमा मितव्ययीता, उपयोगमा दक्षता र नतिजामा प्रभावकारीताको परीक्षण गर्ने। |


| नागरिक द्वारा निगरानी | • सार्वजनिक सुनवाई।<br>• सामाजिक परीक्षण। |
|---|---|

स्थानीय सभाद्वारा बजेट तर्जुमा, कार्यान्वयन सम्बन्धमा कार्यपालिकाको भूमिकाको निगरानी देहाय बमोजिम दुई तरिकाले गर्दछ।

क) **बजेट पूर्व निगरानी** : स्थानीय कार्यपालिकाले तयार गरेको बजेट प्रस्ताव, बजेट अनुमानहरूमा स्थानीय सभाले छलफल गरी स्वीकृत गर्दछ। स्थानीय सभाले कार्यपालिकाबाट प्रस्तावित बजेट तथा कार्यक्रम अनुमोदन गर्ने र सार्वजनिक कोषको विनियोजन विधेयक र अर्थ विधेयक कार्यान्वयन गर्न सम्बन्धित कार्यपालिकालाई अधिकार प्रदान गर्दछ।

ख) **बजेट स्वीकृति पश्चात् निगरानी** : स्थानीय सभाले स्वीकृत गरेको बजेट तथा कार्यक्रम कार्यान्वयनको निगरानी गर्दछ। स्थानीय सभाबाट स्वीकृत बजेटको दक्षता पूर्वक कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय कार्यपालिकाको हुन्छ। स्थानीय सभाले देहायका विषयहरू समेतलाई ध्यान दिई बजेट कार्यान्वयन निगरानी निगरानी गर्दछ।

- कार्यपालिकाले सार्वजनिक कोष कसरी उठाउँछ र कसरी खर्च गरेको छ?
- सभाले स्वीकृत गरेको कार्यक्रमहरूमा बजेट प्रयोग गरिएको छ ?
- के बजेटको कार्यान्वयन गर्दा प्रचलित विधि, प्रक्रिया, कानूनको पालना गरिएको छ?
- के स्रोतको प्रयोग गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताका सिद्धान्तहरू पालना गरिएको छ?
- के स्रोतको प्रयोगबाट अपेक्षित परिणामहरू प्राप्त गरिएको छ?



उपरोक्त विषयहरूमा विधायिका र नागरिकहरू आश्वस्त हुन, सार्वजनिक स्रोतको व्यवस्थापनका लागि प्रचलित कानून, विधि, प्रक्रिया र मापदण्डहरूको पालना सुनिश्चित गर्न र सार्वजनिक विश्वास कायम राख्नका लागि लेखापरीक्षण आधारभूत माध्यम हो। नेपालको संविधानको धारा २४० ले महालेखापरीक्षकको व्यवस्था गरेको छ। संविधानको धारा २४१ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ ले स्थानीय तहको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था गरेको छ। लेखापरीक्षणले स्वतन्त्र र आधिकारिक परीक्षण मूल्याङ्कन गरी बजेट कार्यान्वयन सँग सम्बन्धित वित्तीय विवरण र प्रतिवेदनहरू सही छ, छैन परीक्षण गरी स्थानीय सभालाई आश्वस्तता प्रदान गर्दछ। लेखापरीक्षण प्रतिवेदनले बजेट कार्यान्वयनमा प्रचलित विधि, कानून र नियमहरूको पालना, अव्यवस्था र स्रोतको अपव्ययका विषयहरूमा समेत स्थानीय सभा, कार्यपालिका र सरोकारवालाहरूलाई पृष्ठपोषण उपलब्ध गराउँछ।

स्थानीय सभाबाट स्वीकृत बजेट, योजनाहरू कार्यान्वयन गर्न सरकारले के-के गऱ्यो, सरकारले गरेको प्रयासहरूको उपलब्धि के कस्तो रह्यो, बजेटको उद्देश्य प्राप्ति सम्बन्धमा स्थानीय पालिकालाई जबाफदेही बनाउने जिम्मेवारी नागरिकमा पनि रहन्छ। नागरिक तहबाट स्थानीय सरकारको निगरानीको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) मा स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जबाफदेही बनाउन योजना, कार्यक्रम, आयोजनाको कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानबाट आफ्नो सामाजिक जिम्मेवारी पूरा भए नभएको सन्दर्भमा लेखाजोखा गर्न सरोकारवालाहरू समेतलाई भेला गराई सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनवाइ गर्ने व्यवस्था गरेको छ।

बजेट पारदर्शिता प्रवर्धन गरी सरकार र मातहतका निकायहरूले नागरिकहरू सार्वजनिक कार्यहरूमा सहभागी हुने, सरकारको कार्यहरूको निगरानी गर्ने र सरकारको कार्यसम्पादन उपर प्रश्न गर्ने उपयुक्त वातावरण तयार गर्नु पर्दछ। यसबाट सार्वजनिक कोषको संरक्षण र उपयोगमा जनतालाई विश्वास दिलाउन र सुशासन तर्फ सरकारलाई अग्रसर गर्न मद्दत पुग्दछ।

२.६.१ **बजेट निगरानीको आधारहरू :** स्थानीय तहको बजेट निगरानीको लागि देहाय बमोजिम कानूनी व्यवस्था गरिएको छः

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थापन गर्न नियमावली बनाई लेखा समिति, विधायन समिति, सुशासन समिति लगायत आवश्यकता अनुसार अन्य समिति गठन गर्न सक्ने।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ ले स्थानीय तहले आफ्नो आय तथा व्ययको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट गराउनु पर्ने ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) मा स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जबाफदेही बनाउन योजना, कार्यक्रम, आयोजना

कार्यान्वयन र सेवा प्रवाहको लेखाजोखा गर्न सरोकारवाला समेतलाई भेला गराई सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनवाइ गर्ने।

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ कार्यालयको कामकारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन सर्वसाधारण र सरोकारवालाको कानून सम्मत सरोकारलाई सम्बोधन गर्न तोकिए बमोजिम सार्वजनिक सुनवाइ गर्नु गराउनु पर्ने।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली,२०६५को नियम १९ प्रत्येक चौमासिकमा कम्तीमा १(एक) पटक आफूले गरेको कामको सम्बन्धमा सार्वजनिक सुनवाइ गर्ने।

२.६.२ **बजेट निगरानीका क्रियाकलापहरू :** जबाफदेहिता भन्नाले सार्वजनिक जिम्मेवारीमा रहेका व्यक्ति वा संस्थाहरूले आफ्नो जिम्मेवारी वा कर्तव्य प्रति विधायिका वा कानून द्वारा स्थापित संस्था वा नागरिकलाई जवाफ दिनु हो । बजेटको निगरानी सम्बन्धी कानुनी व्यवस्थाहरू र बजेटको निगरानी सम्बन्धी असल अभ्यास बमोजिम स्थानीय सरकारले बजेट सम्बन्धी जवाफदेहीता प्रभावकारी रूपमा पुरा गर्न निगरानी व्यवस्थामा देहायका विधि प्रक्रियाहरू सुझाइएको छ।

- स्थानीय कार्यपालिकाको बजेट निर्णयलाई पारित गर्न र यसको कार्यान्वयन प्रति जबाफदेही बनाउन स्थानीय सभाको मौलिक भूमिका हुन्छ। स्थानीय सभा र यसका समितिहरूलाई बजेट प्रक्रियाका सबै मुख्य चरणहरूमा संलग्न गराइ लेखाजोखा गर्नमा स्थानीय कार्यपालिकाले अवसर प्रदान गर्नुपर्छ ।

- स्थानीय सभा वा समितिहरू बजेट प्रक्रिया गहन छलफलका लागि केन्द्रित हुन् समितिका सदस्यहरू बजेटसँग सम्बन्धित विषयहरूको विशेष ज्ञान आफैले बढाउन र आफैले कार्यकारीणीलाई सूचित गरी बजेटका सबै चरणमा "जबाफदेही संवाद" लाई निरन्तरता दिन सक्ने व्यवस्था गर्ने ।

- स्थानीय सभाले बजेट सम्बन्धी विषयहरूमा समावेशी र गुणस्तरीय छलफलमा योगदान गर्न सक्ने नागरिकहरू, नागरिक संस्थाहरू, र स्वतन्त्र विशेषज्ञहरूबाट प्रत्यक्ष रूपमा पृष्ठपोषण प्राप्त लिने ।

- बजेट प्रस्ताव सभामा पेस गर्नुअघि बजेट नीति तथा कार्यक्रम सभामा छलफल गर्नु पर्ने।

- स्थानीय सभाले बजेट स्वीकृत गर्नु पर्ने समय सीमा भन्दा १ महिना अघि कार्यपालिकाले छलफलका लागि बजेट प्रस्ताव सभामा पेस गर्ने ।

- सभाबाट गठित विशेष समितिले बजेट प्रस्ताव जाँच गरी सभा वा सभाले गठन गरेको समितिबाट बजेट कार्यान्वयनको अनुगमन गर्ने व्यवस्था गर्ने ।

- कार्यपालिकाले सभाबाट स्वीकृति अर्थात्, पहिले अनुमान गरिएको भन्दा बढी रकम खर्च गर्दा सभाको स्वीकृति वा अनुमोदन प्राप्त गर्ने।

- महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षण प्रतिवेदन सभा वा सभाले तोकेको समितिमा छलफल गर्ने।

- स्थानीय पालिकाले आफूले गरेको कामको सम्बन्धमा तोकिएको समय भित्रै सार्वजनिक सुनवाइ गर्ने ।
- स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जबाफदेही बनाउन योजना, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहको लेखाजोखा गर्न सरोकारवाला समेतलाई भेला गराई तोकिएको समय भित्रै सामाजिक परीक्षण गर्ने।

***बजेट तर्जुमा प्रक्रिया तथा कार्यान्वयनको निगरानीका लागि स्थानीय तहले स्थापित गर्नु पर्ने विधि एवम् प्रक्रियाहरू अनुसूची -३ मा उल्लेख गरिएको छ।***

# परिच्छेद–३
# नागरिक बजेट

३.१ **नागरिक बजेट** : नागरिक बजेट सरकारद्वारा तयार गरेको स्वीकृत बजेटको सरलीकृत संस्करण हो। सरकारको बजेटमा तथ्याङ्कयुक्त प्रस्तुति एवम् प्राविधिक शब्दावलीको प्रयोग धेरै हुने भएकोले सर्वसाधारण नागरिकलाई बजेटका तथ्यहरू बुझ्न कठिन हुन्छ। त्यसैले सरकारको सार्वजनिक वित्तीय नीति, निर्णयहरू तथा बजेटहरू सर्वसाधारण नागरिकलाई सरल रूपमा बुझाउन नागरिक बजेट तयार गर्ने प्रचलन बढ्दै गएको पाइन्छ। नागरिक बजेटलाई वार्षिक बजेटमा उल्लेखित सूचना तथा तथ्याङ्कहरूको भाषा र अर्थ संक्षिप्त रूपमा आम नागरिकले बुझ्ने गरी प्रकाशित गरिएको पुस्तिकाको रूपमा बुझिन्छ। नागरिक बजेटमा स्वीकृत बजेटको तथ्याङ्क, सूचनाहरू, भाषालाई आम नागरिकले बुझ्ने गरी सरल रूपमा प्रस्तुत गरिन्छ।




स्थानीय तहको सन्दर्भमा नागरिक बजेट भन्नाले स्थानीय सभामा स्थानीय कार्यपालिकाले पेस गरेको वा स्थानीय सभाबाट पारित भएको बजेटको सरल संस्करण रूपमा बुझिन्छ। यसमा आगामी वर्षको लागि स्थानीय सरकारले स्रोत सङ्कलन कहाँबाट गर्छ, उक्त स्रोत कहाँ कसरी खर्च गरिन्छ, बजेटको उद्देश्य, प्राथमिकता, कार्यक्रमका साथै बजेटको प्राविधिक विषयवस्तुहरू सर्वसाधारण नागरिकहरूले समेत स्पष्ट बुझ्ने गरी सरल रूपमा प्रस्तुत गरिन्छ।

कतिपय मुलुकहरूमा नागरिक संस्थाहरूले (CSOs) पनि सरकारको बजेटलाई नागरिक बजेटको रूपमा तयार गरी प्रकाशन गर्ने गरेका छन्। तथापि उक्त कार्य सरकारद्वारा तयार गर्नुपर्ने नागरिक बजेटको विकल्प हुन सक्दैन। सरकार तथा यसका संयन्त्रहरूलाई बजेटमा अन्तर्निहित आर्थिक अनुमानहरू, विनियोजनका प्राथमिकताहरू आदि बारे सूचनामा सहज पहुँच हुने भएर मात्र नभई जनता प्रतिको जबाफदेहिता पुरा गर्न पनि सरकारले नागरिक बजेट प्रकाशित गरी सार्वजनिक गर्नु उपयुक्त हुन्छ।

३.२ **नागरिक बजेटको आवश्यकता :** स्थानीय सरकारको आयको स्रोतहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नागरिकबाट उठाएको कर, शुल्क, राजस्व तथा प्राकृतिक स्रोतहरूको उपयोग बापत प्राप्त रोयल्टी, संघीय र प्रदेश सरकारहरूबाट प्राप्त अनुदान, तीन तहका सरकारहरू बिच राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, सघंसंस्था वा अन्य स्थानीय तहबाट प्राप्त हुने रकमहरू रहेको देखिन्छ। सरकारले विभिन्न स्रोतहरूबाट जनताको नाममा जनताका लागि रकम कसरी प्राप्त गर्छ, प्राप्त रकम जनहित र कल्याणको लागि कसरी खर्च गर्छ भन्ने सम्बन्धमा जानकारी पाउनु नागरिकको आधारभूत अधिकार हो। उक्त सूचना एवम् जानकारीहरू नागरिकले बुझ्ने गरी सुस्पष्ट रूपमा सार्वजनिक गर्ने प्रभावकारी माध्यम नागरीक बजेट भएकोले स्थानीय सरकारले नागरिक बजेट प्रकाशन गर्नु पर्दछ।

बजेट नागरिकको कल्याणका लागि सरकारले तयार गरेको कार्यक्रम, योजना र क्रियाकलापहरू कार्यान्वयन प्रारूप हो। त्यसैले सरकारको बजेट सार्वजनिक चासोको बिषय हुन्छ। स्थानीय सरकारको नीति, कार्यक्रम, योजना, आम्दानी र खर्चका अनुमानहरू बारे नागरिकलाई सरल तरिकाले जानकारी दिने उपयुक्त माध्यम भएकोले नागरिक बजेट तयार गरी सार्वजनिक गर्नु पर्दछ।

सचेत नागरिकले मात्र सबै तहका सरकारहरूलाई जवाफदेही बनाउन सक्छ। नागरिक बजेटले नागरिक, नागरिक समाज र सरोकारवालाहरूलाई बजेटको जानकारी दिन र बजेट प्रक्रियामा सहभागी हुन सक्षम बनाउने भएकोले अन्ततः सरकारलाई जवाफदेही बनाउन योगदान गर्छ।

सबै तहका सरकारहरूले बजेट पारदर्शिताका सिद्धान्तहरूको पालना गर्नु पर्ने खुल्ला सरकार साझेदारीको आधारभूत सिद्धान्त रहेको छ। यसकालागि यस निर्देशिकाको खण्ड दुईमा उल्लेख भए बमोजिम बजेटसंग सम्बन्धित नागरिक बजेट लगायत आठ प्रकारका अभिलेख वा प्रतिवेदनहरू सर्वसाधरणको जानकारीका लागि सार्वजानिक गर्नु पर्ने व्यवस्था गरेको छ। त्यसैले बजेट पारदर्शिताको प्रयोजन पुरागर्न समेत नागरिक बजेट तयार गर्नु पर्दछ।

नागरिक बजेटले स्वीकृत बजेटको तथ्याङ्क, सूचना, प्राविधिक विषयलाई आम नागरिकले बुझ्न सहयोग गर्ने मात्र नभई सबै तहका सरकारलाई समेत देहायका विषयहरूमा सहयोग गर्दछ।

- नागरिक बजेट सरकारी बजेटलाई सर्वसाधारण नागरिकहरूले सजिलै बुझ्न र बिश्लेषण गर्न सक्ने गरी सूचना प्रदान गर्ने माध्यम हो। यसले सरकारका क्रियाकलाप, योजना, कार्यक्रमहरूलाई पारदर्शी बनाउन मद्दत गर्दछ।

- यसले सरकारको बजेट तथा कार्यक्रम बारे नागरिकहरूको बुझाई व्यापक बनाउनुका साथै र बजेट प्रति नागरिकको स्वामित्व तथा अपनत्व बढाउन मद्दत् गर्दछ।

- सरकार जनताप्रति उत्तरदायी छ भन्ने अनुभूति दिलाउन नागरिक बजेट सरकारको लागि विशेष रूपमा प्रभावकारी माध्यम हुन सक्छ।

- नागरिक बजेटले सरकारको वित्तीय नीति, कल्याणकारी योजना, कार्यक्रमहरूको व्याख्या सजिलै बुझ्न सकिने ढाँचामा नागरिकहरूलाई सम्प्रेषण गर्ने हुनाले सरकारको विश्वसनीयता बढाउन समेत मद्दत पुराउँछ।

३.३ **नागरिक बजेट संयन्त्र व्यवस्था :** नागरिक बजेट पुस्तिका तयार गर्ने कार्यलाई संस्थागत गर्न तथा निरन्तरता दिन स्थायी संयन्त्र आवश्यकता पर्दछ। स्थानीय तहले नागरिक बजेट विकास, प्रकाशन एवम् वितरण सम्बन्धी क्रियाकलापहरू कार्यान्वयन गर्न आवश्यक पर्ने संरचना, स्रोत र क्षमताहरू आकलन गरी आवश्यक प्रबन्ध गर्नु पर्छ। स्थानीय तहले नागरिक बजेट विकास, प्रकाशन, प्रसारणका लागि संयन्त्रको व्यवस्था गर्दा देहायका विषयहरूमा सुनिश्चित हुनु पर्दछ।

- नागरिक बजेटको आधिकारिकता एवम् विश्वसनीयता र सर्वव्यापी स्विकार्यता बढाउन स्थानीय कार्यपालिकाले कुनै इकाई वा शाखालाई नागरिक बजेट विकास, प्रकाशन एवम् वितरण सम्बन्धी अधिकार वा कार्य जिम्मेवारी तोक्नु पर्दछ।

- स्थानीय तहले स्थापित गरेको संयन्त्र वा जिम्मेवारी तोकिएको इकाई वा शाखालाई नागरिक बजेट विकास, प्रकाशन गर्न आवश्यक पर्ने सूचनाहरूमा पहुँच हुनुपर्छ।

- नागरिक बजेटको प्रकाशन एवम् प्रसारण सम्बन्धी सबै सम्भावित क्रियाकलाहरू सञ्चालनको लागि स्थानीय तहले आवश्यक पर्ने बजेट सुनिश्चित गर्नु पर्दछ।


- नागरिक बजेटको प्रकाशन एवम् प्रसारणका लागि आवश्यक पर्ने कर्मचारीहरू तथा विज्ञ जनशक्तिको व्यवस्था गर्नु पर्छ।

- स्थानीय सरकारको बजेटमा उल्लेखित विषयहरूको जानकारीहरू संक्षिप्तमा, सर्वसाधारणले बुझ्ने भाषा र आकर्षक ढाँचामा सञ्चार गर्न विशेष सीप आवश्यक हुन्छ। नागरिक बजेट विकास एवम् प्रकाशन गर्न आवश्यक पर्ने ज्ञान सीप अभिवृद्धिको लागि कर्मचारीहरूलाई नियमित तालिम तथा क्षमता विकासका कार्यक्रमहरूको व्यवस्था गर्नु पर्दछ।

- सूचनामा पहुँच तथा योजना तर्जुमा सम्बन्धी दक्षता हुने भएकोले नागरिक बजेट प्रकाशन एवम् वितरणको लागि संयन्त्रको व्यवस्था गर्दा स्थानीय तहको योजना शाखा र आर्थिक प्रशासन शाखालाई यस सम्बन्धी जिम्मेवारी तोक्नु उपयुक्त हुन्छ।
- नागरिक बजेटसँग सम्बन्धित क्रियाकलापहरूको दिगो र प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्न स्थापित संयन्त्रको कार्यविधि, कार्यसम्पादनको अनुगमन तथा तथा सुपरिवेक्षण गर्ने व्यवस्था गर्नु पर्दछ।

**३.३ नागरिक बजेट विकास प्रक्रिया :** सामान्यतया नागरिक बजेट विकास प्रक्रियामा देहाय बमोजिम ५ चरणहरू रहेका छन्:

- योजना तयारी।
- परामर्श एवम् सुझाव सङ्कलन गर्ने।
- नागरिक बजेट विकास गर्ने।
- नागरिक बजेट सार्वजनिक गर्ने।
- मूल्याङ्कन एवम् पृष्ठपोषण।




३.३.१. **योजना तयारी:** नागरिक बजेट विकास गर्ने कार्यक्रम स्थानीय तहको रणनीतिक योजना, आवधिक योजना, वार्षिक योजनाहरूमा समावेश गर्नु नागरिक बजेट विकासको पहिलो चरण हो। स्थानीय तहले नागरिक बजेट विकास, प्रकाशन एवम् वितरण सम्बन्धी क्रियाकलापहरू कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत र क्षमताहरू आकंलन गरी आवश्यक बजेट तथा अन्य स्रोतको व्यवस्था यस चरणमा गर्नु पर्छ। साथै यस चरणमा नागरिक बजेट विकास गर्ने लक्ष्य र उद्देश्यहरू परिभाषित गर्ने, नागरिक बजेट विकास गर्न सञ्चालन गर्नु पर्ने क्रियाकलापहरू पहिचान गर्ने र पहिचान गरिएका क्रियाकलापहरू कार्यान्वयन कार्यतालिका तयार गर्नु पर्छ। नागरिक बजेट प्रकासन गर्ने स्थानीय तहले सामान्यतया नागरिक बजेट विकास, प्रकाशन र प्रसारणसंग सम्बन्धीत देहाय बमोजिमका क्रियाकलापहरू समावेस गरी कार्यतालिका तयार गर्नु पर्छ।

- नागरिक बजेट तयार गर्न आवश्यक सूचना सङ्कलन गर्ने,
- सम्भावित प्रयोगकर्ताहरूसँग परामर्श गर्ने,
- स्थानीय तहको बजेटको अध्ययन गर्ने,

- नागरिक बजेट विकासको माध्यम (पुस्तिका, भिडियो, अडियो) प्रसारणको माध्यम छनौट गर्ने,
- नागरिक बजेट तयार गर्ने,
- नागरिक बजेट छपाई वा उत्पादन (पुस्तिका, भिडियो, अडियो) गर्ने नागरिक बजेट प्रसारण एवम् वितरण गर्ने,
- पृष्ठपोषण लिने,
- नागरिक बजेट विकास, प्रकाशन र प्रसारणको अनुगमन गर्ने,
- नागरिक बजेटको प्रभाव मूल्याङ्कन गर्ने,
- अभिलेख गर्ने।

३.३.२ **उपयोगकर्तासँग परामर्श एवम् सुझाव सङ्कलन :** नागरिक बजेटमा स्थानीय सरकारको बजेटको मुख्य मुख्य विषयहरूलाई समेटी सर्वसाधारण नागरिकले सहजै बुझ्ने गरी प्रस्तुत गरिन्छ। नागरिक बजेटमा नागरिकका जन जीविकामा असर गर्ने एवम् नागरिकहरूले चासो राख्ने विषयहरू उल्लेख गर्नु पर्छ। त्यसैले नागरिकहरू, नागरिक बजेटमा के कस्तो रूपमा र कस्ता सूचना चाहन्छन् भनी राय, सुझावहरू सङ्कलन गर्नु नागरिक बजेट विकासको दोस्रो चरण हो। यसका लागि नागरिक बजेट पुस्तिकामा, सरकारको वार्षिक बजेटमा उल्लेखित के कस्ता सूचना वा जानकारी चाहेका छन् भनी नागरिकहरू सँग सम्पर्क गरी धारणा बुझ्ने, सुझाव सङ्कलन गर्ने कार्य गरिन्छ। नागरिकहरूको धारणा बुझ्न स्थानीय तहहरू देहायका विषयहरूमा स्पष्ट हुनु पर्दछ।

| | |
|---|---|
| **को सँग परामर्श गर्ने ?** | स्थानीय तहमा रहेका नागरिक बजेटका उपयोगकर्ताहरूको पहिचान गरी परामर्शका लागि प्राथमिकता क्रम तयार गर्नु पर्दछ। सामान्यतया स्थानीय तहका आम नागरिकहरू, सबै वर्ग समुदाय, बुद्धिजीवी, स्थानीय संघसंस्था, व्यवसायी, उद्योगी, महिला र ज्येष्ठ नागरिक आदिको प्रतिनिधित्व हुने गरी परामर्श, राय सुझाव सङ्कलन गर्नु पर्दछ। |
| **के विषयमा परामर्श गर्ने ?** | नागरिक बजेटको प्रयोगकर्ताहरू नागरिक बजेट के कस्तो आकार वा ढाँचामा, के कस्ता सूचना वा जानकारीहरू चाहेका छन् भन्ने विषयहरूमा राय सुझावहरू सङ्कलन गर्न, बजेटमा नागरिकहरूको चासोको विषयहरू बुझ्न विभिन्न माध्यमबाट नागरिकहरूसँग सम्पर्क गरी परामर्श गरिन्छ। देहायका विषयमा नागरिकहरूको धारणा बुझ्न सकिन्छ। |

- तपाईं सरकारको बजेटमा कत्तिको चासो राख्नु हुन्छ?
- सार्वजनिक खर्चको प्राथमिकता के हुनुपर्छ?
- नागरिक बजेटमा के कस्ता विषयवस्तु समावेश हुनुपर्छ?
- सरकारले सार्वजनिक खर्चको बारेमा उपलब्ध गराएको जानकारीबाट तपाई सन्तुष्ट हुनु हुन्छ?
- बजेटको बारेमा थप के कस्तो जानकारी लिन चाहनु हुन्छ?
- नागरिकको बजेट कुन आकार र रूपमा चाहनु हुन्छ?

**कसरी परामर्श गर्ने ?**

नागरिकहरूबाट सुझाव सङ्कलनका लागि देहायका मध्ये एक वा एक भन्दा बढी माध्यमहरू अपनाउन सकिन्छः

- व्यक्तिगत भेटघाट बैठक,
- पत्रपत्रिकाबाट जानकारी दिएर वा सुझाव माग गरेर,
- रेडियोबाट जानकारी दिएर,
- सामुहिक बैठक वा अन्तरक्रिया आयोजना गरेर,
- इन्टरनेट वा वेब पेज मार्फत र
- सर्वेक्षण।

व्यक्तिगत बैठक वा अन्तरक्रिया आयोजना नागरिक बजेट सम्बन्धमा परामर्श गरी सुझाव सङ्कलन गर्ने किफायती र प्रभावकारी माध्यम हो। व्यक्तिगत भेटघाट बैठक वा अन्तरक्रिया बैठक आयोजना गर्दा देहायका विषयहरूमा ध्यान दिनु पर्छ।

- बैठकमा आमन्त्रण गरिएको व्यक्ति नागरिक बजेटको सम्भावित प्रयोगकर्ताहरू हुनु पर्ने।
- बैठकमा स्थानीय बुद्धिजीवी, विषय विज्ञ, अनुभवी, पेसाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाहरूको सहभागिता

सहभागिता सुनिश्चित गर्ने।

- बैठकमा आमन्त्रण गर्दा कार्यक्रमको उद्देश्य, कार्य क्षेत्र, प्रक्रिया, कार्यतालिका अग्रिम जानकारी गराउने।
- बैठकमा आमन्त्रण गर्दा चिठ्ठीपत्र, सूचना प्रकाशित गरेर र स्थानीय तहको वेब पेज मार्फत उपयुक्त म्याद दिई आमन्त्रण गर्ने।
- छलफलमा प्रायः सधै आमन्त्रण गर्नु पर्ने व्यक्ती, सङ्घ संस्थाहरूको अभिलेख र सम्पर्क विवरण तयार गरी अद्यावधिक अभिलेख राख्ने।
- छलफल तथा अन्तरक्रिया कार्यक्रमको एजेन्डाहरू, उपस्थिति र निर्णयहरूको माईन्युट राख्ने।
- छलफल तथा अन्तरक्रिया कार्यक्रमबाट प्राप्त सुझाव, पृष्ठपोषण, सम्बोधन गरिएको छ भने त्यसको जानकारी नागरिकलाई उपयुक्त माध्यमबाट गराउने।

**कुन समयमा परामर्श गर्ने?**

सामान्यतया नागरिक बजेटको योजना तयारी चरणमा राय सुझाव सङ्कलन गर्ने र नागरिक बजेट जारी गरे पश्चात् पृष्ठपोषण लिन उपयुक्त हुन्छ। व्यापक सहभागिता तथा सुझावका लागि पर्याप्त समय दिई कहिले, कहाँ, कसरी कुन विषयमा बैठक, छलफल हुदै छ भनी स्थानीय तह भित्रका सम्बन्धित सबैलाई सूचना वा जानकारी गराउनु पर्छ।

**३.३.३ नागरिक बजेट विकास गर्ने :** स्थानीय सरकारको बजेट पुस्तिका धेरै पृष्ठको हुन सक्छ। धेरै प्राविधिक विषय वस्तु सम्मिलित बजेटको मर्मलाई न्याय गर्दै संक्षिप्त स्वरूपमा नागरिक बजेट तयार गर्नु चुनौतीको विषय हो। नागरिकहरू सँगको परामर्शले नागरिक बजेटमा उल्लेख गर्नुपर्ने विषयहरू, यसको आकार, नागरिक बजेट कसलाई कसरी उपलब्ध गराउने भन्ने सम्बन्धमा धेरै किसिमका सुझावहरू प्राप्त हुन सक्छ। प्राप्त सबै सुझावहरू कार्यान्वयनमा ल्याइ नागरिक बजेट पुस्तिका प्रकाशन गर्दा यसको आकार र आकर्षणमा समेत असर गर्ने तथा आम नागरिकहरू सूचनाहरूको बोझले थिचिने जोखिम हुन सक्छ। त्यसैले प्राप्त सबै सुझावलाई कार्यान्वयन गर्नु व्यावहारिक हुदैन। परामर्शबाट आएका सुझावहरू कार्यान्वयन गर्नु स्थानीय सरकारको लागि

बाध्यकारी पनि हुँदैन। त्यसैले स्थानीय तहहरूले प्रत्येक सुझावहरूमा राम्रोसँग छलफल मनन गरी उचित निर्णय गर्न आवश्यक हुन्छ। यद्यपि, सम्भव भएसम्म सम्भावित प्रयोगकर्ताहरूको बढी भन्दा बढी चासोका विषयहरू सम्बोधन गरी नागरिक बजेटको विषयवस्तु समावेश गर्न प्रयास गर्नु पर्दछ। धेरै भन्दा धेरै सुझावहरू सम्बोधन गरी नागरिक बजेट प्रकाशन हुँदा बढी भन्दा बढी नागरिकहरूले यसको उपयोग गर्ने अवस्था रहन्छ।

नागरिक बजेटले बजेटका तथ्याङ्कहरू, सूचनाहरू धेरै भन्दा धेरै जनताहरूसम्म पुऱ्याउने उद्देश्य राखेको हुन्छ। नागरिक बजेट विकास गर्दा देहायका विषयहरूलाई समेत ध्यान दिनु पर्दछ।

- बजेटमा उल्लेखित सबै तथ्याङ्क, सूचनाहरू आम नागरिकका लागि महत्त्वपूर्ण वा चासोको विषय नहुन सक्छ। त्यसैले बजेटका कस्तो सूचना बजेटमा समावेश गर्ने भन्ने विषय प्रयोगकर्ताहरू र विषय बिचको सम्बन्धमा भर पर्छ।



- बजेटका सूचना, तथ्याङ्कहरू कसरी (भाषागत, चित्र, ग्राफ, चार्ट, भिडियो) नागरिक बजेटमा समावेश गर्ने भन्ने विषय प्रयोगकर्ताहरूको साक्षरता अवस्था, सञ्चारका माध्यमहरूमा पहुँच आदीमा निर्भर गर्दछ।
- सूचनाहरूको परिमाण (quantity) सम्भावित प्रयोगकर्ताहरू को हुन र तिनीहरू कस्तो सूचना चाहन्छन् भन्नेमा भर पर्छ।
- बजेटमा उल्लेखित तथ्याङ्कहरू, प्राविधिक विषयवस्तुहरूलाई संक्षिप्तमा सरल रूपमा प्रस्तुत गरी आम नागरिकलाई बजेटको अर्थ, महत्त्व स्पष्ट गर्ने भएकोले नागरिक बजेट आम नागरिक समक्ष पहुँच बनाउन स्थानीय तहमा सबैले बुझ्ने र पढ्ने भाषामा प्रकाशित गर्नु पर्छ।
- नागरिक बजेटको आकार (पृष्ठ) कत्रो हुनुपर्छ ? भन्ने सम्बन्धमा कुनै सूत्र वा नियम छैन तर पनि नागरिक बजेटमा जरुरी र प्रयोगकर्ता लक्षित जानकारीहरू संक्षिप्त रूपमा प्रकाशन गर्नु पर्छ।

- प्रयोगकर्ताहरूको ध्यानाकर्षण गराउन नागरिक बजेट पुस्तिका आकर्षक रूपमा तयार गर्नु पर्छ।

३.३.४ **नागरिक बजेटको सार्वजनिक वितरणः** बजेट पारदर्शिता सम्बन्धी असल अभ्यास बमोजिम सरकारले सार्वजनिक गर्नु पर्ने बजेट र यस सँग सम्बन्धित आठ वटा प्रतिवेदन तथा अभिलेखहरू मध्ये नागरिक बजेट एक महत्त्वपूर्ण अभिलेख हो। त्यसैले कार्यपालिकाबाट पेस गरिएको बजेट प्रस्ताव स्थानीय सभाबाट स्वीकृत भइसकेपछि जतिसक्दो चाँडो नागरिक बजेटको स्वरूपमा सार्वजनिक गर्नुपर्छ।

नागरिक बजेट प्रकाशित गरेर मात्र यसको उद्देश्य पूरा हुँदैन यसलाई लक्षित उपयोगकर्ताहरू सम्म पुराउनु पर्छ। नागरिक बजेट अन्तिम तप्कामा रहेका नागरिकहरू सम्म पुऱ्याउन सरकारले सार्थक प्रयास गर्नु पर्दछ। नागरिक बजेट सार्वजनिक वितरणको लागि भिडियो, पत्रपत्रिका, अडियो, पुस्तिका, सामाजिक सञ्जाल आदि माध्यम प्रयोग गर्न सकिन्छ। तर नागरिक बजेटको व्यापक प्रसारणको लागि स्थानीय अवस्था अनुसार प्रसारणको उपयुक्त माध्यमहरू छनौट गर्नु पर्छ। वितरण एवम् प्रसारणका माध्यमहरू मध्ये कुन माध्यम प्रयोग गर्ने भन्ने विषय सूचना वा जानकारी कुन माध्यमबाट प्रसारण गर्दा ज्यादा प्रभावकारी हुन्छ र नागरिक बजेट उपरोक्त मध्ये कुन फरम्याटमा तयार गरिएको छ त्यसमा निर्भर गर्दछ। नारिक बजेट प्रसारणका लागि प्रभावकारी माध्यमहरू देहायमा चर्चा गरिएको छ।

**पुस्तिका एवम् बुकलेट** : पुस्तिका एवम् बुकलेट नागरिक बजेट प्रकाशन एवम् वितरणको लोकप्रिय माध्यम रहेको छ। विश्वका अधिकांश मूलुकहरूले नागरिक बजेट प्रकाशन एवम् वितरणको लागि बुकलेट वा पुस्तिकाको प्रयोग गरेको देखिन्छ। पुस्तिका एवम् बुकलेटमा तालिका, ग्राफ, पाई चार्ट, तथा चित्रहरूका माध्यमबाट नागरिक बजेटका सूचनाहरू सम्प्रेषण गर्न सकिन्छ।




**रेडियो** : रेडियो, स्थानिय श्रोताहरूलाई बजेटको महत्वपूर्ण जानकारी प्रदान गर्ने सस्तो र प्रयोग गर्न सजिलो माध्यम हो। यसबाट एकै पटक धेरैलाई सुनाउन, दुर्गम क्षेत्रका जनता सम्म सूचना पुऱ्याउन र धेरै भन्दा धेरै जनतालाई जानकारी दिन भरपर्दो माध्यम हो। रेडियो नाटक तयार गरेर, रेडियो छलफल अन्तरक्रिया सञ्चालन गरेर, अन्तर्वार्ता प्रस्तुत गरेर रेडियोको माध्यमबाट बजेटको जानकारी दिन



सकिन्छ।

**भिडियो :** बजेटको जटिल जानकारी आकर्षक तरिकामा प्रस्तुत गर्न भिडियो शक्तिशाली माध्यम हुन सक्छ। यसले बजेटको व्यवस्थाहरूलाई दृश्यात्मक तथा कार्टुनहरू रूपमा चित्रण गरी लेख पढ गर्न नसक्ने तथा दुर्गम क्षेत्रका नागरिकहरू समेतलाई सम्प्रेषण गर्न सम्भवतःसबैभन्दा प्रभावकारी माध्यम हुन्छ। तथापि भिडियो तयार गर्न अपेक्षाकृत बढी लागत र सीप, दक्ष जनशक्ति तथा बाह्य परामर्शको आवश्यकता पर्ने भएकोले लागत प्रभावी नहुन सक्छ ।



**इन्टरनेट :** स्थानीय तहको बजेट पारदर्शिताको लागि वेब पृष्ठ प्रयोग गर्न सकिन्छ। वेबसाइट, सम्बन्धित स्थानीय तहको जानकारी डिजिटल फरम्याटमा भण्डारण तथा सार्वजनिक प्रकाशन गर्ने प्रभावकारी माध्यमको रूपमा विकास हुँदै गएको छ। नागरिक बजेट प्रसारित गर्न इन्टरनेट विभिन्न रुपमा प्रयोग गर्न सकिन्छ। नागरिकलाई बजेट सम्बन्धी जानकारी गराउन नागरिक बजेट बुकलेट, भिडियो, पुस्तिका, श्रब्य आदि रूपमा तयार गरी सार्वजनिक प्रसारण गर्न वेबसाइट सजिलो तथा उपयोगी माध्यम भएको छ। स्थानीय तहले वेबसाइटमा बजेट तथा यस संग सम्बन्धित अभिलेखहरूको लिङ्क उपलब्ध गराई प्रयोगकर्ताहरूलाई जानकारी लिन सजिलो बनाउँछ।




**https://siddharthanagarmun.gov.np**

**https://janakpurmun.gov.np**

बजेटको पारदर्शिताको लागि स्थानीय नगर वा गाउँ सभाबाट स्वीकृत गरेको वार्षिक बजेट तथा कार्यक्रम सर्वसाधारणलाई सरल रूपमा जानकारी गराउन नागरिक बजेट तयार गरी पुस्तिका र मल्टी मिडियाको रूपमा प्रकाशित गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकाको वेबसाइटमा प्रकाशन तथा अन्य उपलब्ध माध्यमबाट प्रसारण एवम् वितरण गर्नु उपयुक्त हुन्छ।

३.३.५ **पृष्ठपोषण एवम् मूल्याङ्कन :** स्थानीय तहले नागरिक बजेट तयार गरी सार्वजनिक वितरण गरे पश्चात नियमित रूपमा पृष्ठपोषण एवम् सुझावहरू सङ्कलन गर्ने र केही वर्षको अन्तरालमा प्रभाव मूल्याङ्कन गर्नु पर्छ। सार्वजनिक गरिएको नागरिक बजेटको प्रभाव मूल्याङ्कन एवम् पृष्ठपोषण तथा सुझावहरू सङ्कलनले आगामी वर्षको नागरिक बजेट सम्बन्धी नीति, कार्यक्रम तर्जुमा गर्न र नागरिकहरूको रुची अनुरूप सुधार सहित नागरिक बजेट तयार गर्न तथा प्रभावकारी नतिजा प्राप्त गर्न योगदान पुग्छ। नागरिक बजेट सार्वजनिक गरेपश्चात् उपयोगकर्ता सँगको भेटघाटमा प्रतिक्रिया लिएर, पत्रपत्रिकाबाट जानकारी दिएर वा सुझाव माग गरेर, स्थानीय रेडियोबाट

जानकारी दिएर, बैठकमा आमन्त्रण गरेर, इन्टरनेट वा वेब पेज मार्फत पृष्ठपोषण एवम् सुझावहरू सङ्कलन गर्न सकिन्छ। नागरिक बजेट उपर सुझाव सङ्कलन एवम् पृष्ठपोषणका लागि देहायका विषयहरूमा आधारित भई सूचना सङ्कलन गर्न सकिन्छ।

- नागरिक बजेट प्राप्त भयो वा भएन?
- नागरिक बजेटमा उल्लेखित बजेट सम्बन्धी जानकारी उपयोगी थिए?
- नागरिक बजेटमा के कस्ता विषयवस्तु समावेश हुनुपर्छ?
- नागरिक बजेट कुन आकार र ढाँचामा चाहन्छन्?
- नागरिक बजेट रेडियो, भिडियो, पत्र पत्रिका, पुस्तिका मध्ये कुन माध्यमबाट चाहन्छन्?
- नागरिकहरूको कुन माध्यममा बढी पहुँच छ?

नागरिक बजेटको प्रभाव मूल्याङ्कन गर्न नागरिक बजेट सार्वजनिक गरे पश्चात् निश्चित अन्तराल पछि नागरिक बजेटको उपयोगकर्ताहरूमा पुगेर सर्वेक्षण गर्न सकिन्छ। सर्वेक्षणबाट देहायका विषयमा नागरिकहरूको धारणा सङ्कलन एवम् विश्लेषण गरी प्राप्त निष्कर्ष नागरिक बजेट सम्बन्धी नीति, कार्यक्रम तर्जुमामा प्रयोग गर्नु पर्छ।

- नागरिक बजेट स्थानीय तहमा कुन तह, वर्ग, समुदाय सम्म पुगेको छ ?
- नागरिक बजेटले स्थानीय सरकारको वार्षिक बजेटको जानकारी कुन तह र हदसम्म बुझाउन सफल भएको छ ?
- नागरिक बजेट कसरी तल्लो तहका नागरिक सम्म पुग्न सक्छ ?
- नागरिक बजेट पुस्तिका कसरी आकर्षक बनाउन सकिन्छ ?
- नागरिक बजेटको कुन ढाँचामा (पुस्तिका, रेडियो, भिडियो, पत्रिकामा प्रकाशन) नागरिकहरूको पहुँच बढी हुन सक्छ ?
- नागरिक बजेटले जनतालाई सरकारसंग प्रश्न सोध्न सक्षम बनाएको छ ?
- नागरिक बजेटले सरकार प्रति जनताको विश्वास बढाएकोको छ ?

# परिच्छेद-४
# नागरिक बजेटको ढाँचा

४. **नागरिक बजेटको ढाँचाः** नागरिक बजेटले जनतासँग प्रत्यक्ष सम्बन्धित स्थानीय सेवाहरूको साथै सार्वजनिक स्रोतहरू कसरी प्राप्त गरी कहाँ उपयोग गरिँदै छ भनी आम नागरिकलाई सरल एवम् बुझ्ने गरी जानकारी दिने भएकोले सरकारी बजेटको यो संस्करण नागरिकहरूको लागि अझ बढी चासोको हुन्छ। त्यसैले नागरिक बजेटमा नागरिक सरोकारका विषयहरूलाई प्राथमिकताका साथ समावेश गर्नु पर्दछ। खुल्ला सरकार साझेदारी (OGP) का सिद्धान्त अपनाउने प्रतिबद्धता जनाएका नागरिक बजेट प्रकाशित गर्ने मुलुकहरूमा प्रचलित असल अभ्यास बमोजिम नागरिक बजेट पुस्तिकामा न्यूनतम रूपमा पनि स्थानीय सरकारको बजेटको निम्न विषयहरू समावेश गर्नु पर्दछ।

> **<u>प्रचलित अभ्यासहरूः</u>**
>
> - संयुक्त अधिराज्यमा राष्ट्रिय बाहेक क्षेत्रीय सरकारहरूले पनि नागरिक बजेट तयार गर्दछन्। नागरिक बजेटले बजेटको प्राथमिकताहरू सहित समतामूलक समाज, सार्वजनिक सेवाहरू, रोजगारीको क्षेत्रमा यसले जनताको लागि के अर्थ राख्छ आदि विषयहरू उल्लेख गरिन्छ।
> - कज्जाकस्तानमा केन्द्रीय सरकारका साथै स्थानीय सरकारहरूले समेत नागरिक बजेट प्रकाशन गर्छन्।
> - अंगोला, अर्जेन्टिना, अल्वानीया, ईजराइल, इण्डोनेशिया, कज्जकस्तान, घाना, चेक रिपब्लिक, चिली, जर्जिया, जमैका, डोमिनिकन रिपब्लिक, फिलिपिन्स, पेरु, वेनीन, वुर्किनाफासो, तान्जनिया, द.अफ्रिका, नाइजेरिया, न्युजिल्यान्ड, मेक्सिको, मलेसिया, सोलोमन आइल्याण्ड, सियरालिओन आदि मुलुकहरूले केन्द्रीय सरकारको बजेटको नागरिक बजेट संस्करण प्रकाशन गर्ने गरेका छन्।

४.१ **परिचयः** नागरिक बजेटको यस खण्डमा नागरिक बजेट प्रकाशन गर्नुको उद्देश्यहरू, बजेट तर्जुमा गर्दा लिएको आधारहरू, बजेटका प्राथमिकताहरू, बजेटका अल्पकालीन तथा दीर्घकालीन लक्ष्यहरू इत्यादि विषयहरू उल्लेख गर्नु पर्दछ।

- **नागरिक बजेटको उद्देश्य :** नागरिक बजेट प्रकाशनको मुख्य उद्देश्य स्थानीय सरकारको वार्षिक बजेटको मुख्य मुख्य विषयहरू सरल रूपमा आम जनसमुदाय समक्ष प्रस्तुत गरी बजेट पारदर्शिता प्रवर्धन गर्नु रहेको हुन्छ।

- **बजेटका प्राथमिकताहरू :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ ले गाउँपालिका तथा नगर पालिकाले योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनु पर्ने व्यवस्था गरेको छ :—

  (क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,

  (ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,

(घ) स्थानीय बासिन्दाहरूको सहभागिता बढ्ने, स्वयं सेवा परिचालन गर्न सक्ने तथा लागत कम लाग्ने,

(ङ) स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,

(च) महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

(छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,

(ज) दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्द्धन गर्न सघाउ पुराउने,

(झ) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने।


- **बजेटका अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन लक्ष्यहरू :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ ले गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रको विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्ने व्यवस्था गरेको छ। उक्त व्यवस्था अनुसार स्थानीय तहहरूले तयार गरेको वार्षिक, मध्यकालीन तथा दीर्घकालीन योजनाहरूबाट बजेटका अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन लक्ष्यहरू नागरिक बजेटमा उल्लेख गर्ने।

४.२ **बजेटमा अन्तर्निहित अनुमानहरूः** नागरिक बजेटको यस खण्डमा अर्थतन्त्रको वृद्धि र विकास, दिगो विकासको लक्ष्य तथा उपलब्धिहरू, स्थानीय तहको आगामी आर्थिक वर्षको वार्षिक आय व्ययको सारांश र चालु आर्थिक वर्षमा प्रतिवेदन अवधि सम्मको स्थानीय तहले हासिल गरेको प्रमुख उपलब्धिहरू सम्बन्धी जानकारी समावेश गर्नु पर्दछ।

**क. आर्थिक विकासका सूचकहरू :** आफ्नो अधिकार क्षेत्र भित्र रहेका विषयहरूलाई आवधिक योजना, मध्यमकालीन खर्च संरचनाहरूले तय गरेका आर्थिक विकासका लक्ष्य प्राप्त हुने गरी वार्षिक बजेट तथा कार्यक्रमहरू मार्फत समृद्धि प्राप्तिमा रूपान्तरण गर्नु पर्ने जिम्मेवारी स्थानीय तहमा आएको छ। स्थानीय तहहरूले विभिन्न स्रोतहरूबाट प्राप्त रकम स्थानीय आर्थिक विकास, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य तथा सेवा प्रवाहका क्षेत्रमा खर्च गर्दछन्। यसबाट सडक, बिजुली, सिँचाइ, सीप विकास, अस्पताल, स्वास्थ्य सेवा केन्द्र, खानेपानी, सरसफाइ जस्ता पूर्वाधार तथा सेवाको विकास हुनुका साथै स्थानीय उत्पादनमा वृद्धि, रोजगारीको सृजना र आर्थिक गतिविधिहरू चलायमान हुन्छ। स्थानीय तहहरूको समृद्धि यात्राको गन्तव्य नागरिकहरूको जीवनमा सुख, समृद्धि र सकारात्मक परिवर्तन प्राप्त गर्न स्थानीय तहहरूले उपलब्ध स्रोत लक्ष्य तर्फ केन्द्रित गरी मितव्ययी तथा दक्षता पूर्वक

उपयोग गर्नु पर्दछ। सबै तहका सरकारहरूको समग्र उपलब्धिको मापन गर्न आर्थिक वृद्धिदर, प्रतिव्यक्ति आय, निरपेक्ष गरिबी, मूल्य वृद्धिदर, बेरोजगारी दर, श्रम उत्पादकत्व, कृषि वस्तुको औसत उत्पादकत्व लगायतका सूचकहरू प्रयोग गरिन्छ। सरकारको वार्षिक योजना, आवधिक योजना, मध्यमकालीन योजना, मध्यकालीन खर्च संरचनाले नागरिकहरूको सुख र समृद्धिसँग सम्बन्धित सूचकहरूका लक्ष्य निर्धारण गरेको हुन्छ। स्थानीय सरकारहरूले नागरिकहरूको सुख र समृद्धिका सूचकहरूसँग सम्बन्धित लक्ष्य एवम् उपलब्धिहरू नागरिक बजेट मार्फत जानकारी गराउने प्रचलन रहेको छ।

**स्थानीय तहको समृद्धि यात्राको ढाँचा**




नेपालले आर्थिक वर्ष २०७९/८० समृद्धि मापन गर्ने सूचकहरूमा हासिल गरेको उपलब्धि र सोह्रौं आवधिक (२०८१/८२ देखि २०८५/८६) योजनाले राखेको लक्ष्य देहाय बमोजिम रहेको छ।

| समृद्धि मापन गर्ने सूचकहरू | एकाइ | आर्थिक वर्ष २०७९/८० को यथार्त उपलब्धि | आर्थिक वर्ष २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|
| • आर्थिक वृद्धिदर | प्रतिशत | ३.९* | ७.३ |
| • प्रतिव्यक्ति आय | डलर | १४५६* | २३५१ |
| • निरपेक्ष गरिबी | प्रतिशत | २०.३ | १२ |

| समृद्धि मापन गर्ने सूचकहरू | एकाइ | आर्थिक वर्ष २०७९/८० को यथार्त उपलब्धि | आर्थिक वर्ष २०८५/८६ सम्मको लक्ष्य |
|---|---|---|---|
| • मूल्य वृद्धिदर | प्रतिशत | ७.७ | ५ |
| • मानव विकास सूचाकाङ्क | सूचाकाङ्क | ०.६०१ | ०.६५ |
| • अपेक्षित आयु (जन्म हुँदाको) | बर्ष | ७१.३ | ७३ |
| • ३० मिनेटको दूरीमा स्वास्थ्य संस्थाको पहुँच भएका परिवार | प्रतिशत | ७७ | ९० |
| • उच्च मध्यमस्तरको खानेपानी पहुँच भएका परिवार | प्रतिशत | २८.५ | ४५ |
| • साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ७६.२ | ८५ |
| • बेरोजगारी दर | प्रतिशत | ११ | ५ |
| • श्रम उत्पादकत्व | रू हजार | २४५ | २७५ |
| • सडक घनत्व | प्रति वर्ग कि.मि. | ०.६३ | ०.७७ |
| • विद्युत उत्पादनको जडित क्षमता | मेगावाट | २,९६२ | ११,७६९ |
| • प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | ३८० | ७०० |
| • विद्युतको पहुँच पुगेको जनसंख्या | प्रतिशत | ९७.७ | १०० |
| • इन्टरनेटको पहुँच पुगेको जनसंख्या | प्रतिशत | ६९.२ | ९० |
| • कृषि वस्तुको औसत उत्पादकत्व | मेट्रिक टन प्रति हेक्टर | ३.३ | ३.७ |
| • बैंक तथा वित्तीय संस्थाको पहुँच पुगेको परिवार | प्रतिशत | ६३ | ८५ |

बजेट नागरिकका लागि उपलब्ध स्रोत साधनहरूलाई परिचालन गरी निश्चित अवधि भित्र समग्र आर्थिक, सामाजिक, भौतिक विकासको लक्ष्यहरू प्राप्त गर्ने माध्यम भएकोले यसबाट हासिल गरेको

उपलब्धिहरूबारे सरकारले नागरिकहरूलाई जानकारी गराउनु पर्छ। तर स्थानीय अर्थतन्त्रको विकास तथा उपलब्धिहरू मापन गर्ने सूचकहरूसँग सम्बन्धित तथ्याङ्कहरू स्थानीय निकायहरूमा उपलब्ध नहुन सक्दछ। अर्थतन्त्रका राष्ट्रिय सूचकहरूले स्थानीय अर्थतन्त्रका स्थिति समेत प्रतिबिम्ब गर्ने भएकोले स्थानीय जनतालाई राष्ट्रिय अर्थतन्त्रको अवस्था जानकारी गराउनु सान्दर्भिक हुन सक्छ। आर्थिक विकासका लक्ष्यहरूमा प्राप्त उपलब्धिहरूबाट नागरिकहरूले सरकारको कार्यसम्पादन प्रभावकारिताको मूल्याङ्कन गर्न सक्छन्। त्यसैले नागरिक बजेटको यस खण्डमा अर्थतन्त्रको विकास मापन गर्ने सूचकहरू जस्तैः आर्थिक वृद्धि दर, मुद्रास्फीति, महँगी वृद्धि दर, कूल गार्हस्थ उत्पादन, राजस्व अनुमान र उपलब्धि तुलनात्मक रूपमा उल्लेख गरिन्छ।

ख. **दिगो विकासको लक्ष्य तथा उपलब्धीहरूः** नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन,२०७४, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायतले सार्वजनिक सेवाका महत्त्वपूर्ण जिम्मेवारीहरू स्थानीय तहलाई प्रदान गरेको छ। यस्ता जिम्मेवारीहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य उपचार, स्वच्छ खानेपानीको आपूर्ति, सरसफाइ र सामाजिक सेवा जस्ता दिगो विकासका लक्ष्यसँग सम्बन्धित विषयहरू पर्दछन्। दिगो विकासको लक्ष्यले विकासमा कोही पनि पछाडि नछुट्न भन्ने मान्यता राखेको छ। विकासका गतिविधिहरूमा सबैलाई साथसाथै लैजान गरिब, पिछडिएको र अभावग्रस्त क्षेत्रमा कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय तहको भूमिका अहम् हुन्छ ।

दिगो विकासको लक्ष्य प्राप्ति स्थानीय सरकारको समेत प्राथमिकता र जिम्मेवारीको विषय हो। जनताको निकटतम तहको सरकार भएकोले दिगो विकासको लक्ष्य प्राप्त गर्न स्थानीय तहले निर्णायक भूमिका खेल्न सक्छ। दिगो विकासका लक्ष्यहरू प्रभावकारी रूपमा अघि बढाउन स्थानीय तहले आफ्नो अनुकूलताको दिगो विकास लक्ष्यका कार्यसूची बनाउने तथा त्यसको कार्यान्वयन गर्न स्थानीय स्तरमा उपलब्ध स्रोतलाई परिचालन गर्नु जरुरी हुन्छ। स्थानीय तह नागरिकको नजिकमा रही काम गर्ने सरकार भएकोले दिगो विकासका लक्ष्यहरू कार्यान्वयन गर्दा स्थानीय जनताको सहभागिता तथा प्रभावकारी सेवा प्रवाहलाई सुनिश्चित गर्न सकिन्छ। स्थानीय तहको अधिकार क्षेत्र भित्रका प्रत्येक लक्ष्य प्राप्तिका लागि प्रत्येक स्थानीय तहले गर्न सक्ने कार्य तथा अधिकार क्षेत्रमा भएका प्रगति तथा उपलब्धिको मापन गर्न आवश्यक छ। स्थानीय तहले सबैलाई समेटेर स्रोत परिचालन गर्न, स्थानीय तथ्याङ्क उपलब्ध गराउन सहजीकरण गर्न सक्दछ। त्यसैले स्थानीय जनताको सेवा, सुविधा र समृद्धिसँग जोडिएको दिगो विकास लक्ष्यसँग सम्बन्धित स्थानीय तहको क्रियाकलापहरू र उपलब्धि सम्बन्धमा नागरिकलाई जानकारी गराउनु उपयुक्त हुन्छ।

ग. **स्थानीय तहको वार्षिक आय व्ययको सारांशः** स्थानीय तहको आय व्यय स्थानीय सरकारको बित्तीय स्वास्थ दर्शाउने ऐना हो । स्थानीय सरकारले कहाँबाट स्रोत सङ्कलन गर्छ र कहाँ

कसरी खर्च गर्छ भन्ने जानकारी नागरिकलाई दिनु सरकारको दायित्व भएकोले नागरिक बजेटमा स्थानीय सरकारको आय व्यय सारांशमा उल्लेख गर्नु उपयुक्त हुन्छ।

| शिर्षकहरु | आर्थिकवर्ष... (अनुमानित रु.) | आर्थिक वर्ष... (संशोधित रु.) | आर्थिक वर्ष... (यथार्त रु.) |
|---|---|---|---|
| **१. कूल जम्मा आय:(क +ख +ग)** | **XXX** | **XXX** | **XXX** |
| **क. राजस्व :** | xx | xx | xx |
| आन्तरिक राजस्व | x | x | x |
| राजस्व बाँडफाँटबाट प्राप्त | x | x | x |
| अन्य आय | x | x | x |
| **ख. अन्तर सरकारी बित्तीय हस्तान्तरण** | xx | xx | xx |
| नेपाल सरकारबाट प्राप्त अनुदान | x | x | x |
| प्रदेश सरकारबाट प्राप्त अनुदान | x | x | x |
| अन्तर स्थानीय तहबाट प्राप्त अनुदान | x | x | x |
| **ग. जनसहभागिता** | xx | xx | xx |
| नगद सहभागिता | x | x | x |
| श्रम तथा वस्तुगत सहायता | x | x | x |
| **१. कूल जम्मा व्यय:(घ+ङ)** | **XXX** | **XXX** | **XXX** |
| घ.चालु खर्च | xx | xx | xx |
| ङ.पूँजिगत खर्च | xx | xx | xx |
| **बजेट बचत (+) / न्यून (-)(१-२)** | **XXX** | **XX** | **XX** |

४.३ **स्थानीय तहको बजेट व्यवस्था :** सामान्य अर्थमा बजेट भन्नाले निश्चित अवधिको आय र व्ययको अनुमानलाई जनाउँछ। सरकारी बजेट भन्नाले सरकारले विगतमा गरेको कार्यहरूको समीक्षा र वर्तमान स्थितिको अध्ययन गरी भावी कार्यक्रम र कार्यदिशा सहित तयार गरेको वार्षिक आय र व्ययको अनुमानलाई बुझाउँछ। बजेट सरकारको आयका स्रोतहरूबाट के कति रकम प्राप्त हुने अवस्था छ र कहाँ कति खर्च गर्ने भन्ने बिषयको अनुमानीत विवरण हो। आगामी वर्षमा के गर्ने,

कुन कुन क्षेत्रमा लगानी गर्ने आदि विषयमा आम्दानी र खर्च सहितको विस्तृत विवरण बजेटमा समावेश गरिएको हुन्छ। बजेटमा सरकारको वित्तीय नीति एवम् वित्तीय योजनाका विषयहरू पनि उल्लेख हुन्छ।


नेपालको संविधानले सघं, प्रदेश, स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने, त्यसको कार्यान्वयन गर्ने व्यवस्था समेत गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा आवधिक, वार्षिक, रणनीतिक र विषय क्षेत्रगत दीर्घकालीन तथा मध्यमकालीन योजना बनाइ लागू गर्नुपर्ने व्यवस्था गरेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्ने, मध्यमकालीन खर्च संरचना तयार गर्ने, आवश्यकताको प्रक्षेपण गर्ने, राजस्वको प्रक्षेपण तयार गर्ने र वित्तीय अनुशासन कायम गर्नुपर्ने व्यवस्था गरेको छ।

स्थानीय सरकारको बजेट जनताको आवश्यकता, सेवा सुविधाहरू र समृद्धिका लक्ष्यहरू पुरा गर्ने माध्यम भएकोले यो सार्वजनिक चासो र सरोकारको विषय हुन्छ। बजेट पारदर्शिता र यसको निर्णय प्रक्रियामा नागरिक सहभागिताको लागि नागरिक बजेट पुस्तिकामा बजेटको उदेश्य र प्रक्रिया बारे उल्लेख गरी नागरिकहरूलाई जानकारीहरू गराउने प्रचलन रहेको छ।

४.३.१ **बजेटको उद्देश्य** : स्थानीय तहले बजेट मार्फत आम नागरिकहरूको सेवा, सुविधा तथा पूर्वाधार विकास निर्माणका कार्यक्रमहरू कार्यान्वयन गरी दीर्घकालीन विकासका लक्ष्यहरू प्राप्त गर्ने उद्देश्य राखेको हुन्छ। स्थानीय तहले आम नागरिकहरूको कल्याण, हित, सुविधाका तथा पूर्वाधार विकास निमार्णका कार्यक्रमहरू सञ्चालन गर्दछ। ती योजना, कार्यक्रमहरूलाई बजेटकै माध्यमबाट कार्यान्वयन गरी दीर्घकालीन विकासका लक्ष्यहरू प्राप्त गर्ने प्रयास गरेको हुन्छ। सरकारको बजेटको उद्देश्य मुख्यतया देहाय बमोजिम हुने गर्दछ।

- सरकारको नीति, योजना, कार्यक्रम, प्रशासनिक व्यवस्था सञ्चालनका लागि स्रोत जुटाउनु तथा स्रोतको समान वितरण गर्ने,
- आर्थिक स्थायित्व कायम गर्ने,
- आर्थिक वृद्धि हासिल गर्ने ,
- साधन स्रोतको अधिकतम परिचालन एवम् उपयोग गर्ने,
- समानुपातिक समावेशी विकास गर्ने ,
- समान रूपमा स्रोतहरू पुनः वितरण गर्ने,
- रोजगारीका अवसरहरू सृजना गर्ने,
- नागरिकको कल्याण, हित, सुविधा एवम् संरक्षणका कार्यक्रम सञ्चालन गर्ने।

**४.३.२ बजेट चक्र:** बजेटका क्रियाकलापहरूलाई कार्य प्रकृति अनुरूप वर्गीकरण गरी प्रत्येक चरणहरू बिच क्रमवद्ध सम्बन्ध स्थापित गर्ने प्रक्रिया बजेट चक्र हो। बजेट चक्रले बजेट तर्जुमा देखि स्वीकृति, कार्यान्वयन र अनुगमन समेतलाई जनाउँछ। मुख्यतया सरकारको बजेट क्रियाकलापहरूलाई बजेट तर्जुमा, स्वीकृति, कार्यान्वयन र अनुगमन मूल्याङ्कन गरी चार चरणमा वर्गीकरण गरिएको छ। नागरिक बजेटमा बजेटको सबै क्रियाकलापहरूको पारदर्शिता एवम् बजेटका चरणहरूमा नागरिक सहभागितालाई प्रोत्साहन गर्ने उद्देश्य अन्तर्निहित हुन्छ। त्यसैले बजेट प्रक्रिया, प्रत्येक चरणका प्रमुख क्रियाकलापहरू, ती क्रियाकलापमा हुन सक्ने नागरिक सहभागिता, कार्यान्वयनको समय सीमा, कार्यान्वयन गर्ने जिम्मेवार पदाधिकारी, बजेट व्यवस्थापन गर्न बनेका ऐन, नियम, दिग्दर्शन आदि बारे नागरिक बजेटको यस खण्डमा संक्षिप्त जानकारी उल्लेख गर्नु पर्दछ। स्थानीय तहको बजेटका चरणहरू र त्यस अन्तर्गतका मुख्य मुख्य क्रियाकलापहरू देहायमा प्रस्तुत गरिएको छ।




(स्थानीय तहको बजेट चक्र)

क) **बजेट तर्जुमा :** बजेट तर्जुमा बजेट चक्रको पहिलो चरण हो। राष्ट्रिय योजना आयोगबाट तयार गरिएको स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७८ ले गाउँपालिका वा नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा ७ चरणमा २४ क्रियाकलापहरू सम्पन्न गर्नुपर्ने प्रक्रिया तोकेको छ। त्यस मध्ये (१) बजेटको पूर्व तयारी, (२) स्रोत अनुमान र कूल बजेट सीमा निर्धारण, (३) बस्ती /टोल स्तरबाट योजना छनौट, (४) वडा स्तरीय योजना प्राथमिकता निर्धारण, (५) एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा र (६) कार्यपालिकाबाट बजेट प्रस्ताव स्वीकृति गरी स्थानीय सभामा पेस गर्ने सम्मका ६ चरणहरूलाई बजेट चक्रको बजेट तर्जुमा चरणमा समावेश गरिएको छ।

आवधिक योजना तथा मध्यमकालीन खर्च संरचनाको पुनरावलोकन र समग्र आर्थिक अवस्थाको लेखाजोखा गरी सरकारको वार्षिक बजेटका सिद्धान्त तथा प्राथमिकता तयारी, आगामी आर्थिक वर्षका लागि कार्यकारीबाट बजेट प्रस्ताव र यसको अभिन्न अङ्गका रूपमा रहने विनियोजन विधेयक, अर्थ विधेयक तयारी लगायतका कार्य बजेट तर्जुमा अन्तर्गत पर्छन्। यस चरणको प्रमुख क्रियाकलापहरू अनुसूची ४ मा उल्लेख गरिएको छ।


ख) **बजेट स्वीकृति :** स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७८ बमोजिम स्थानीय सभाबाट बजेट पारित गर्ने कार्य वार्षिक योजना तथा बजेट तर्जुमाको सातौं चरणमा पर्दछ। स्थानीय कार्यपालिकाबाट स्वीकृत भएको आगामी आर्थिक वर्षको बजेट प्रस्ताव तथा कार्यक्रमसँग सम्बन्धित सबै दस्ताबेजहरू (वार्षिक बजेट तथा कार्यक्रम, आर्थिक विधेयक, विनियोजन विधेयक) असार १० गते भित्र स्थानीय सभामा स्वीकृतिका लागि पेस गर्ने व्यवस्था छ। सभाले आगामी आर्थिक वर्षको बजेट, कार्यक्रम र सोसँग सम्बन्धित विधेयकहरू दफावार छलफल गरी असार मसान्त भित्र पारित गर्नु पर्दछ। स्थानीय कार्यपालिकाले पेस गरेको बजेट प्रस्ताव र विधेयकहरू स्थानीय सभाले गरी छलफल पारित गरे पश्चात् कानूनी हैसियत प्राप्त हुन्छ। यस चरणको क्रियाकलापहरू अनुसूची ४ मा उल्लेख गरिएको छ।

ग) **बजेट कार्यान्वयन :** गाउँ वा नगर सभाले स्वीकृत गरेको बजेट तथा कार्यक्रम सम्बन्धित गाउँ वा नगर कार्यपालिकाले कार्यान्वयन गर्नु पर्दछ।गाउँ वा नगर सभाले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयन अवधि साउन १ गते देखि आगामी वर्षको असार मसान्त सम्म हुन्छ। स्थानीय तहमा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन मुख्यतः संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सार्वजनिक खरिद ऐन, २०६३, स्थानीय तहको खरिद नियमावली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, विषयगत नीति तथा प्रचलित कानूनबाट प्राप्त अधिकार क्षेत्रभित्र रही स्थानीय तहले निर्माण गरेका ऐन, नियम, कार्यविधि र मापदण्ड अनुसार गर्नु पर्छ। मूलतः आर्थिक ऐन बमोजिम राजस्व उठाउने, विनियोजन ऐन अनुसार खर्च गर्ने, आर्थिक वर्ष सुरु भएको एक महिनाभित्र वार्षिक खरिद योजना र गुरु योजना स्वीकृत गरी सो अनुरूप खरिद कार्यको व्यवस्थापन गर्ने, बजेट निकासा खर्चको लेखाङ्कन र प्रतिवेदन गर्ने कार्य यस चरण अन्तर्गत पर्दछन्। यस चरणको मुख्य मुख्य क्रियाकलापहरू अनुसूची ४ मा उल्लेख गरिएको छ।

घ) **बजेट अनुगमन मूल्याङ्कन :** स्थानीय तहबाट सञ्चालित आयोजना तथा कार्यक्रमको लागत, परिमाण, समय सीमा र गुणस्तरको आधारमा अनुगमन गरी आवश्यक पृष्ठपोषण दिनको लागि अनुगमन तथा सुपरिवेक्षण समिति रहने व्यवस्था छ। समितिले अनुगमन योजना तयार गर्ने, प्रत्येक २ महिनामा अनुगमन कार्यको प्रतिवेदन स्थानीय नगर वा गाउँ कार्यपालिकाको बैठकमा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। स्थानीय नगर वा गाउँ

सभा, नगर वा गाउँ सभा अन्तर्गतका लेखा समिति बाट गरिने अनुगमन मूल्याङ्कन लगायत संवैधानिक निकाय महालेखापरीक्षकबाट गरिने स्वतन्त्र लेखापरीक्षण बजेट निगरानीका यस चरणको प्रमुख क्रियाकलापको रूपमा लिन सकिन्छ। स्थानीय तहको वार्षिक योजना तथा बजेट अनुगमन चरण अन्तर्गतका क्रियाकलापहरू अनुसूची ४ मा उल्लेख गरिएको छ।

४.४ **स्थानीय तहको आयका स्रोतहरू :** नेपालको संविधान धारा ६० ले स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने व्यवस्था गरेको छ। त्यसै गरी संविधानको धारा २२९ ले प्रत्येक गाउँपालिका तथा नगरपालिकाको आफ्नो एउटा सञ्चित कोष रहने र कोषमा उठाएको राजश्व तथा आयबाट प्राप्त राजश्व बाँडफाँटबाट प्राप्त रकम, र प्रदेश सरकारको वित्तीय हस्तान्तरबाट प्राप्त रकम, कुनै सङ्घसंस्थाबाट प्राप्त रकम, वैदेशिक सहायता, अन्य गाउँपालिका तथा नगरपालिकाबाट प्राप्त अनुदान तथा रकम, आन्तरिक ऋणबाट प्राप्त र अन्य कुनै स्रोतबाट प्राप्त हुने रहने व्यवस्था छ।




स्थानीय आफूले रकम, संघीय व्यक्ति, अन्य रकम रकम

स्थानीय तहहरूले संघीय सरकारबाट वित्तीय हस्तान्तरण अनुदान र राजस्व बाँडफाँटबाट प्राप्त गरेको रकमको शीर्षकगत विवरण उदाहरण स्वरूप तल तालिकामा उल्लेख गरिएको छ।

**विगत वर्षहरूमा स्थानिय तहहरूले संघीय सरकारबाट प्राप्त गरेको रकम**


(रू. करोडमा)

| विवरण | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | २०७९।८० |
|---|---|---|---|---|
| **अनुदान** | **२५०५८.१२** | **३०८०२.८३** | **२९७०१.७९** | **२९७७९.५०** |
| समानीकरण अनुदान, | ८९९६.५२ | ९६२२.४६ | ९४५६.९८ | ९२६९.८० |
| सशर्त अनुदान, | १५१००.५५ | १९१०५.७८ | १९११०.९३ | १९२८४.३ |
| समपूरक अनुदान | ४८४.३४ | १२०८.१६ | ४९८.४३ | ५३९.८ |
| विशेष अनुदान | ४७६.७१ | ८६६.४३ | ६३५.४५ | ६८५.६ |
| **राजश्व बाँडफाँट** | **४४५५.२१** | **५५७५.५७** | **६४०३.४१** | **५८६०.४** |
| मु. अ. कर | ३३५८.५५ | ४२२८.७२ | ४७१३.४२ | ४२९९.० |

| | | | | |
|---|---|---|---|---|
| अन्तशुल्क (आन्तरिक) | ९७५ | १२२३.७८ | १५४६.९२ | १५६१.४ |
| रोयल्टी वितरण | १२१.६६ | १२३.०७ | १४३.०७ | बाँडफाँट हुन बाँकी |
| **जम्मा** | **२९५१३.३३** | **३६३७८.३९** | **३६१०५.२०** | **३५६४०.००** |

(श्रोतः आर्थिक सर्वेक्षण २०८०।८१,संघीय अर्थ मन्त्रालय)

बजेट तर्जुमा प्रक्रियामा वित्तीय स्रोतको सुनिश्चितता सबैभन्दा महत्त्वपूर्ण पक्ष हो। कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि वित्तीय स्रोतको यथार्तपरक अनुमान तथा विश्लेषण हुनु पर्दछ। स्थानीय तहले राजस्व अधिकारको आधारमा आर्थिक वर्ष भित्र प्राप्त हुन सक्ने सम्भाव्य स्रोतको आकलन तथा प्रक्षेपण गर्नु पर्दछ। स्थानीय तहमा प्राप्त हुने सम्भाव्य स्रोतहरूमा स्थानीय तहका राजस्व अधिकार क्षेत्रका कर र गैह्र करका स्रोतबाट सङ्कलन हुने आन्तरिक आय, राजस्व र रोयल्टी बाँडफाँटबाट प्राप्त हुने रकम, अन्तर सरकारी वित्तीय हस्तान्तरण, आन्तरिक ऋण आदि पर्छन्।




सरकारले कुन कुन स्रोतबाट रकम जुटाउँछ जान्न पाउनु स्थानीय नागरिकको अधिकारको विषय हुन्छ। त्यसैले स्थानीय तहको वार्षिक बजेटले अनुमान गरेको आयको स्रोतहरू र स्रोतगत अनुमानित रकम नागरिक बजेटको यो खण्डमा उल्लेख गरि सार्वजनिक गर्नु पर्छ। साथै राजस्व स्रोतहरू जस्तै स्थानीय करका विषयहरू जसले नागरिकहरूलाई असर गर्ने सम्भावना छ भने सो बारे पनि थप विवरण समावेश गर्न उपयुक्त हुन्छ।

स्थानीय सरकारको बजेटको महत्त्वपूर्ण अंशको रूपमा रहेको आम्दानीका स्रोतहरूलाई नागरिक बजेटमा प्रस्तुत गर्न विभिन्न पाइ चार्ट, बार ग्राफ, साङ्केतिक चित्रहरू प्रयोग गर्न सकिन्छ । यस अतिरिक्त सरकारको आम्दानीको जानकारी तल तालिकामा उल्लेख भए बमोजिम सारांशको रूपमा प्रस्तुत गर्नु उपयुक्त हुन्छ ।

| **आयका स्रोतहरु** | आर्थिकवर्ष... (अनुमानित रु.) | आर्थिक वर्ष... (संशोधित रु.) | आर्थिक वर्ष... (यथार्थ रु.) |
|---|---|---|---|
| **क. आन्तरिक आय** | **XXXX** | **XXXX** | **XXXX** |
| **ख. राजस्व बाँडफाँट** | **XXXX** | **XXXX** | **XXXX** |
| • संघीय सरकार | XXX | XXX | XXX |

| आयका स्रोतहरु | आर्थिकवर्ष... (अनुमानित रु.) | आर्थिक वर्ष... (संशोधित रु.) | आर्थिक वर्ष... (यथार्थ रु.) |
|---|---|---|---|
| • प्रदेश सरकार | xxx | xxx | xxx |
| **ग. रोयल्टी बाँडफाँट** | **xxxx** | **xxxx** | **xxxx** |
| **घ. संघीय सरकारबाट प्राप्त अनुदान** | **xxxx** | **xxxx** | **xxxx** |
| • वित्तीय समानीकरण अनुदान | xxx | xxx | xxx |
| • सशर्त | xxx | xxx | xxx |
| • समपूरक | xxx | xxx | xxx |
| • विशेष अनुदान | xxx | xxx | xxx |
| **ग. प्रदेश सरकारबाट प्राप्त अनुदान** | **xxxx** | **xxxx** | **xxxx** |
| • वित्तीय समानीकरण अनुदान | xxx | xxx | xxx |
| • सशर्त | xxx | xxx | xxx |
| • समपूरक | xxx | xxx | xxx |
| • विशेष अनुदान | xxx | xxx | xxx |
| **घ. अन्य अनुदान (सामाजिक)** | **xxxx** | **xxxx** | **xxxx** |
| **ङ. आन्तरिक ऋण परिचालन** | **xxxx** | **xxxx** | **xxxx** |

४.५ **स्थानीय तहको खर्च संरचना :** नेपालको संविधानको धारा ५६ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहमा गरेको छ। संविधानको अनुसूची - ८ ले विभिन्न २२ वटा विषयहरूमा स्थानीय तहको अधिकार उल्लेख गरेको छ। त्यसै गरी संविधानले १५ वटा विषयहरूमा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको व्यवस्था गरेको छ। संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) मा उल्लेखित स्थानीय तहको अधिकार र काम, कर्तव्यहरूलाई देहाय बमोजिम आर्थिक विकास क्षेत्र, समाजिक विकास क्षेत्र, पूर्वाधार विकास क्षेत्र, वन तथा वातावरण क्षेत्र र संस्थागत विकास क्षेत्र गरी पाँच क्षेत्रमा वर्गीकरण गरेको छ।

**स्थानीय तहको अधिकारका विषय क्षेत्र /उपक्षेत्रहरू**

| | |
|---|---|
| आर्थिक विकास क्षेत्र | कृषि तथा खाद्य सुरक्षा, सिँचाइ, उद्योग, पशु विकास, पर्यटन, सहकारी तथा वित्तीय सेवा। |
| सामाजिक विकास क्षेत्र | शिक्षा, स्वास्थ्य, सामाजिक समावेशीकरण, संरक्षण, र खानेपानी सरसफाइ युवा तथा खेलकुद, कला भाषा, संस्कृति। |
| पूर्वाधार विकास क्षेत्र | आवास, भवन, सडक तथा पुल, यातायात, विधुत्, ऊर्जा, सञ्चार। |
| वन तथा वातावरण क्षेत्र | वन, भूसंरक्षण, जलवायु परिवर्तन अनुकूलन, वातावरण, फोहर मैला तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन। |
| संस्थागत विकास क्षेत्र | नीति, कानून, कार्यविधि, मापदण्ड तथा सुशासन, संस्थागत विकास, स्रोत परिचालन, योजना व्यवस्थापन। |

स्थानीय सरकारहरू आफ्नो अधिकार क्षेत्रको विषयमा कानून बनाउन, योजना तथा बजेट तर्जुमा गर्न, कार्यान्वयन तथा अनुगमन मूल्यांकन गर्न स्वायत्त हुने संवैधानिक व्यवस्था छ। आफ्नो अधिकार क्षेत्रभित्र रहेका विषयहरूको कार्यान्वयन स्थानीय जनताको आवश्यकता, माग र आर्थिक विकासको चाहना सम्बोधन हुने गरी गर्नु स्थानीय तहहरूको जिम्मेवारी हुन्छ। स्थानीय तहहरूले विभिन्न स्रोतबाट जुटाएको रकम आर्थिक विकास, पूर्वाधार विकास, सामाजिक सेवा, संस्थागत विकास, वन तथा वातावरण संरक्षण र सेवा प्रवाहका लागि खर्च गर्दछन्। स्थानीय सरकारले जनताबाट संङ्कलन गरेको कर, नागरिकका लागि प्राप्त भएको अनुदानहरू, अन्य स्रोतहरूबाट जुटाएको रकम कुन कुन क्षेत्रमा कसरी खर्च गरेको छ, खर्चको आधारमा कुन क्षेत्र प्राथमिकतामा परेको छ आदि बिषयहरुमा स्थानीय नागरिकहरुको सरोकार हुन्छ। त्यसैले स्थानीय तहले प्राप्त रकम कहाँ कसरी खर्च गरेका छन् स्थानीय नागरिकको जानकारीको लागि सार्वजनिक गर्नु पर्दछ।

नागरिक बजेटको यो खण्डमा वार्षिक बजेटको खर्चको प्राथमिकताहरू, बढी खर्च हुनेगरेको क्षेत्रहरू, क्षेत्रगत खर्चहरू चार्ट, ग्राफ ,चित्र वा तालिकामा प्रस्तुत गर्न सकिन्छ। सरकारको बजेटको आधा अंश ओगटने व्यय अनुमानसंग सम्बन्धित खर्चको प्राथमिकता, योजना तथा कार्यक्रमहरू र खर्चका क्षेत्रहरूलाई नागरिक बजेटमा प्रस्तुत गर्न विभिन्न पाइ चार्ट, बार ग्राफ, साङ्केतिक चित्रहरू प्रयोग गर्न सकिन्छ। यस अतिरिक्त विनियोजन तथा खर्चको जानकारी तल तालिकामा उल्लेख भए बमोजिम सारांशको रूपमा प्रस्तुत गर्नु उपयुक्त हुन्छ। यस सम्बन्धी प्रस्तुतीका केही उदाहरणहरू देहायमा उल्लेख गरिएको छ।

- बिगत ३ वर्षमा स्थानीय तहको कूल बजेटमा पुँजीगत बजेटको अंश ४० देखि ४५ प्रतिशतको बिचमा रहेको देखिन्छ। आर्थिक वर्ष २०७९/८० मा कूल बजेटमा स्थानीय तहको पुँजीगत बजेट ४२.८ प्रतिशत, आर्थिक वर्ष २०७८/७९ मा कूल बजेटमा स्थानीय

तहको पुँजीगत बजेट ४४.८ प्रतिशत र आर्थिक वर्ष २०७७/७८ मा ४०.३ प्रतिशत रहेको छ। (स्रोत: आर्थिक सर्वेक्षण २०८०।८१, संघीय अर्थ मन्त्रालय)

- स्थानीय तहहरूको विगत तीन आर्थिक वर्षहरूको खर्च प्रवृत्ति विश्लेषण गर्दा स्थानीय तहहरूको चालु खर्च पुँजिगत खर्च तुलना बढदै गएको तल तलिकाबाट देखिन्छ।


(रु.करोडमा)

| आ.व. | २०७५।७६ | २०७६।७७ | २०७७।७८ | २०७८।७९ | २०७९।८० |
|---|---|---|---|---|---|
| चालु | २४३६३.५७ | १९२७१.९५ | २३४८५.०२ | २५८४९.३५ | २८४७४.६२ |
| पुँजीगत | ६२७७.७३ | १२७१५.५४ | १५६२९.९९ | १६५३१.२२ | १६८६४.१६ |
| **कूल खर्च** | **३०६४१.३०** | **३१९८७.४९** | **३९११५.०१** | **४२३८०.५७** | **४५३३८.७८** |
| चालु र पुँजिगत खर्च अनुपात | ८०:२० | ६०:४० | ६०:४० | ६१:३९ | ६३:२७ |


(स्रोत: आर्थिक सर्वेक्षण,संघीय अर्थ मन्त्रालय)

- स्थानीय तहको विनियोजित पुँजीगत बजेटको तुलनामा यथार्त पुँजीगत खर्च आर्थिक वर्ष २०७९/८० मा ६५.५ प्रतिशत, २०७८/७९ मा ६५.२ प्रतिशत, आर्थिक वर्ष २०७७/७८ मा ६४ प्रतिशत र आर्थिक वर्ष २०७६/७७ मा ५६.६ प्रतिशत रहेको देखिन्छ।

- बिभिन्न वर्षहरूको चालु र पुँजीगत बजेट वा चालु र पुँजीगत खर्चको तुलनात्मक स्थिति देहाय बमोजिम वारग्राफमा समेत प्रस्तुत गर्न सकिन्छ।



- स्थानीय तहको क्षेत्रगत बजेट वा खर्चलाई देहाय बमोजिम पाईचार्टमा प्रस्तुत गर्न सकिन्छ।




- स्थानीयतहको बिषयगत क्षेत्रहरूमा विनियोजित रकमको जानकारी संक्षिप्त रूपमा गराउन तल तालिकाले सुझाय अनुसार तुलनात्मक विवरणहरू उल्लेख गर्न सकिन्छ।

| विनियोजनका क्षेत्रहरु | आर्थिक वर्ष..... (अनुमानित लक्ष्य) | आर्थिक वर्ष..... (संशोधित लक्ष्य) | आर्थिकवर्ष..... (यथार्थ प्रगति) |
|---|---|---|---|
| **आर्थिक विकास क्षेत्र** | **xxxx** | **xxxx** | **xxxx** |
| • कृषि | xxx | xxx | xxx |
| • पशु सेवा | xxx | xxx | xxx |
| • उद्योग ,व्यापार | xxx | xxx | xxx |
| • पर्यटन | xxx | xxx | xxx |
| • कृषि बजार आयोजना | xxx | xxx | xxx |
| **सामाजिक विकास** | **xxxx** | **xxxx** | **xxxx** |
| • स्वास्थ्य तथा पोषण | xxx | xxx | xxx |
| • शिक्षा तथा सीप विकास | xxx | xxx | xxx |
| • खानेपानी तथा सरसफाइ | xxx | xxx | xxx |
| • महिला बालबालिका र लक्षित वर्ग | xxx | xxx | xxx |
| • प्राविधिक सीप विकास | xxx | xxx | xxx |

| विनियोजनका क्षेत्रहरु | आर्थिक वर्ष..... (अनुमानित लक्ष्य) | आर्थिक वर्ष..... (संशोधित लक्ष्य) | आर्थिकवर्ष..... (यथार्थ प्रगति) |
|---|---|---|---|
| कार्यक्रम | | | |
| **पूर्वाधार विकास क्षेत्र** | **xxxx** | **xxxx** | **xxxx** |
| • बस्ती विकास आवास तथा भवन | xxx | xxx | xxx |
| • सडक तथा यातायात | xxx | xxx | xxx |
| • विधुत तथा वैकल्पिक उर्जा | xxx | xxx | xxx |
| • एकीकृत वस्ती विकास कार्यक्रम | xxx | xxx | xxx |
| **वन तथा वातावरण** | **xxxx** | **xxxx** | **xxxx** |
| • वन तथा हरियाली | xxx | xxx | xxx |
| • वातावरण व्यवस्थापन | xxx | xxx | xxx |
| • पार्क र हरियाली प्रवर्धन कार्यक्रम | xxx | xxx | xxx |
| **संस्थागत विकास क्षेत्र** | **xxxx** | **xxxx** | **xxxx** |
| • नीति कानून तथा सुशासन | xxx | xxx | xxx |
| • सङ्गठन तथा सेवा प्रवाह | xxx | xxx | xxx |
| • विद्युतीय सुशासन कार्यक्रम | xxx | xxx | xxx |

४.६ **महत्वपूर्ण नयाँ कार्यक्रमहरू:** नागरिक बजेटको यस खण्डमा देहायका विषयहरू समावेश गर्नु पर्दछ।

- संघीय सरकार, प्रदेश सरकारले स्थानीय तहमा सञ्चालन गरेका महत्त्वपूर्ण कार्यक्रमहरू वा स्थानीय तह आफैले सञ्चालन गरेको महत्वाकांक्षी योजना, कार्यक्रमहरू जस्तै: तराई मधेस समृद्धि कार्यक्रम, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्य मन्त्री शैक्षिक सुधार कार्यक्रम।



- अवस्था र आवश्यकता अनुसार स्थानीय तहले पहिले देखि निरन्तरता पाउँदै आएको कार्यक्रम हटाउने वा त्यसको बजेट कटौती गर्नु पर्ने हुन्छ। साथै सरकारले सुरु गरेको नयाँ प्रयासहरूबाट आम्दानी वा खर्चमा उल्लेख्य वृद्धि वा कमी हुने भएमा कारण सहित त्यस किसिमका प्रयासहरू वा कार्यक्रमहरू छुट्टै उल्लेख गर्नु पर्दछ।
- विद्यमान नीति र कार्यक्रमहरूको निरन्तरतामा परिवर्तन गरी नयाँ कार्यक्रम सुरुवात गर्दा वा चालु कार्यक्रममा महत्त्वपूर्ण परिवर्तन गर्दा नागरिकहरूलाई स्पष्ट जानकारी दिनु पर्दछ।

४.७ **लक्षित वर्ग र समुदाय विशेष कार्यक्रमहरुः** नागरिक बजेटको यस खण्डमा बिशेष वर्ग, समुदाय लक्षित कार्यक्रमहरू समावेश गर्नु पर्दछ। स्थानीय सरकारका नीति, योजना, कार्यक्रम र बजेटका प्राथमिकताहरूमा ज्येष्ठ नागरिक, महिला, बालबालिका, पिछडिएका समुदाय र वर्गसँग सम्बन्धित विषयहरू कसरी समावेस गरिएका छन् नागरिकहरूलाई जानकारी दिन ज्येष्ठ नागरिक, महिला, बालबालिका सँग सम्बन्धित बजेट तथा कार्यक्रम नागरिक बजेटमा समावेश गर्नु पर्छ जस्तै : महिला औद्योगिक ग्राम (बुटवल उप महानगरपालिका), ज्येष्ठ नागरिक मैत्री पार्क (बिरगंज्ञ महानगरपालिका), आमा सुरक्षा कार्यक्रम (राजविराज नगरपालिका)



४.८ **सेवाप्रवाह तथा उपलब्धि :** स्थानीय नागरिकहरूमा आगामी वर्षको आम्दानी तथा योजना कार्यक्रमहरूमा मात्र चासो नभई चालु वा गत वर्ष कार्यसम्पादन सम्बन्धमा समेत जान्न बुझ्न सबै उमेर, वर्ग, समुदाय, पेसाका नागरिकहरूको इच्छुक हुने भएकोले स्थानीय तहले बिषयगत क्षेत्र अन्तर्गतका योजना कार्यक्रमहरूमा हासिल गरेको उपलब्धिहरू, स्थानीय जनतालाई पुऱ्याएको सेवाहरू उल्लेख गर्दा नागरिक बजेटको प्रभावकारीतामा वृद्धि गर्दछ।

४.८.१ स्थानीय तहहरूले गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको ९ महिना सम्ममा आर्थिक विकास क्षेत्र, समाजिक विकास, पूर्वाधार विकास क्षेत्र, वन तथा वातावरण, संस्थागत विकास क्षेत्रमा हासिल गरेका प्रमुख उपलब्धिहरू नागरिक बजेटमा उल्लेख गर्ने जस्तैः

- सडक निर्माण
- स्वच्छ खानेपानी बिस्तार
- कृषि सिँचाई कुलो निर्माण
- सरसफाइ
- बिधुत विस्तार
- सडक बत्ती

- खुल्ला पार्क निर्माण
- फोहर मैला व्यवस्थापन
- स्वास्थ्य केन्द्र, अस्पताल
- सामुदायिक विद्यालय

४.८.२ स्थानीय तहले जनतालाई गत आर्थिक वर्ष र चालु आर्थिक वर्षको ९ महिनामा उपलब्ध गराएको सेवाहरू सम्बन्धी जानकारी नागरिक बजेटमा उल्लेख गर्ने जस्तैः

- दर्ता सम्बन्धी (जन्म, मृत्यु, विवाह, सघं संस्था दर्ता एवम् नवीकरण आदि)
- सिफारिस सम्बन्धी ( बसाई सराई, रजिष्टेशन, नाता प्रमाणित आदि)
- घर नक्सा पास
- स्वास्थ्य सेवा
- सामुदायिक विद्यालयका प्रत्येक तहका विद्यार्थी सङ्ख्या
- निजी विद्यालयका प्रत्येक तहका विद्यार्थी सङ्ख्या
- सामाजिक सुरक्षा भत्ता वितरण
- न्याय सम्पादन (सङ्ख्या)
- गुनासो व्यवस्थापन (सङ्ख्या)

४.९ **बजेट शब्दावली :** स्थानीय तहमा अधिकांश नागरिकहरू आफ्नो दैनिक जीवनमा प्राविधिक भाषा प्रयोग गर्दैनन्। त्यसैले बजेटमा प्रायः प्रयोग हुने प्राविधिक शब्दहरूले आम जनमानसमा यस प्रतिको बुझाइ कम गर्न सक्दछ। त्यसैले बजेटमा प्रयोग हुने प्राविधिक शब्दावलीको अर्थ वा परिभाषा सहितको शब्दावली नागरिक बजेटको अन्तमा समावेश गर्न उपयोगी हुन्छ। बजेटमा प्रयोग हुने सम्भावित शब्दावलीहरू अनुसुची ७ मा उल्लेख गरिएको छ।

४.१० **नागरिकहरूको लागि सम्पर्क जानकारी :** नागरिक बजेट सरकारको वार्षिक बजेटको सरल रूपमा संक्षिप्त प्रस्तुति हो। यसले बजेट प्रति नागरिकहरूको रुचि बढाउने काम गर्दछ। त्यसैले नागरिकहरू बजेट प्रक्रिया वा बजेटको विविध पक्षहरू, समग्रमा बजेटको बारेमा थप बुझ्न र चासो राख्न सक्छन्।बजेट बारे थप बुझ्न चाहने नागरिकहरूले बजेट बारे थप जानकारी काहाबाट प्राप्त गर्न सक्छन् वा कहाँ सम्पर्क गर्ने सो को जानकारी नागरिक बजेटको अन्तमा उल्लेख गर्नु पर्दछ।

# परिच्छेद-५
# अनुगमन मूल्याङ्कन

५.१ **नागरिक बजेट निर्देशिका कार्यान्वयन अनुगमन :** स्थानीय तहहरूले बजेटका चरणहरूमा पारदर्शिता, नागरिक सहभागिता, जबाफदेहिता सम्बन्धमा पालना गर्नु पर्ने कानूनहरूको कार्यान्वयन गर्न मार्गदर्शन गर्ने यस निर्देशिका कार्यान्वयनको अनुगमनको व्यवस्था गर्नु स्थानीय तहहरूको जिम्मेवारी हुन्छ। यो निर्देशिका कार्यान्वयनको अनुगमन सम्बन्धमा स्थानीय तहहरूले देहाय बमोजिम अनुगमन सुपरिवेक्षणको व्यवस्था गर्नु उपयुक्त हुन्छ।


- स्थानीय तहको प्रमुख वा अध्यक्षले यो निर्देशिका कार्यान्वयनको अनुगमन सुपरिवेक्षण गर्न जिम्मेवारी तोक्न सक्ने।
- बजेट पारदर्शिताका सम्बन्धमा अनुसूची ३ मा उल्लेख भए बमोजिम बजेट सँग सम्बन्धित अभिलेखहरू तोकिएको समय भित्र सार्वजनिक गरे नगरेको अनुगमन, मूल्याङ्कन गर्ने।
- बजेटमा नागरिक सहभागिताका सम्बन्धमा अनुसूची ४ मा उल्लेख भए बमोजिम बजेट तर्जुमा, स्वीकृति, कार्यान्वयन र अनुगमनका चरणहरूमा तोकिएका विधि प्रक्रियाहरू अनुसरण गरी नागरिक सहभागिता भए नभएको अनुगमन, मूल्याङ्कन गर्ने।
- बजेट निगरानीका सम्बन्धमा अनुसूची ५मा उल्लेख भए बमोजिम विधि प्रक्रियाहरू अनुसरण गरी निगरानी गरे नगरेको स्थानीय सभा वा सभाबाट तोकिएको व्यक्ति वा समितिबाट अनुगमन, मूल्याङ्कन गर्ने।
- नागरिक बजेट निर्देशिका कार्यान्वयनको अनुगमन गर्ने जिम्मेवारी पाएको पदाधिकारी वा समितिले अनुगमनको वार्षिक प्रतिवेदन तयार गरी स्थानीय तहका प्रमुख वा अध्यक्ष र स्थानीय सभामा पेस गर्ने।
- अनुगमन प्रतिवेदनले दिएको सुझाव कार्यान्वयन वा उजागर गरेको कमी कमजोरीहरू सुधारको लागि स्थानीय तहका प्रमुख वा अध्यक्ष वा स्थानीय सभाले जिम्मेवार पदाधिकारीलाई निर्देशन दिने।
- नागरिक बजेटको प्रकाशन, यसको प्रसारण, नागरिक सम्म यसको पहुँच तथा यसले पारेको प्रभावका सम्बन्धमा अनुगमन मूल्याङ्कन गर्ने।

५.२ **नागरिक बजेटको प्रभाव :** स्थानीय सरकारको बजेट र योजना तर्जुमाका गतिविधिलाई व्यवस्थित गर्न नेपाल सरकारले स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, स्थानीय तहको वार्षिक बजेट र योजना तर्जुमा निर्देशन, २०७४ र स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ लगायतका कानुन तथा मार्गदर्शनहरू कार्यान्वयनमा छन्।

उल्लेखित कानुनी व्यवस्थाहरूले खुल्ला सरकारी साझेदारी (OGP) ढाँचा अनुरूप सरकारलाई पारदर्शिता, जबाफदेहिता र नागरिक संलग्नताका क्षेत्रमा प्रोत्साहित गर्दछ। नागरिक बजेट निर्देशिकाले उपरोक्त कानून, नियम निर्देशिकाहरूले व्यवस्था गरेको परिधि, प्रक्रियाहरू भित्र रही खुल्ला सरकार साझेदारीको अवधारणा अनुरूप स्थानीय सरकारहरूलाई बजेटका चरणहरूमा र निर्णय प्रक्रियामा पारदर्शिता तथा नागरिक सहभागिता अपनाउन दिशानिर्देश गर्छ।

स्थानीय सरकारलाई नागरिकको सबैभन्दा नजिकको सरकार मानिन्छ। नजिकको सरकारबाट जनताले धेरै अपेक्षा गरेका हुन्छन्। जनताले नगिचको सरकारबाट अपेक्षा गर्नु स्वाभाविक पनि हुन्छ। तर सरकार सँग स्रोत सीमित हुने हुँदा जनताका सबै आवश्यकताहरू एकै पटक सम्बोधन गर्नु सम्भव हुँदैन। सीमित स्रोतको प्रभावकारी उपयोग गर्न , नागरिकको आवश्यकता बढी भन्दा बढी सम्बोधन गर्न, सरकारका विकास लक्ष्यहरू प्राप्त गर्न स्थानीय सरकारले बजेट तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन लगायतका प्रक्रियामा नागरिक सहभागिता प्रोत्साहन गरी निर्णय प्रक्रिया पारदर्शी बनाउनु पर्दछ।

खुल्ला सरकारी साझेदारी (OGP) ले प्रत्येक तहको सरकारहरूबाट पारदर्शिता, जबाफदेहिता र नागरिक संलग्नताका सिद्धान्तहरू प्रति प्रतिबद्धताको अपेक्षा राख्दछ। नागरिक बजेट निर्देशिकाले सरकारले बजेट तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन लगायतका प्रक्रिया पारदर्शी बनाउने तथा बजेट प्रक्रियामा नागरिकहरूको सहभागितालाई प्रभावकारी बनाउने विधि, प्रक्रियाहरू सम्बन्धमा मार्ग निर्देशन गर्दछ । साथै नागरिक बजेट सरकारी बजेटलाई सर्वसाधारण नागरिकहरूले सजिलै बुझ्न र विश्लेषण गर्न सक्ने गरी नागरिकलाई जानकारी दिने भएकोले सरकारका क्रियाकलाप, योजना, कार्यक्रमहरूलाई पारदर्शी बनाउन, बजेट प्रति नागरिकको स्वामित्व तथा अपनत्व बढाउन, सरकारको विश्वसनीयता बढाउन मद्दत गर्दछ।




यसले अन्ततः स्थानीय सरकारहरूलाई खुल्ला सरकार साझेदारी (OGP) सिद्धान्तहरूको आन्तरिकीकरण गर्न, बजेटका तथ्याङ्कहरूमा नागरिकको पहुँच बढाउने र बजेटको पारदर्शिता, बढाउने, बजेट प्रक्रियाहरूमा नागरिकहरूको सहभागिता सुनिश्चित गर्ने ,सरकारलाई जबाफदेही बनाई सुशासनमा योगदान पुऱ्याउँछ।

यो निर्देशिकाले स्थानीय सरकार सञ्चालनमा पारदर्शिता र जबाफदेहीताका सिद्धान्तहरूलाई सुदृढ गर्दै स्रोतहरू कहाँ बाट प्राप्त हुन्छन् र कसरी कहाँ प्रयोग गरिन्छ भन्ने बारे नागरिकहरूलाई

सरल तरीकामा बुझाइ जनसहभागिता प्रोत्साहित गर्ने, सरकारको पारदर्शिता प्रवर्धन गर्ने र बजेट तथा कार्यक्रममा स्वामित्वको भावना जगाउन उपकरणको रूपमा काम गर्ने र स्थानीय सरकारको सञ्चालनमा खुल्ला सरकारी साझेदारी (OGP)को सिद्धान्तहरू अपनाएर वित्तीय पारदर्शिता र जबाफदेहिता प्रवर्धन योगदान गर्नेछ।

# अनुसूचीहरु

अनुसूची : १

**बजेट पारदर्शिताका क्रियाकलापहरू**

| सी.न. | कानुनी तथा अन्य आधारहरू | के गर्ने | सार्वजनिक कसरी गर्ने | कसले गर्ने (जिम्मेवार पदाधिकारी) | कहिले गर्ने |
|---|---|---|---|---|---|
| १. | • स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (रा.यो.आ) परिच्छेद ४ को २(३) | आगामी आ.व.को वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गर्ने। | • कार्यालयको वेभ साइटमा प्रकाशित गर्ने,<br>• निःशुल्क वितरण गर्ने,<br>• स्थानीय तहको आधिकारिक सामाजिक सञ्जाल मार्फत | प्रमुख प्रशासकीय अधिकृत | सभामा बजेट प्रस्ताव पेस गर्नु भन्दा १ महिना अगाडी (असल अभ्यास) |
| २ | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१<br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा ५६ | बजेट प्रस्ताव सार्वजनिक गर्ने। *(आर्थिक विधेयक बाहेकका बजेट सँग सम्बन्धित अन्य विधेयक र अभिलेखहरू)* | • कार्यालयको वेभ साइटमा प्रकाशित गर्ने,<br>• निःशुल्क वितरण गर्ने,<br>• स्थानीय तहको आधिकारिक सामाजिक सञ्जाल मार्फत | प्रमुख प्रशासकीय अधिकृत | सभामा बजेट प्रस्ताव पेस गरेको ७ दिन भित्र वा सभामा बजेट प्रस्ताव विचाराधीन रहेको अवस्थामा सभाबाट स्वीकृत हुनु अगावै जुन अगाडि हुन्छ। |
| ३ | • आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ५६<br>• स्थानीय तहको योजना | सभाबाट पारित बजेट सार्वजनिक गर्ने। | • कार्यालयको वेभ साइटमा प्रकाशित गर्ने,<br>• निःशुल्क वितरण गर्ने,<br>• स्थानीय तहको आधिकारिक | प्रमुख प्रशासकीय अधिकृत | सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र वा ढिलोमा साउन १५ गते भित्र। |

| सी.न. | कानुनी तथा अन्य आधारहरू | के गर्ने | सार्वजनिक कसरी गर्ने | कसले गर्ने (जिम्मेवार पदाधिकारी) | कहिले गर्ने |
|---|---|---|---|---|---|
| | तर्जुमा दिग्दर्शन,२०७८ (रा.यो.आ) परिच्छेद ४ को ७(३) | | सामाजिक सञ्जाल मार्फत | | |
| ४ | • स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (रा.यो.आ) परिच्छेद ४ को ७(३) | नागरिक बजेट सार्वजनिक गर्ने। | • कार्यालयको वेभ साइटमा प्रकाशित गर्ने,<br>• निःशुल्क वितरण गर्ने, स्थानीय तहको आधिकारीक सामाजिक सञ्जाल मार्फत | प्रमुख प्रशासकीय अधिकृत | बजेट पुस्तिका सँगै वा ढिलोमा साउन १५ गते भित्र।<br>(असल अभ्यास बमोजिम) |
| ५ | • अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको दफा ३२ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (३) | आवधिक प्रतिवेदनहरू (मासिक, त्रैमासिक वित्तीय प्रतिवेदन, समीक्षा प्रतिवेदन, प्रगति प्रतिवेदनहरू) सार्वजनिक गर्ने। | • कार्यालयको वेभ साइटमा प्रकाशित गर्ने,<br>• निःशुल्क वितरण गर्ने,<br>• स्थानीय तहको आधिकारिक सामाजिक सञ्जाल मार्फत | प्रमुख प्रशासकीय अधिकृत | • मासिक प्रतिवेदन अवधि समाप्त भएको ७ दिन भित्र,<br>• त्रैमासिक प्रतिवेदन अवधि समाप्त भएको १५ दिन भित्र, |
| ६ | • आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ नियम | अर्धवार्षिक समीक्षा सार्वजनिक गर्ने। | • कार्यालयको वेभ साइटमा प्रकाशित गर्ने,<br>• निःशुल्क वितरण गर्ने, | प्रमुख प्रशासकीय अधिकृत | प्रत्येक वर्षको माघ मसान्त भित्र |

| सी.न. | कानुनी तथा अन्य आधारहरू | के गर्ने | सार्वजनिक कसरी गर्ने | कसले गर्ने (जिम्मेवार पदाधिकारी) | कहिले गर्ने |
|---|---|---|---|---|---|
| | ३६ | | • स्थानीय तहको आधिकारिक सामाजिक सञ्जाल मार्फत | | |
| ७ | • आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ७६ | आर्थिक कारोबारको वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने। | • कार्यालयको वेभ साइटमा प्रकाशित गर्ने,<br>• निःशुल्क वितरण गर्ने,<br>• स्थानीय तहको आधिकारिक सामाजिक सञ्जाल मार्फत | प्रमुख प्रशासकीय अधिकृत | आर्थिक वर्ष समाप्त भएको ४५ दिन भित्र |
| ८ | • अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३० | लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गर्ने। | • कार्यालयको वेभ साइटमा प्रकाशित गर्ने,<br>• निःशुल्क वितरण गर्ने,<br>• स्थानीय तहको आधिकारिक सामाजिक सञ्जाल मार्फत निःशुल्क उपलब्ध गराउने | प्रमुख प्रशासकीय अधिकृत | महालेखापरीक्षकको वार्षिक पेस प्रतिवेदन प्राप्त भएको १५ दिन भित्र |

## अनुसूची :२

### नागरिक सहभागिताका क्रियाकलापहरू

| सी.न. | कानुनी तथा अन्य आधारहरू | के गर्ने | कसरी गर्ने | कसले गर्ने (जिम्मेवार पदाधिकारी) | कहिले गर्ने |
|---|---|---|---|---|---|
| १. | • सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २०<br>• स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (रा.यो.आ) परिच्छेद ४ को २(२) र ३(१) | सभामा बजेट पेस गर्नु अघि वार्षिक बजेट तर्जुमा प्रक्रियामा जनताको सहभागिता सुनिश्चित गर्न नागरिक सहभागिता संयन्त्रको प्रयोग गर्ने।. | • स्थानीय कार्यपालिकामा नागरिक सहभागिता संयन्त्र व्यवस्था गर्ने ।<br>• संयन्त्रको जिम्मेवारी र कार्यविधि तोक्ने।<br>• संयन्त्रलाई निरन्तरता दिने। | • अध्यक्ष / प्रमुख | यदि संयन्त्र छैन भने आर्थिक वर्षको प्रथम महिनामा |
| २ | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५(४) | वार्षिक बजेट तर्जुमा प्रक्रियामा सबै क्षेत्र र वर्गको सहभागिता सुनिश्चित गर्ने। | • पिछडिएको, महिला, अपाङ्ग लगायत सबै क्षेत्रबाट प्रतिनिधित्व हुने गरी योजना छनौट र पूर्व बजेट छलफल लगायत मा नागरिक सहभागिता आमन्त्रण गर्ने। | • अध्यक्ष / प्रमुख<br><br>• वडा कार्यालय | पूर्व बजेट छलफल (चैत्र मसान्त)<br><br>बस्ती टोल स्तरमा योजना छनौट (वैशाख मसान्त) |

| सी.न. | कानुनी तथा अन्य आधारहरू | के गर्ने | कसरी गर्ने | कसले गर्ने (जिम्मेवार पदाधिकारी) | कहिले गर्ने |
|---|---|---|---|---|---|
| ३ | • स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ | बजेट तयार गर्ने कार्य तालिकामा नागरिक सहभागिताका क्रियाकलापहरू समावेश गर्नु पर्ने। | • बजेट तर्जुमा कार्य तालिका प्रकाशित गर्ने,<br>• योजना छनौट र पूर्व बजेट छलफल जस्ता नागरिक सहभागिताका क्रियाकलापहरू बजेट क्यालेन्डरमा समावेश गर्ने। | • बजेट तर्जुमा समिति<br>• प्रमुख प्रशासकीय अधिकृत | पुस पहिलो हप्ता भित्र |
| ४ | • स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ | पूर्व बजेट छलफलमा नागरिक सहभागिता आमन्त्रण गर्दा कार्यालयले छलफल गर्न चाहेको विषयको विस्तृत जानकारी गराउनु पर्दछ । | • छलफलमा आमन्त्रण गर्नु पर्ने व्यक्ती , संस्थाहरूको रोष्टर तयार गर्ने।<br>• पत्र, सूचना र कार्यालयको वेब पेज मार्फत उपयुक्त म्याद दिई नागरिक सहभागिता आमन्त्रण गर्ने ।<br>• पूर्व बजेट छलफलको कार्यक्रमको उद्देश्य, क्षेत्र, कार्य तालिका विषयहरू अग्रिम रूपमा जानकारी दिने । | • स्थानीय कार्यपालिका,<br>• बजेट तर्जुमा समिति,<br>• प्रमुख प्रशासकीय अधिकृत | चैत्र मसान्त भित्र |

| सी.न. | कानुनी तथा अन्य आधारहरू | के गर्ने | कसरी गर्ने | कसले गर्ने (जिम्मेवार पदाधिकारी) | कहिले गर्ने |
|---|---|---|---|---|---|
| ५ | • स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७८ | • बस्ती टोल स्तरमा योजना छनौटमा नागरिक सहभागिता आमन्त्रण गर्ने | • बस्ती टोल स्तर योजना छनौट कार्य तालिका प्रकाशित गर्ने ।<br>• पत्र, सूचना मार्फत उपयुक्त म्याद दिई नागरिक सहभागिता आमन्त्रण गर्ने ।<br>• पत्र, सूचनामा छलफलको विषयहरू उल्लेख गर्ने जस्तैः बजेट सीमा, प्राथमिकिकरणका आधार, लागत, लाभान्वित संख्या , प्रतिफल | वडा समितिको कार्यालय | वैशाख मसान्त भित्र |
| ६. | • असल अभ्यास<br>• ओ.ई.सी.डी, र<br>• आई.बि.पी | स्थानीय सभाले बजेट प्रस्ताव स्वीकृत गर्नु अघि नागरिकको सुझाव प्राप्त गर्ने। | • विद्यमान सहभागिता संयन्त्रहरू प्रयोग गर्ने ।<br>• अन्य प्रचलित माध्यमहरूः पत्रिका, सञ्चार, सोसल मिडिया<br>• बजेट छलफलमा आमन्त्रण गर्ने।<br>• सार्वजनिक सुनवाइहरू गर्ने। | • स्थानीय सभाले जिम्मेवारी तोकेको व्यक्ति वा समिति<br>• प्रमुख प्रशासकीय अधिकृत | सभाले बजेट प्रस्ताव स्वीकृत गर्नु अघि। |

| सी.न. | कानुनी तथा अन्य आधारहरू | के गर्ने | कसरी गर्ने | कसले गर्ने (जिम्मेवार पदाधिकारी) | कहिले गर्ने |
|---|---|---|---|---|---|
| ७. | • असल अभ्यास<br>• ओ.ई.सी.डी, र<br>• आई.बी.पी | नागरिक सहभागिताबाट प्राप्त सुझाव, पृष्ठपोषणहरू बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा दिष्टीगत गरिएको जानकारी नागरिकलाई उपलब्ध गराउने। | बजेट तर्जुमा चरणमा प्राप्त कुन सुझावहरू, उक्त सुझाबहरूमध्ये किन, कसरी समावेश गरियो वा समावेश भएन भन्ने बारे विस्तृत प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने। | • प्रमुख प्रशासकीय अधिकृत<br>• वडा समितिको कार्यालय<br>• बजेट तर्जुमा समिति<br>• सभाबाट तोकिएको समिति | बजेट तथा कार्यक्रम वा प्रतिवेदन तयार गरे पश्चात्। |

## अनुसूची : ३
## निगरानीका क्रियाकलापहरू

| सी.न. | कानुनी तथा अन्य आधारहरू | के गर्ने | कसरी गर्ने | कसले गर्ने (जिम्मेवार पदाधिकारी) | कहिले गर्ने |
|---|---|---|---|---|---|
| १. | • स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (रा.यो.आ) परिच्छेद ४ को २(३) | बजेट प्रस्ताव सभामा पेस गर्नुअघि बजेट नीति तथा कार्यक्रम सभामा छलफल गर्नु पर्ने । | • बजेट तर्जुमा समितिले नीति तथा कार्यक्रम तयार गरी कार्यपालिकाबाट स्वीकृत गरी छलफल कालागि सभामा पेस गर्ने।<br>• सभाले छलफलको कार्य तालिका तयार गर्ने<br>• सभामा नीति तथा कार्यक्रम उपर छलफल गर्ने । | • प्रमुख/अध्यक्ष<br>• स्थानीय सभा | सभामा बजेट प्रस्ताव पेस गर्नु भन्दा अगाडी (असल अभ्यास) |
| २ | • स्थानीय सरकार सञ्चालन ऐन,२०७४ दफा ७१ | कार्यपालिकाले छलफलका लागि बजेट प्रस्ताव सभामा पेस गर्नु पर्ने । | बजेट, वार्षिक विकास कार्यक्रम, आर्थिक तथा विनियोजन विधेयक कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेस गर्ने । | • स्थानीय कार्यपालिका | असार १० गते भित्र |

| सी.न. | कानुनी तथा अन्य आधारहरू | के गर्ने | कसरी गर्ने | कसले गर्ने (जिम्मेवार पदाधिकारी) | कहिले गर्ने |
|---|---|---|---|---|---|
| ३ | • असल अभ्यास<br>• ओ.ई.सी.डी, र<br>• आई.बी.पी | सभाबाट गठित विशेष समितिले बजेट प्रस्ताव जाँच गरी समितिको निष्कर्ष र सिफारिस सहितको प्रतिवेदन सभामा पेस गर्ने । | • सभाले विशेषज्ञ सहितको विशेष वा सुशासन समिति गठन गर्ने ।<br>• गठित विशेष वा सुशासन समिति बजेट प्रस्ताव जाँच गरी सभामा पेस गर्ने । | • बिशेष समिति वा<br>• सुशासन समिति | बजेट स्वीकृत गर्नु अघि, |
| ४ | • स्थानीय सरकार सञ्चालन ऐन,२०७४ दफा २२ | सभा वा सभाले गठन गरेको समितिबाट बजेट कार्यान्वयनको अनुगमन गर्ने व्यवस्था गरेको। | • अनुगमन कार्यविधि तयार गर्ने<br>• अनुगमन कार्य तालिका तयार गर्ने।<br>• अनुगमन प्रतिवेदन तयार गरी सभामा पेस गर्ने। | • सुशासन समिति | कार्यतालिका बमोजिम अनुगमन गर्ने |
| ५ | • स्थानीय सरकार सञ्चालन ऐन,२०७४ दफा ७१ | कार्यपालिकाले सभाबाट स्वीकृति अर्थात् पहिले अनुमान गरिएको भन्दा बढी रकम खर्च गर्दा सभाको स्वीकृति वा अनुमोदन प्राप्त गरेको। | आगामी वर्षको बजेट प्रस्ताव सँगै चालु आ.व.को खर्चको संशोधित अनुमान समेत सभामा पेस गरी छलफल गरी अनुमोदन प्राप्त गर्ने । | • प्रमुख/ अध्यक्ष | असार मसान्त भित्र |
| ६ | • अन्तर-सरकारी वित्त व्यवस्थापन | महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षण | लेखापरीक्षण प्रतिवेदनमा औंल्याएका बेरुजु लेखा समितिमा छलफल गराई | • प्रमुख प्रशासकीय अधिकृत | लेखापरीक्षण प्रतिवेदन प्राप्त भए पश्चात |

| सी.न. | कानुनी तथा अन्य आधारहरू | के गर्ने | कसरी गर्ने | कसले गर्ने (जिम्मेवार पदाधिकारी) | कहिले गर्ने |
|---|---|---|---|---|---|
| | ऐन, २०७४, दफा ३० | प्रतिवेदन सभा वा सभाले तोकेको समितिमा छलफल गर्ने। | बेरुजु असुल, नियमित, लगत कायम गर्ने सम्बन्धमा समितिको प्रतिवेदन सभामा पेस गरी सभाको निर्णय कार्यान्वयन गर्ने । | • स्थानीय लेखा समिति | बसेको सभाको बैठकमा प्रतिवेदन पेस हुने गरी । |

## अनुसूची : ४
## बजेटका चरण र क्रियाकलापहरू

**पहिलो चरणः बजेटको पूर्व तयारी,**

| योजना तर्जुमा सम्बन्धी क्रियाकलापहरू | प्रमुख जिम्मेवारी | समय सीमा |
|---|---|---|
| २. विषय क्षेत्रसँग सम्बन्धित सूचना सङ्कलन र विश्लेषण गरी स्थिति पत्र अद्यावधिक गर्ने, | विषयगत महाशाखा | मंसिर मसान्त |
| ३. आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यमकालीन खर्चको प्रक्षेपण तयार गर्ने, | विषयगत महाशाखा/ शाखा / प्रमुख प्रशासकीय अधिकृत | पुस १५ |
| ४. आगामी आर्थिक वर्षको राजस्व प्रक्षेपण गर्ने, | राजश्व परामर्श स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | पुस १५ |
| ४. आय व्ययको प्रक्षेपण भएको तथ्याङ्क विवरण संघ र प्रदेश अर्थ मन्त्रालयमा पेस गर्ने, | राजश्व शाखा / आर्थिक प्रशासन शाखा | पुस मसान्त |
| ५. विषयगत क्षेत्र विभाजन गरी सदस्यलाई जिम्मेवारी दिने | कार्यपालिका | माघ मसान्त |

**दोस्रो चरणः स्रोत अनुमान र कूल बजेट सीमा निर्धारण,**

| योजना तर्जुमा सम्बन्धी क्रियाकलापहरू | प्रमुख जिम्मेवारी | समय सीमा |
|---|---|---|
| ६. संघ र प्रदेशबाट बजेटको सीमा र मार्ग दर्शन प्राप्त गर्ने | कार्यपालिका | संघ–फागुन मसान्त<br>प्रदेश –चैत्र मसान्त |
| ५. स्थानीय गैसस, उपभोक्ता समिति, संघ संस्थाहरूसँग पूर्व बजेट छलफल गर्ने , | प्रमुख / अध्यक्ष | चैत्र मसान्त |
| ६. नीति तथा कार्यक्रम तयार गरी सभामा पेस गर्ने, | बजेट तथा योजना तर्जुमा समिति | वैशाख ७ गतेभित्र |
| ७. बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणको आधार तथा विधि तयार गर्ने | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | वैशाख ७ गतेभित्र |
| १०. कूल बजेट अनुमान, सीमा निर्धारण र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तयार गर्ने, | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | वैशाख १० गतेभित्र |

| योजना तर्जुमा सम्बन्धी क्रियाकलापहरू | प्रमुख जिम्मेवारी | समय सीमा |
|---|---|---|
| ११.विषयगत महाशाखा शाखा तथा वडा कार्यालयलाई बजेट सीमा र मार्ग दर्शन उपलब्ध गराउने । | प्रमुख प्रशासकीय अधिकृत | वैशाख १५ गतेभित्र |

**तेस्रो चरणः बस्ती /टोल स्तरबाट योजना छनौट,**

| योजना तर्जुमा सम्बन्धी क्रियाकलापहरू | प्रमुख जिम्मेवारी | समय सीमा |
|---|---|---|
| १२. बस्ती /टोल बैठकको कार्य तालिका तयारी र जिम्मेवारी बाँडफाँट गर्ने, | वडा समिति | वैशाख मसान्तभित्र |
| १३. बस्ती/ टोल स्तरमा आयोजना छनौट गरी वडा समितिमा पेस गर्ने, | वडा समिति र समितिका तोकिएका सदस्य | वैशाख मसान्तभित्र |

**चौथो चरणः वडा स्तरीय योजना प्राथमिकता निर्धारण**

| योजना तर्जुमा सम्बन्धी क्रियाकलापहरू | प्रमुख जिम्मेवारी | समय सीमा |
|---|---|---|
| १४. बस्ती / टोल स्तरबाट प्राप्त आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्रअनुसार छुट्टाउने | वडा समिति तथा कार्यालय | ज्येष्ठ १० गतेभित्र |
| १५. वडाको बजेट सीमा भित्रका र अन्य महत्त्वपूर्ण आयोजनालाई विषयगत रूपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेस गर्ने, | वडा समिति तथा कार्यालय | ज्येष्ठ १० गतेभित्र |

**पाँचौ चरणः एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा**

| योजना तर्जुमा सम्बन्धी क्रियाकलापहरू | प्रमुख जिम्मेवारी | समय सीमा |
|---|---|---|
| १६. गाउँ / नगर स्तरीय आयोजना र कार्यक्रमको सूची तयार गरी प्राथमिकता निर्धारण गर्ने, | विषयगत महाशाखा / शाखा | ज्येष्ठ १५ गतेभित्र |
| १७. विषयगत समितिमा छलफल र पुनः प्राथमिकता निर्धारण गर्ने, | विषयगत समिति | ज्येष्ठ २५ गतेभित्र |
| १८. बजेट तथा वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने, | बजेट तथा कार्यक्रम तर्जुमा समिति | ज्येष्ठ मसान्त भित्र |

| योजना तर्जुमा सम्बन्धी क्रियाकलापहरू | प्रमुख जिम्मेवारी | समय सीमा |
|---|---|---|
| १९. गैसस तथा तथा विकास साझेदारको कार्यक्रमलाई एकिकृत गरी समावेश गर्ने, | बजेट तथा कार्यक्रम तर्जुमा समिति | असार ५ गतेभित्र |
| २०. आर्थिक विधेयकको मस्यौदा तयार गरी पेस गर्ने | बजेट तथा कार्यक्रम तर्जुमा समिति | असार ५ गतेभित्र |
| २१. विनियोजन विधेयक मस्यौदा तयार गरी पेस गर्ने | बजेट तथा कार्यक्रम तर्जुमा समिति | असार ५ गतेभित्र |

**छठौं चरणः कार्यपालिकाबाट स्वीकृति र सभामा पेस**

| योजना तर्जूमा सम्बन्धी क्रियाकलापहरू | प्रमुख जिम्मेवारी | समय सिमा |
|---|---|---|
| २२. बजेट वार्षिक विकास कार्यक्रम ,मध्यमकालीन खर्च संरचना, आर्थिक एवम् विनियोजन विधेयक कार्यपालिकाबाट स्वीकृत गरी सभामा प्रस्तुत गर्ने | कार्यपालिका | असार १० गतेभित्र |

**सातौ चरणः सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति**

| बजेट स्वीकृती सम्बन्धी क्रियाकलापहरू | प्रमुख जिम्मेवारी | समय सिमा |
|---|---|---|
| २३.बजेट, वार्षिक विकास कार्यक्रम, मध्यमकालीन खर्च संरचना, आर्थिक एवम् विनियोजन विधयेक सभाबाट पारीत गर्ने। | स्थानीय सभा | असार मसान्तभित्र |
| २४. बजेट पुस्तिका तयारी र छपाइ गर्ने | प्रमुख प्रशासकीय अधिकृत | साउन १५ गतेभित्र |

**बजेट कार्यान्वयनः**

| बजेट कार्यान्वयन सम्बन्धी क्रियाकलापहरू | प्रमुख जिम्मेवारी | समय सीमा |
|---|---|---|
| • प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने । | अध्यक्ष्य / प्रमुख | साउन ७ गतेभित्र |

| बजेट कार्यान्वयन सम्बन्धी क्रियाकलापहरू | प्रमुख जिम्मेवारी | समय सीमा |
|---|---|---|
| • स्थानीय ज्याला, निर्माण सामाग्री र ढुवानी न्यूनतम दररेट स्वीकृत गर्ने । | कार्यपालिका | असार १५ गतेभित्र आ.व. शुरू हुनु भन्दा १५ दिन अगावै। |
| • वार्षिक खरिद योजना तर्जुमा र स्वीकृती। | अध्यक्ष्य / प्रमुख | साउन १५ गते भित्र |
| • वार्षिक विकास कार्यक्रम कार्यान्वयन कार्ययोजना स्विकृति। | कार्यपालिका / प्रमुख प्रशासकीय अधिकृत | साउन १५ गते भित्र |
| • प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित महाशाखा वा शाखा प्रमुख र वडा सचिवलाई कार्यक्रम र अख्तियारी सहित खर्चको अख्तियारी दिने । | प्रमुख प्रशासकीय अधिकृत | अख्तियारी प्राप्त भएको १५ दिनभित्र |
| • वस्तु वा सेवा खरिद वा कार्यक्रम कार्यान्वयनका लागि ठेक्का सम्झौता सम्पन्न गर्ने | प्रमुख प्रशासकीय अधिकृत | असोज मसान्तभित्र |
| • स्थानीय कार्यपालिकाले आय र व्ययको विवरण सार्वजनिक गर्ने। | आर्थिक प्रशासन / प्रमुख प्रशासकीय अधिकृत | महिनाको सात गतेभित्र |
| • कारोबार, आय व्ययको लेखा राख्ने । | आर्थिक प्रशासन शाखा | नियमित रूपमा कारोवार भएकै वेला |
| • खर्चको मासिक विवरण विवरण तयार गर्ने । | आर्थिक प्रशासन शाखा | महिना समाप्त भएको ७ दिन भित्र |
| • खर्च एवम् प्रगतिको त्रैमासिक प्रगति विवरण तयार गर्ने | प्रमुख प्रशासकीय अधिकृत | अवधि समाप्त भएको १५ दिनभित्र |
| • वार्षिक बजेटको अर्ध वार्षिक समिक्षा गरी प्रतिवेदन प्रकाशन गर्ने । | प्रमुख प्रशासकीय अधिकृत | माघ मसान्तभित्र |
| • वार्षिक बित्तीय विवरणहरु तयार गर्ने । | प्रमुख प्रशासकिय अधिकृत | अवधि समाप्त भएको २१ दिन भित्र |
| • आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गर्ने । | प्रमुख प्रशासकीय अधिकृत | अवधि समाप्त भएको ४५ दिनभित्र |

**बजेट अनुगमन मूल्याङ्कनः**

| बजेट अनुगमन सम्बन्धी क्रियाकलापहरू | प्रमुख जिम्मेवारी | समय सिमा |
|---|---|---|
| • अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन कार्यपालिकामा पेश गर्ने, | सुपरीवेक्षण समिति | प्रत्येक २ महिनामा |
| • अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल गर्ने, | प्रमुख प्रशासकीय अधिकृत | लेखापरीक्षण प्रतिवेदन प्राप्त भएपछि बस्ने पहिलो बैठकमा। |
| • सभाबाट वा सभाद्धारा गठित समितिबाट बजेट तथा कार्यक्रमको अनुगमन गर्ने । | सभाबाट तोकिएको व्यक्ति वा गठीत समिति | सभाबाट तोकिएको समयभित्र |
| • गत आ.व. भन्दा अघिल्लो आ.व.को आय-व्यय र बजेट कार्यान्वयनको बारेमा वार्षिक समीक्षा गर्ने । | प्रमुख प्रशासकीय अधिकृत | कार्तिक मसान्तभित्र |
| • उपप्रमुख / उपाध्यक्षले योजना तथा कार्यक्रमको सुपरिवेक्षण गरी सोको प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गर्ने । | उपप्रमुख / उपाध्यक्ष | मासिक रूपमा |
| • सरोकारवाला समतेलाई भेला गराई सामाजिक परीक्षण गर्ने। | प्रमुख प्रशासकीय अधिकृत | वर्षको कम्तीमा १ पटक। आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र |
| • आफूले गरेको कामको सम्बन्धमा सार्वजनिक सुनवाइ गर्ने। | प्रमुख प्रशासकीय अधिकृत | प्रत्येक चौमासिकमा |

## अनुसूची : ५

## नागरिक बजेटको ढाँचा

- **महानगरपालिका / उप नगरपालिका / नगरपालिका प्रमुख वा गाउँपालिका अध्यक्षको सन्देश**
- **विषय सूची**

**१. परिचय**

१.१ नागरिक बजेटको उद्देश्य,

१.२ बजेटको उद्देश्यहरू,

१.३ बजेटको अल्पकालीन तथा दीर्घकालीन लक्ष्यहरू,

१.४ बजेटको प्राथमिकताहरू,

**२. अन्तर्निहित आर्थिक अनुमानहरू**

२.१ अर्थतन्त्रका सूचकहरू

- *कूल गार्हस्त उत्पादन,*
- *आर्थिक विकास दर ,*
- *मुद्रा स्फिति दर,*
- *प्रतिव्यक्ति आय,*

२.२ दिगो विकासको लक्ष्य तथा उपलब्धिहरू,

२.३ स्थानीय तहको वार्षिक आय व्ययको सारांश,

**३. बजेटको चरणहरू,**

**४. आयका स्रोतहरू,**

**५. विनियोजन र खर्चका क्षेत्रहरू,**

**६. महत्त्वपूर्ण कार्यक्रमहरू,**

**७. लक्षित वर्ग र समुदाय विशेष कार्यक्रमहरु,**

**८. सेवा प्रवाह र उपलव्धीहरू,**

**९. बजेट शब्दावली**

**१०. नागरिकहरूको लागि सम्पर्क जानकारी।**

**अनुसूची : ६**

**नागरिक बजेट पुस्तिका (नमुना)**

आर्थिक वर्ष...........

**महानगरपालिका / उप नगरपालिका / नगरपालिका प्रमुख वा गाउँपालिका अध्यक्षको सन्देश**

नागरिक बजेटको अग्र पृष्ठ पछिको पृष्ठमा स्थानीय तहको प्रमुख वा अध्यक्षको सन्देश बढीमा एक पेजमा उल्लेख गर्ने। यसमा प्रमुख वा अध्यक्षको पासपोर्ट साइजको फोटो सहित मुख्यतया स्थानीय तहको समग्र आर्थिक अवस्था, गतिविधि, मुख्य कार्यक्रमहरू, बजेटले राखेको अपेक्षा वा लक्ष्यहरू र नागरिक बजेट प्रकाशन गर्नुको उद्देश्य बारे उल्लेख गर्ने।

**विषय सूचीः** स्थानीय तहको प्रमुख वा अध्यक्षको सन्देश पछिको पृष्ठमा नागरिक बजेट पुस्तिकाको विषय सूची उल्लेख गर्ने।

विषय सूची पश्चात् देहायको ढाँचामा बजेटको मुख्य विषयहरू उल्लेख गर्ने।

| **१.परिचय** | **सूचनाको श्रोतहरू** |
|---|---|

१.१ .................. **महानगरपालिका / उप नगरपालिका / नगरपालिका / गाउँपालिका** को आर्थिक वर्ष २०...../.....को बजेटको मुख्य मुख्य बिषयहरू आम जनसमुदायका लागि सरल रूपमा जानकारी गराउन यो नागरिक बजेट प्रकाशन गरिएको छ।

| | | |
|---|---|---|
| **१.१ बजेटको उद्देश्यहरू** | • ..................................<br>• .................................. | • बजेट वक्तव्य<br>• नीति तथा कार्यक्रम |
| **१.२ बजेटको अल्पकालीन तथा दीर्घकालीन लक्ष्यहरू** | • ..................................<br>• ..................................<br>• .................................. | • बजेट वक्तव्य<br>• नीति तथा कार्यक्रम<br>• मध्यकालीन खर्च संरचना<br>• आवधिक योजना |
| **१.३ बजेट तर्जुमा गर्दा लिएको आधारहरू** | • ..................................<br>• ..................................<br>• .................................. | • बजेट वक्तव्य<br>• नीति तथा कार्यक्रम<br>• मध्यकालीन |

| | | |
|---|---|---|
| | | खर्च संरचना<br>• आवधिक योजना |
| **१.४ बजेटका प्राथमिकताहरू** | • ..................................<br>• .................................. | • बजेट वक्तव्य<br>• नीति तथा कार्यक्रम |

## २. बजेटमा अन्तर्निहित आर्थिक अनुमानहरू

### २.१ अर्थतन्त्रको राष्टिय सूचकहरूः

| अर्थतन्त्रका राष्टिय सूचकहरू | आर्थिक वर्ष..... (अनुमानीत लक्ष्य) | आर्थिक वर्ष..... (यथार्थ प्रगति) |
|---|---|---|
| कूल गार्हस्त उत्पादन | | |
| आर्थिक विकास दर अपेक्षित र यथार्थ | | |
| मुद्रा स्फ्रीति दर | | |
| प्रतिव्यक्ति आय | | |


**सूचनाको श्रोतहरू**
संघीय अर्थ मन्त्रालयबाट प्रकाशित आर्थिक सर्वेक्षणहरू ।
मध्यमकालीन खर्च संरचना।

**अर्थतन्त्रको राष्टिय सूचकहरू वा स्थानीय सूचकहरूलाई देहाय बमोजिम चित्रमा समेत प्रस्तुत गर्दा सूचनालाई प्रभावकारी सम्प्रषण गर्न सकिन्छ।**

### आर्थिक वृद्धिदर










**०.८ %**

**सन् २०२३**

**३.१ %**

**सन् २०२४**

## आर्थिक वृद्धिदर

नेपालको आर्थिक वृद्धिदर सन् २०२२ मा ५.६, २०२३ मा ०.८ रहेको छ भने २०२४ मा ३.१ प्रतिशत रहने अनुमान गरिएको छ।

## मुद्रास्फीति



**६.३ %**

**सन् २०२२**



**७.८ %**

**सन् २०२३**

अनुमानित



**६.१ %**

**सन् २०२४**

## मुद्रास्फीति

नेपालको मुद्रास्फीति दर २०२२ मा ६.३, २०२३ मा ७.८ रहेको छ भने २०२४ मा ६.१ प्रतिशत रहने अनुमान गरिएको छ।

## प्रति व्यक्ति आय



अनुमानित



२०७९/८० मा अ.ड १४०५

२०८०/८१ मा अ.ड १४५६

**प्रति व्यक्ति आय**

नेपालीको प्रति व्यक्ति आय बढ्दै गएको छ। आर्थिक वर्ष २०७९।८० मा प्रति व्यक्ति आय १४०५ अमेरिकी डलर रहेकोमा आर्थिक वर्ष २०८०।८१ मा १४५६ अमेरिकी डलर पुग्ने अनमुान गरिएको छ।

## २.२ दिगो विकासको लक्ष्य तथा उपलव्धीहरू:

| सूचकहरू | एकाइ | आगामी आर्थिक वर्षको लक्ष्य | चालु आर्थिक वर्षमा हाल सम्मको | |
|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगति |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**सूचनाको श्रोतहरू**

वार्षिक कार्यक्रम, लक्ष्य प्रगति प्रतिवेदन, दिगो विकासका लक्ष्यहरू स्थानीकरण

## २.३ स्थानीय निकायको वार्षिक आय व्ययको सारंश:


| शिर्षकहरू | आर्थिक वर्ष.. | आर्थिक वर्ष. |
|---|---|---|
| **१.कूल जम्मा आय:(क +ख +ग)** | **XXX** | **XXX** |
| **क.राजस्व :** | xx | xx |
| आन्तरिक राजस्व | | |
| राजस्व बाँडफाँडबाट प्राप्त | | |
| अन्य आय | | |
| **ख. अन्तर सरकारी बित्तीय हस्तान्तरण** | xx | xx |

**सूचनाको श्रोतहरू**

- बजेट वक्तव्य
- आर्थिक विवरणहरू
- प्रगति विवरणहरू
- वार्षिक ,त्रैमासिक वित्तीय विवरणहरु
- अनुमानित आय व्यय


| | | |
|---|---|---|
| नेपाल सरकारबाट प्राप्त अनुदान | | |
| प्रदेश सरकारबाट प्राप्त अनुदान | | |
| अन्तर स्थानीय तहबाट प्राप्त अनुदान | | |
| **ग. जनसहभागिता** | xx | xx |
| नगद सहभागिता | | |
| श्रम तथा वस्तुगत सहायता | | |
| **२.कूल जम्मा व्यय:(घ+ङ)** | **XXX** | **XXX** |
| घ.चालु खर्च | xx | xx |
| ङ.पूँजिगत खर्च | xx | xx |
| **बजेट बचत (+) / न्यून (-)(१-२)** | **XXX** | **XX** |

## ३. बजेट चरणहरू




(स्थानीय तहको बजेट चक्र)

स्थानीय तहको आम्दानी का स्रोतहरू लाई प्रस्तुत गर्न विभिन्न पाइ चार्ट, बार ग्राफ, साङ्केतिक चित्रहरू प्रयोग गर्न सकिन्छ ।





**सूचनाको श्रोतहरू**

- बजेट तथा कार्यक्रम पुस्तिका
- आय व्ययको विवरण अनुसूची १
- राजश्व , अनुदान तथा अन्य प्राप्ति अनुदान अनुसूची २
- प्रगति विवरणहरू
- वार्षिक ,त्रैमासिक वित्तीय विवरणहरु





**सूचनाको श्रोतहरू**

- बजेट तथा कार्यक्रम पुस्तिका
- आय व्ययको विवरण अनुसूची १
- राजश्व , अनुदान तथा अन्य प्राप्ति अनुदान अनुसूची २
- प्रगति विवरणहरू
- वार्षिक ,त्रैमासिक वित्तीय विवरणहरु




## ५. विनियोजन र खर्चका क्षेत्रहरू

स्थानीय तहको खर्चका क्षेत्रहरूलाई प्रस्तुत गर्न विभिन्न पाइ चार्ट, बार ग्राफ, साङ्केतिक चित्रहरू प्रयोग गर्न सकिन्छ ।




**सूचनाको श्रोतहरू**

- बजेट तथा कार्यक्रम पुस्तिका
- आय व्ययको विवरण अनुसूची १
- राजश्व, अनुदान तथा अन्य प्राप्ति अनुदान अनुसूची २
- प्रगति विवरणहरू
- वार्षिक,त्रैमासिक वित्तीय विवरणहरु




## ६. महत्वपूर्ण कार्यक्रमहरू

**उदाहरणः** स्थानीय तहको महत्त्वाकाङ्क्षी कार्यक्रमहरूको देहायका सूचनाहरू सहित परिचय वा प्रगति दर्साउने तस्बिरहरू प्रस्तुत गर्न सकिन्छ ।

**क. तराई मधेश सम्मृद्धि कार्यक्रम,**

- उदेश्यः
- लक्ष्य/कार्यक्रमः
- प्रस्तावित बजेटः
- गत वर्ष सम्मको खर्चः
- अपेक्षित लाभान्वित जनसंख्याः

**सूचनाको श्रोतहरूः**

- बजेट तथा कार्यक्रम पुस्तिका
- वार्षिक प्रगति विवरणहरू
- वित्तीय विवरणहरू
- मासिक त्रैमासिक प्रगति विवरणहरू
- समिक्षा प्रतिवेदनहरू

**क. प्रधानमन्त्री रोजगार कार्यक्रम,**

- उद्देश्य
- लक्ष्य/कार्यक्रमः
- प्रस्तावित बजेटः
- चालु वर्षको बजेट र चैत्र मसान्त सम्मको खर्चः
- गत वर्ष सम्मको खर्चः
- लाभान्वित जनसंख्याः

## ७. लक्षित वर्ग समुदाय विशेष कार्यक्रम

### ७.१ जेष्ठ नागरिक सम्बन्धी कार्यक्रमहरूः



- कार्यक्रमहरू
- प्रस्तावित बजेटः
- चालु वर्षको बजेट चैत्र मसान्त सम्मको खर्चः
- गत वर्ष सम्मको बजेट र खर्चः
- लाभान्वित जनसंख्याः

७.२



- कार्यक्रम:
- प्रस्तावित बजेट:
- चालु वर्षको बजेट र चैत्र मसान्त सम्मको खर्च:
- गत वर्ष सम्मको बजेट र खर्च:
- लाभान्वित जनसंख्या:

र्यक्रम पुस्तिका,वार्षिक प्रगति विवरणहरू,वित्तीय
ी विवरणहरू

## ८. सेवा प्रवाह र उपलव्धीहरू

स्थानीय पालिकाले नागरिकहरूलाई पुराएको सेवाको तुलनात्मक विवरण प्रस्तुत गर्ने :

**उदाहरण:**

- दर्ता सम्बन्धी ( जन्म, मृत्यु, विवाह )
- सङ्घ संस्था दर्ता एवम् नवीकरण आदि)
- घर नक्सा पास
- स्वास्थ्य सेवा
- सामाजिक सुरक्षा भत्ता वितरण
- न्याय सम्पादन (सङ्ख्या)
- गुनासो व्यवस्थापन (सङ्ख्या)
- सिफारिस सम्बन्धी ( बसाई सराई, रजिष्टेशन, नाता प्रमाणित आदि)

सूचनाको श्रोतहरू:

- वार्षिक प्रगति विवरणहरू
- वार्षिक प्रतिवेदन
- मासिक त्रैमासिक प्रगति विवरणहरू
- सम्बन्धित शाखाहरूको अभिलेखहरू

## ९. नागरिकहरू द्वारा अनुगमनको लागि सम्पर्क जानकारी

नागरिक बजेट सँग सम्बन्धी जानकारीको लागि सम्बन्धित अधिकारीको सम्पर्क विवरण उल्लेख गर्नेः

नामः

पदः

ईमेलः

फोन नः

## १०. बजेट शब्दावली

बजेटमा उल्लेख भएका प्राविधिक वा जटिल शब्दहरूको व्याख्या उल्लेख गर्ने

## अनुसूची : ७

## बजेटसँग सम्बन्धित शब्दावली

**आर्थिक वर्ष** आर्थिक वर्षले सरकारको वार्षिक बजेट कार्यान्वयन अवधिलाई बुझाउँछ। प्रत्येक वर्षको साउन महिनाको १ गते देखि आगामी वर्षको असार मसान्त सम्मको १२ महिनाको अवधिलाई आर्थिक वर्ष भनिन्छ। स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७२ अनुसार गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गते देखि आगामी वर्षको असार मसान्तसम्मको १२ महिनाको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नु पर्ने व्यवस्था गरेको छ।

**आर्थिक वृद्धि** अघिल्लो अवधिको तुलनामा यस अवधिमा आर्थिक वस्तु तथा सेवाको उत्पादनमा भएको वृद्धि आर्थिक वृद्धि हो। आर्थिक वृद्धिले अर्थतन्त्रमा समग्र उत्पादन वृद्धिलाई जनाउँछ।

**खुद राष्ट्रिय उत्पादन** कुल राष्ट्रिय उत्पादनमा मूल्य ह्रास घटाएपछि कायम हुन आउने रकम खुद राष्ट्रिय उत्पादन हो।

**घाटा बजेट** घाटा बजेट भन्नाले राजस्व र अनुदानको योग भन्दा व्यय बढी हुने गरी व्यवस्था भएको बजेट सम्झनु पर्छ । सरकारको कूल आम्दानी भन्दा कूल खर्च बढी भएको अवस्थालाई घाटा बजेट भनिन्छ। अर्थतन्त्रलाई चलायमान गर्न, गरिबी र असमानता कम गर्न सार्वजनिक लगानी बढाउन विकासोन्मुख देशहरू घाटा बजेट तयार गर्छन्।

**चालु खर्च** साल बसाली रूपमा गरिने दैनिक प्रशासनिक खर्च, उपभोग खर्च, दैनिक रूपमा कार्य सञ्चालनका लागि आवश्यक खर्च, सरकारी निकायले सार्वजनिक हितका लागि प्रदान गर्ने सेवा तथा त्यस्तो सेवा प्रदान गर्ने निकायलाई दिइने सञ्चालन अनुदान जस्ता खर्चहरू चालु खर्च हुन।

**पुँजिगत खर्च** स्थिर सम्पत्तिहरू जस्तैः फर्निचर तथा फिक्चर्स, सवारी साधन, मेसिनरी औजार, उपकरण आदि प्राप्त गर्न भएको खर्च रणनीतिक महत्त्व वा

आपत्कालीन समयको लागि व्यवस्था गरिएको मौज्दात, जग्गा, भवन खरिद, सार्वजनिक उपयोगको सम्पत्तिहरू जस्तैः सडक, नहर, विधुत गृह, वन, वृक्षारोपण, खानी उत्खननको कार्य, स्तरोन्नति, स्थायी प्रकृतिको कामका लागि गरिने अध्ययन अनुसन्धान तथा प्राविधिक परामर्श सेवा, आयोजना निर्माणचरणको ब्याज, बिमा, भाडा भरौट, भन्सार कर आदि खर्च, क्षति बापत दिइने मुआब्जा आदि खर्चहरू पुँजीगत खर्च हुन।

**पूरक अनुमान** चालु आर्थिक वर्षको लागि विनियोजन ऐनले कुनै सेवाको लागि खर्च गर्न अख्तियारी दिएको रकम अपर्याप्त भएमा वा विनियोजन ऐनले अख्तियारी नदिएको नयाँ सेवामा खर्च गर्न आवश्यक भएमा वा विनियोजन ऐनले अख्तियारी दिएको रकम भन्दा बढी खर्च हुन गएमा सभाको स्वीकृति वा अनुमोदनका लागि सम्बन्धित शीर्षकमा उल्लेख गरी विनियोजन विधेयकमा राखिएको रकमले पूरक अनुमानलाई जनाउँछ।

**प्रतिव्यक्ति आय** कुनै पनि देशको राष्ट्रिय आम्दानीलाई जनसङ्ख्याले भाग गर्दा निस्किने रकम प्रतिव्यक्ति आय हो। निश्चित अवधि वा गणना अवधिमा कुनै देशका जनताको औसत आम्दानी नै प्रतिव्यक्ति आय हो।

**बजेट** सरकारी बजेट भन्नाले सरकार द्वारा एक आर्थिक वर्षका लागि तयार गरिएको राजस्व र व्ययको अनुमानित विवरण हो। वार्षिक बजेट सरकारको एक आर्थिक वर्षको आर्थिक गतिविधिको रूपरेखा, चालू आर्थिक वर्षको आर्थिक गतिविधिको चित्रण र आगामी वर्षको कार्यक्रम उल्लेखित सरकारको विस्तृत आर्थिक योजना हो। स्थानीय सरकारले वार्षिक बजेटमा गत आर्थिक वर्षको राजश्व र व्ययको यथार्थ विवरण, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनु पर्छ।

**रकमान्तर** व्यय अनुमानको विवरणमा उल्लेख गरी कुनै शीर्षक, उपशीर्षक र खर्च सङ्केतमा छुट्टाइएको रकमबाट अर्को शीर्षक, उपशीर्षक र खर्च

सङ्केतमा रकम सार्ने कार्य रकमान्तर हो।

**राजस्व बाँडफाँट** संविधानको धारा (६०) को उपधारा (२) मा नेपाल सरकारले सङ्कलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्नु पर्ने व्यवस्था छ। जनसङ्ख्या, मानव विकास सूचकाङ्क, क्षेत्रफल आदिका आधारमा नेपाल सरकारबाट मूल्य अभिवृद्धि कर, आन्तरिक अन्तःशुल्क र प्राकृतिक स्रोतको रोयल्टीको रकम संघ, प्रदेश र स्थानीय तहहरू बिच वितरण गर्ने कार्य राजस्व बाँडफाँट हो।

**राष्ट्रिय आम्दानी** राष्ट्रिय आम्दानी भन्नाले कुनै राष्ट्रले उत्पादन गर्ने सबै सेवा र वस्तुहरूको कुल मूल्यलाई जनाउँछ। कुनै पनि देशका उत्पादनका साधनहरूले (भूमि, पुँजी, श्रम र सङ्गठन) आफ्नो भौगोलिक सीमाभित्र आर्जन गरेको आम्दानी र विदेशबाट प्राप्त खुद आम्दानी जोडेर निस्कने योगफल राष्ट्रिय आम्दानी हो। राष्ट्रिय आम्दानीले राष्ट्रको आर्थिक गतिविधिको सूचकको रूपमा काम गर्दछ।

**वित्तीय समानीकरण अनुदान** वित्तीय समानीकरण अनुदान संघ र प्रदेश सरकारबाट स्थानीय तहलाई नियमितरुपमा प्राप्त हुने वित्तीय हस्तान्तरण अनुदान हो। स्थानीय तहको मानव विकास सूचकाङ्क, आर्थिक सामाजिक असमानता, पूर्वाधार विकासको अवस्था, राजस्वको अवस्था, खर्चको आवश्यकता र राजस्व उठाउन सक्ने क्षमताको आधारमा संघ र प्रदेश सरकारबाट स्थानीय तहलाई यो अनुदान प्रदान गरिन्छ।

**विनियोजन** विनियोजन भन्नाले सरकारको बजेटले विभिन्न शीर्षकहरूमा विभिन्न कार्यालयहरू, क्रियाकलापहरू, कार्यक्रमहरूमा खर्च गर्न छुट्ट्याएको रकमलाई बुझाउँछ।

**विशेष अनुदान** विशेष अनुदान शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने, अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने, आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग समुदायको उत्थान विकास गर्ने उद्देश्य राखी स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनाका लागि संघ तथा

प्रदेश सरकारबाट प्राप्त हुने अनुदान हो।

| | |
|---|---|
| **स्थानीय सञ्चित कोष** | गाउँपालिका र नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम, गाउँपालिका र नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा गर्न संविधानको धारा २२९ ले व्यवस्था गरेको स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा रहने कोष स्थानीय सञ्चित कोष हो। |
| **सशर्त अनुदान** | सशर्त अनुदान कुनै निश्चित क्रियाकलाप वा कार्यक्रम कार्यान्वयनको लागि सर्त तोकी संघ र प्रदेश सरकारबाट स्थानीय तहलाई प्राप्त हुने अनुदान हो। यो अनुदान संघीय वा प्रदेश सरकारले कुनै योजना, राष्ट्रिय नीति तथा कार्यक्रम कार्यान्वयनका लागि सर्त सहित स्थानीय तहलाई उपलब्ध गराउने गर्दछ। |
| **समपूरक अनुदान** | स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न कूल लागतको अनुपातका आधारमा संघ र प्रदेश सरकारबाट प्रदान गर्ने अनुदान समपूरक अनुदान हो। |
| **स्रोतान्तर** | व्यय अनुमानको विवरणमा उल्लेख गरी छुट्टाइएको कुनै शीर्षक, उपशीर्षको स्रोतको किसिम, स्रोत व्यहोर्ने संस्थाबाट अर्को स्रोतको किसिम, स्रोत व्यहोर्ने संस्थामा सार्ने अवस्था स्रोतान्तर हो। |
| **राजस्व घाटा** | सरकारको कुल राजस्व खर्च कुल राजस्व प्राप्ति भन्दा बढी भएको स्थिति राजस्व घाटा हो। राजस्व घाटाले सरकारको खुद आम्दानीले चालु सञ्चालन खर्च धान्न नसकेको अवस्थालाई जनाउँछ। |

## अनुसूची : ८

## नागरिक बजेटका सम्बन्धमा प्रायः सोधिने प्रश्नहरू

### क. नागरिक बजेट के हो ?

नागरिक बजेटले सरकारी बजेटका प्राविधिक विषय एवम् शब्दहरूलाई सर्वसाधारण नागरिकहरूले सजिलै बुझ्न र विश्लेषण गर्न सक्ने गरी प्रस्तुत गरेको हुन्छ । यसले सरकारको बजेट तथा कार्यक्रम बारे नागरिकहरूको बुझाई बढाउनुका साथै बजेट प्रति नागरिकको स्वामित्व तथा अपनत्व बढाउन मद्दत गर्दछ।

### ख. नागरिक बजेटको आवश्यकता किन ?

सरकारले स्रोत सङ्कलन प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नागरिक बाट उठाएको कर, शुल्क राजस्व र प्राकृतिक स्रोतहरूको उपयोग मार्फत गरेको हुन्छ। सरकारलाई प्राप्त हुने बाह्य अनुदान वा ऋण रकम नागरिकको नाममा वा नागरिकका लागि प्राप्त हुने गर्दछ। जनताका लागि विभिन्न स्रोतबाट प्राप्त रकमहरू कहाँ कसरी खर्च गरिनेछ भन्ने सम्बन्धमा जनतालाई सुसूचित गर्नु सरकारको कर्तव्य हो। नागरिक बजेट सरकारी बजेटलाई सर्वसाधारण नागरिकहरूले सजिलै बुझ्न र विश्लेषण गर्न सक्ने गरी नागरिकलाई सूचना प्रदान गर्ने माध्यम भएकोले सरकारहरूले नागरिक बजेट प्रकाशन गर्नु पर्दछ।

### ग. नागरिक बजेटबाट क-कसलाई फाइदा हुन्छ ?

निस्सन्देह, नागरिक बजेटको प्राथमिक लाभग्राही नागरिकहरू नै हुन्। नागरिक बजेटले बजेटको पारदर्शिता वृद्धि गर्नुका साथै सरकारका क्रियाकलापहरूमा सहभागी हुन नागरिकको क्षमता वृद्धिका लागि सरकारका क्रियाकलापहरूको बारेमा नागरिकहरूको ज्ञान बढाउँछ। नागरिक हरूलाई मात्र नभई सरकारलाई पनि नागरिक बजेटबाट फाइदा पुग्छ। बजेट नागरिकको कल्याणका लागि सरकारको क्रियाकलापहरूको केन्द्रबिन्दु हो। नागरिक बजेटले सरकारको वित्तीय नीति, कल्याणकारी योजना, कार्यक्रमहरूको व्याख्या सजिलै बुझ्न सकिने ढाँचामा नागरिकहरूलाई सम्प्रेषण गर्ने हुनाले सरकारका क्रियाकलाप, योजना, कार्यक्रमहरूलाई पारदर्शी तथा जबाफदेही बनाउन, सरकार जनताप्रति उत्तरदायी छ भनी देखाउन र सरकारको विश्वसनीयता बढाउन समेत मद्दत पुर्‍याउँदछ।

### घ. नागरिक बजेट प्रकाशित गर्ने उपयुक्त समय कुन हो?

नागरिक बजेट कार्यपालिकाको प्रस्तावित र सभाबाट स्वीकृत बजेटको संस्करण हो ।त्यसैले बजेट प्रस्तावित भएकै समयमा पनि नागरिक बजेट सार्वजनिक रूपमा उपलब्ध गराउने प्रचलन

रहेको छ। तथापि हामी नागरिक बजेटको सुरुवाती चरणमा रहेकोले वर्षमा १ पटक विधायिका वा स्थानीय सभाबाट बजेट स्वीकृत भइसकेपछि जतिसक्दो चाँडो नागरिक बजेट सार्वजनिक गर्ने व्यवस्था यस निर्देशिकामा उल्लेख गरिएको छ।

**ङ. सरकारको पूर्ण बजेट र नागरिक बजेटमा के सम्बन्ध छ ?**

नागरिक बजेट सरकारको पूर्ण बजेटको विकल्प नभई पूर्ण बजेटको सरल रूप हो।यो सामान्यतया तुलनात्मक रूपमा छोटो हुन्छ र यसलाई पढ्ने व्यक्तिले सरकारको बजेट सम्बन्धमा अझ बढी बुझ्न इच्छुक हुने र विस्तृत पूर्ण बजेट बुझ्न सहयोग पुऱ्याउँछ।

**च. नागरिक बजेट र सहभागितामूलक बजेटमा के भिन्नता छ ?**

कहिलेकाहीँ नागरिक बजेट र सहभागितामूलक बजेट उस्तै उस्तै हो भन्ने लाग्छ। तर यी दुवै बिच तात्त्विक भिन्नता रहेको छ। नागरिक बजेट सरकारद्वारा तयार पारिएको बजेटको महत्त्वपूर्ण विषयहरू जानकारी गराउने सहज र सरल प्रस्तुति हो। यो सरकारको बजेटबारे जनता के जान्न चाहन्छन् भन्ने विषयमा नागरिकसँग परामर्श गरेर तयार गरिन्छ। बजेटका प्राथमिकता निर्धारण गर्ने, बजेट तर्जुमा एवम् कार्यान्वयनको अनुगमन गर्ने विषयमा समुदायको भावना वा मागको प्रतिनिधित्व गरी बजेट निर्माण गर्ने प्रक्रियाले सहभागितामूलक बजेट जनाउँछ।

**छ. निर्वाचित जनप्रतिनिधिहरूको सहभागिता नागरिक सहभागिता हो ?**

आम जनसमुदाय बिचको व्यक्ति जनसमुदायबाट निर्वाचित भएर स्थानीय सभा वा स्थानीय कार्यपालिकामा प्रतिनिधित्व गर्ने भएको हुँदा स्थानीय कार्यपालिकाले गर्ने क्रियाकलाप वा निर्णय प्रक्रियामा उनीहरूको सहभागिता नै नागरिक सहभागिताको हो भन्ने बुझाई रहेको पाइन्छ। तर नागरिक र नागरिकहरूबाट निर्वाचित प्रतिनिधिहरू फरक फरक भूमिकामा हुन्छन्। निर्वाचित प्रतिनिधिहरू कि विधायिकाको भूमिकामा (स्थानीय सभाको हिस्सा) हुन्छन् कि कार्यकारिणीको (स्थानीय कार्यपालिकाको हिस्सा) भूमिकामा हुन्छन्। उनीहरू आफ्नो जिम्मेवारीका लागि नागरिकहरू प्रति जबाफदेही हुन्छन्। प्रतिनिधिहरूले गरेको वा गर्नु पर्ने कामका सम्बन्धमा नागरिकहरूले प्रश्न उठाउन सक्छन्। त्यसैले बजेट पारदर्शिता, नागरिक सहभागिताको प्रयोजनका लागि सरकारको निर्णय प्रक्रियामा विभिन्न वर्ग, समुदाय, क्षेत्रका नागरिकहरूको सहभागिता जरुरी हुन्छ।

**ज. नागरिक बजेट सम्बन्धमा थप जानकारीको लागि को सँग सम्पर्क गर्ने ?**

नागरिक बजेट सम्बन्धमा थप जानकारीको लागि सम्बन्धित स्थानीय तहको सूचना अधिकारी वा नागरिक बजेट पुस्तिका तयार गर्ने प्राथमिक जिम्मेवारी भएका योजना शाखा प्रमुख वा आर्थिक प्रशासन शाखा प्रमुखसँग सम्पर्क गर्न सकिन्छ। स्थानीय कार्यपालिकाले नागरिक बजेटको

सम्बन्धमा नागरिकले सम्पर्क गर्ने अधिकारीको विवरण नागरिक बजेट पुस्तिका र वेब पेजमा सार्वजनिक गर्नु पर्दछ।

**प्रमाणिकरण मिति २०८२/०९/०९**

**आज्ञाले**
**कृष्ण प्रसाद सापकोटा**
**प्रमुख प्रशासकिय अधिकृत**

## अनुसूची : ९

## बजेटसंग सम्बन्धित स्रोत सामाग्रीका लिङ्कहरू

| | |
|---|---|
| स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (रा.यो.आ) | https://npc.gov.np/images/category/220106044450Guideline%20for%20LP%20Planning.pdf |
| मध्यमकालीन खर्च संरचना रा.यो.आ (२०८१/८२ - २०८३/८४) | https://www.npc.gov.np/images/category/240612121032MTEF%202081%20Final.pdf |
| सोह्रौं आवधिक (२०८१/८२ देखि २०८५/८६) योजना (रा.यो.आ) | https://www.npc.gov.np/images/category/240607021659सोह्रौं%20योजना.pdf |
| आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय | https://www.mof.gov.np/site/publication-detail/3357 |
| संघीय सरकार, बजेट वक्तव्य | https://www.mof.gov.np/site/publication-category/17 |
| स्थानीय सरकार सञ्चालन ऐन,२०४७ | https://mofaga.gov.np/detail/1697 |

**प्रमाणिकरण मिति २०८२/०९/०९**

**आज्ञाले**
**कृष्ण प्रसाद सापकोटा**
**प्रमुख प्रशासकिय अधिकृत**